USAID FROM THE AMERICAN PEOPLE | CIVIL SOCIETY & MEDIA STAND | The Asia Foundation | FORUM-ASIA

# मधेसका समुदायको सशक्तीकरण : समता र प्रगतिको बाटो



लेखक : प्रियङ्का झा, चन्द्र किशोर झा, डा. इशा घर्ती

सम्पादक : विकाश कोइराला, डा. देवेन्द्र अधिकारी र प्रज्ञा शाह

भाषा अनुवाद: विनय गुरागाई

भाषा सम्पादक : रघुनाथ लामिछाने

साजसज्जा : कमिकारा युवोनो

स्थलगत अध्ययन समूहका सदस्य: विमलकुमार फुयाँल, चन्द्र किशोर झा, जगत देउजा र प्रियङ्का झा

फोटो तथा भिडियो : कुमार थापा

स्थानीय सहयोगी :ओमप्रकाश राम, भवानी घिमिरे, शितेश मण्डल र शिवकुमार पासवान

Copyleft @ Asian Forum for Human Rights and Development (FORUM-ASIA) 2023

The publication is written for the benefit of human rights defenders and civil society organisations and may be quoted from or copied but not modify the contents of the report, so long as the source and authors are acknowledged.

www.forum-asia.org

/FORUMASIA

forum_asia

ForumAsiaVideo

forumasia.humanrights

Sign up to our newsletter here

**Bangkok Office**
S.P.D Building 3rd Floor, 79/2 Krungthonburi Road, Khlong Ton Sai, Khlong San, Bangkok, 10600 Thailand
Tel: +66 (0)2 1082643-45
Fax: +66 (0)2 1082646

**Geneva Office**
Rue de Varembé 1, 2nd floor,
1202 Geneva, Switzerland
Tel: +41 (0)22 740 2947

**Jakarta Office**
c/o KontraS
Jalan Kramat 2 No. 7, Senen
Jakarta Pusat 10420, Indonesia
Tel/Fax: +62 (0)21 391 9006

**Kathmandu Office**
c/o INSEC
Syuchatar, Kalanki ,
Kathmandu, Nepal
Tel: +977 (0)1 521 8770

**Email:** info@forum-asia.org

## हामी कृतज्ञ छौँ

यस तथ्य-खोजी मिसनको जिम्मेवारी लिइ जानकारीमूलक र महत्त्वपूर्ण प्रतिवेदन तयार पार्ने सामुदायिक आत्मनिर्भर केन्द्रप्रति फोरम एशिया अनुग्रहित छ । साथै समयमै तथ्य-खोजी मिसनका लागि सूचना सङ्कलन गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गर्नुहुने प्रमुख अनुसन्धानकर्ता र अनुसन्धान सहयोगीहरूलाई धन्यवाद ज्ञापन गर्छौं । स्थलगत अध्ययनका क्रममा आयोजना भएका छलफल, कुराकानी र अन्तर्वार्तामा यदि सबै सरोकारवालाको उत्साहपूर्ण सहभागिता र सहयोग नभएको भए आज यो प्रतिवेदन यसरूपमा तयार हुने थिएन । नेपालको नागरिक स्वतन्त्रता, मानव अधिकार, मौलिक अधिकार प्राप्तिमा महिला, युवा र सीमान्तकृत समुदायको स्तर सुधारका लागि निरन्तर साथ र सहयोग प्रदान गर्ने अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (युएसएआइडी) र द एशिया फाउन्डेसन धन्यवादका पात्र छन् । साथै यो तथ्य-खोजी मिसनका लागि आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गराउने युएसएआइडी, नागरिक समाज र मिडिया (सिएसएम) प्रति फोरम-एसिया आभारी छ।

FORUM-ASIA

मानव अधिकार तथा विकासका लागि एसियाली मञ्च (फोरम-एसिया) एसियाका २३ मुलुकका ८५ सदस्य सङ्गठन आबद्ध सञ्जाल हो। सन् १९९१ मा गठित फोरम एसियाले शोध, पैरवी, क्षमता अभिवृद्धि विकास र ऐक्यबद्धतामार्फत मानव अधिकार र दिगो विकासका लागि एसिया र बाहिरका विभिन्न आन्दोलन र पहललाई सुदृढ गर्ने काम गर्दै आएको छ।

सङ्घ/संस्था र मानव अधिकार रक्षकहरूको सहकार्य र सहयोगमा विकासको अधिकारलगायत सबैका लागि सबै अधिकारको प्रवर्धन तथा संरक्षणको काम गर्छ। फोरम-एसियाले संयुक्त राष्ट्रसङ्घीय आर्थिक तथा सामाजिक परिषदमा परामर्शदातृ हैसियत (कन्सल्टेटिभ स्टाटस) राख्छ साथै आसियान अन्तरसरकारी मानव अधिकार आयोग (एआइसिएचआर) सँग पनि यसको परामर्शदायी सम्बन्ध छ।फोरम-एसियाको सचिवालय बैंककमा छ भने जेनेभा, जाकर्ता र काठमाडौँमा कार्यालय स्थापना गरेको छ।

## भूमिका

सीमान्तकृत समुदाय र नागरिक समाजको सशक्तीकरणमा सहयोग गर्नु द एशियन फोरम फर ह्युमन राइट एन्ड डिभलपमेन्ट (फोरम-एसिया) को मुख्य लक्ष्य हो । यसका लागि हामी मानव अधिकार सुनिश्चितता, लोकतान्त्रिक आचरण, मूल्य/मान्यताको पालना र नागरिक सहभागिता सुनिश्चितताको पक्षमा वकालत गर्छौँ। यसका साथै नेपालमा हामी विभिन्न दातृ निकाय र स्थानीय साझेदार संस्थाहरूसँग मिलेर महिला, युवा तथा सीमान्तकृत समुदायको क्षमता विकास, विभिन्न सवालमा अध्ययन/अनुसन्धान र नागरिक सहभागिता वृद्धिका लागि काम गर्छौँ। यसरी काम गर्दा हामी हाम्रा लक्षित समुदायले हासिल गरेका उपलब्धिहरू, मानव अधिकार र मौलिक अधिकारको सहज उपभोगका लागि उनीहरूले भोगिरहेका चुनौती पहिचान गरी उपलब्धिको रक्षा र चुनौती समाधानका लागि कार्य गर्छौं ।

परम्परागत र हानिकारक मूल्य/मान्यता, सामाजिक बहिष्करण र अधुरा/अपुरा कानुनी, नीतिगत तथा प्रणालीगत समस्याहरूका कारण नेपालमा महिला, युवा तथा सीमान्तकृत समुदायको जीवनस्तर चुनौतीपूर्ण छ । सामूहिक पहलकदमी, समुदायदेखि नीति निर्माण र कार्यान्वयन तहको सहकार्य र पारदर्शिताको प्राप्तिले महिला, युवा तथा सीमान्तकृत समुदायको जीवनस्तर सुधार भएको छ । नागरिकको सुरक्षा र स्वतन्त्रतासम्बन्धी आधारभूत अधिकारहरूलाई नेपालको संविधानले सुनिश्चित गरेको छ । समुदाय र वर्गवशेषका सवाल र अधिकारहरूलाई संवैधानिक तथा कानुनी व्यवस्थामार्फत संबोधन गरिएको छ । महिला, युवा र अल्पसङ्ख्यक तथा पछाडि पारिएका समुदायको सुरक्षा, जोखिम न्यूनीकरण र मानव अधिका रक्षाका लागि थप कानुन तथा नीतिहरू पनि व्यवस्था गरिएका छन् ।

यस प्रतिवेदनले ती तत्त्वको बिश्लेषण गर्छ जसले उनीहरूको व्यापक हितका लागि अनुकूल वातावरण तयार पार्न महत्त्वपूर्ण योगदान गरेको छ । यो प्रतिवेदनले समानुपातिक र समावेशी समाज निर्माणका लागि सहयोगी दृष्टिकोण पहिचान गर्दा सम्भावित खतरा र प्रगतिमा बाधा पार्ने कारक तत्त्वहरू पनि पहिल्याउनेछ ।

यो प्रतिवेदनले समस्याको कारण र गहिराइ दुवैलाई उचित सम्बोधन गर्न आवश्यक, अनुकूल र लागु गर्न सकिने उपयुक्त कानुन कार्यान्यवनका लागि सिफारिस गरेको छ । यसले सरकार, अन्तर्राष्ट्रिय निकाय, राष्ट्रिय नागरिक समाज संस्थाहरू र निजी क्षेत्रलाई समुदायका आवश्यकता सम्बोधन गर्न गर्नुपर्ने र गर्न सक्ने रणनीतिहरू र कार्यक्रमहरू सिफारिस गरेको छ ।

मेरी आइलिन डिज-बाकल्सो
कार्यकारी निर्देशक
**फोरम एसिया**

**शब्दावली**

| | |
|---|---|
| सिएसओज | नागरिक समाज संस्थाहरू |
| सिइआरडी | सबै प्रकारका जातीय भेदभाव उन्मूलनसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि |
| सिआरसी | बाल अधिकार महासन्धि |
| सिएसआरसी | सामुदायिक आत्मनिर्भर सेवा केन्द्र |
| सिइडिएडब्लु | महिलाविरुद्धका सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी महासन्धि |
| सिडिओ | प्रमुख जिल्ला अधिकारी |
| सिआरपिडी | अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि |
| डिएओ | जिल्ला प्रशासन कार्यालय |
| एफजिडिज | समूहकेन्द्रित छलफलहरू |
| एफएनजे | नेपाल पत्रकार महासङ्घ |
| आइसिसिपिआर | नागरिक र राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध |
| आइसिइएससिआर | आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञा |
| इन्सेक | अनौपचारिक क्षेत्र सेवा केन्द्र |
| केआइआइ | जानकारहरूसँगको अन्तर्वार्ता |
| एनजिओ | गैरसरकारी संस्था |
| ओएचसिएचआर | मानव अधिकारका लागि संयुक्त राष्ट्रसङ्घीय उच्चायुक्तको कार्यालय |
| युडिएचआर | मानव अधिकारको विश्वव्यापी घोषणापत्र |
| डब्लुवाइएम | महिला, युवा र सीमान्तकृत |
| ओरेक | महिला पुनर्स्थापना केन्द्र |

विषयसूची

भूमिका ....................................................................................................................................५

शब्दाबली ....................................................................................................................................६

प्रतिवेदनको सारांश ..........................................................................................................................९

अध्याय १: परिचय ............................................................................................................................ ११

१.१ पृष्ठभूमि ....................................................................................................................................११

१.२ मधेस प्रदेशको परिवेश/पृष्ठभूमि ..........................................................................................................११

अध्याय २ : विधि तथा पद्धति ...............................................................................................................१५

अध्याय ३ : मानव अधिकार  रूपरेखा .........................................................................................................१८

अध्याय ४ : मानव अधिकार, मौलिक स्वतन्त्रता र नागरिक स्थलका चुनौती ........................................................................ २२

४.१ महिला .....................................................................................................................................२२
४.१. १ लैङ्गिक हिंसा र भेदभाव..........................................................................................................२२
४.१.२ शिक्षा, स्वास्थ्य सेवा र आर्थिक अवसरहरूमा असमान पहुँच ...................................................................२३
४.१. ३ निर्णय प्रक्रियामा न्यून प्रतिनिधित्व..........................................................................................................२४
४.२.१ आवाज दमनले सीमित सुशासनमा युवा सहभागिता ..................................................................................... २५
४.२.२ गुणस्तरीय शिक्षा, रोजगारी र व्यक्तिगत विकासमा अवरोधहरू ..........................................................................२६
४.२. ३ शिक्षाको अवस्था...................................................................................................................२६

४.३ सीमान्तकृत समूहहरूको सङ्घर्ष : भेदभावको श्रृङ्खला ................................................................................... २७

४.३.१ जरा गाडेको सीमान्तीकरण र भेदभाव .............................................................................................. २८

४.३.२ अत्यावश्यक सेवा र अवसरहरूमा सीमित पहुँच..................................................................................... २८
४.३.३ अन्तरसम्बन्धित पहिचानका कारण मानव अधिकार  दुरुपयोगको जोखिम ...................................................... २९

अध्याय ५ : मानव अधिकार, मौलिक स्वतन्त्रता र नागरिक स्थलको प्रवर्द्धन ......................................................................... ३१

५.१ महिला .....................................................................................................................................३१
५.१.१ महिला सशक्तीकरण र नेतृत्वको उदाहरणहरू प्रदर्शन गर्दै मानव अधिकारको .........................................................३१
५.१.२ मानव अधिकार पैरवीमा महिलाको भूमिकामा जोड.....................................................................................३१

५. २ युवा .......................................................................................................................................३२

५.२.१ भविष्य सशक्तीकरण : मानव अधिकारका लागि युवा नेतृत्वको पहल....................................३२
५.२.२ सामाजिक न्याय र सकारात्मक परिवर्तनका लागि युवा-सञ्चालित अभियानहरू प्रदर्शन ....................................३२
५.२.३ मानव अधिकार संस्कृतिलाई बढावा दिन अन्तरपुस्ता संवादलाई प्रोत्साहन....................................३३

५.३ सीमान्तकृत समुदाय ....................................३३
५.३.१ अधिकार दाबी गर्दै भविष्यलाई आकार दिने कार्यमा सीमान्तकृत समुदायहरू ....................................३३
५.३.२ सीमान्तकृत समुदायले आफ्नो अधिकार दाबी गर्ने उदाहरणहरू....................................३३
५.३.३ सीमान्तकृत समूह र नागरिक समाज सङ्गठनबीचको सहकार्यमा जोड....................................३३
५.३.४ सांस्कृतिक संरक्षण र मान्यताको महत्त्वलाई जोड दिँदै ....................................३३

अध्याय ६ : नागरिक स्थल र सहभागितामूलक सुशासन ....................................३५

६.१ नागरिक स्थल र सुशासन ....................................३५

६.२ अधिकार प्रवर्द्धन र संरक्षणमा नागरिक समाज संस्थाहरूको भूमिका ....................................३५
६.३ सफल नागरिक संलग्नता, अग्रणी महिला, युवा र सीमान्तकृत समूहहरू ....................................३६

अध्याय ७ : सुझाव तथा सिफारिस....................................३७

७.१ नीतिगत सिफारिसहरू ....................................३७

७.२ महिला, युवा र सीमान्तकृत समुदायलाई सशक्त बनाउन स्थानीय सरकारका लागि सिफारिस रणनीति....................................३७

अध्याय ८ : निष्कर्ष....................................३९

## प्रतिवेदनको सारांश

मधेस प्रदेशमा महिला, बालबालिका र सीमान्तकृत समुदायको मानव अधिकार, मौलिक हक-अधिकार र नागरिक स्थलको सूक्ष्म र गहन अध्ययन गर्नु यो तथ्य-खोजी मिसनको मुख्य लक्ष्य हो । साथै समान र न्यायपूर्ण समाजका लागि ती समूहले भोगेका चुनौती र देखेका अवसरहरू प्रकाश पार्नका लागि पनि यस तथ्य-खोजी मिसनले काम गरेको छ ।

अध्ययनले पत्ता लगाएको मुख्य समस्या वा चुनौतीमध्ये एक हो- मधेस प्रदेशमा महिलाहरू लैङ्गिक हिंसाबाट प्रभावित छन् । महिलाको शिक्षा र स्वास्थ्य सुविधाको पहुँचमाथि प्रतिबन्ध लगाइएको छ । महिलामाथि लिङ्गका आधारमा हुने हिंसा घरभित्र मात्र सीमित नभै बृहत् सामाजिक परिवेशसम्म कायम छ । तथ्य-खोजी मिसनले कुराकानी गरेका सीमान्तकृत समुदायका महिलाले बताएअनुसार असमान व्यवहार तथा अन्य अवरोध र अप्ठ्यारोले उनीहरूको पढाइ, रोजगारी तथा व्यक्तित्व विकासमा ठूलो बाधा पुगेको छ । हिंसाको अनन्त चक्रले समग्र समाजको विकासमा महिलाको भूमिका र योगदान सङ्कुचित गरेको छ ।

त्यसमाथि समाजमा पुत्रमोह अर्थात सन्तान भनेको छोरा नै हुनुपर्ने पूर्वाग्रही धारणा बलियो छ । सीमित स्रोतबाट शिक्षाको अवसर पाउने प्राथमिकतामा छोरीहरू पर्दैनन् । शिक्षा मानव विकासको प्रमुख र शक्तिशाली सूचक भए पनि छोराप्रतिको मोहले मधेसमा महिलाहरूको शिक्षामा पहुँचमाथि विभेद छ । जिम्मेवारीमा भए पनि परिवारमा आफ्ना चासो वा सरोकार व्यक्त गर्न महिलालाई गाह्रो छ । यस किसिमको श्रेणीगत विशेषताले लैङ्गिक समानताको लक्ष्य प्राप्तिमा अवरोध पुगेको छ भने परम्परागत सामाजिक, सांस्कृतिक मूल्य/मान्यता तथा रूढीवादी संरचनाले महिलाहको क्षमता र दक्षतालाई दबाइएको छ ।

यसबाहेक, नागरिकता प्राप्ति महिलाका लागि ठूलो चुनौती हो । प्रचलित कानुनअनुसार महिलाको पहिचान उनको बुबा वा श्रीमानसँग जोडिएको छ, जसले महिलालाई स्वतन्त्र नागरिकको मान्यताबाट वञ्चित गर्छ । लिङ्गमा आधारित संरचनागत दृष्टिकोणले महिलाको स्वायत्ततालाई कमजोर बनाएको छ र नागरिक सहभागिता र मौलिक अधिकारहरूमा उनीहरूको पहुँचलाई प्रतिबन्धित गर्छ । व्यक्तिगत पहिचान प्राप्त गर्न पुरुष समकक्षीको नागरिकताको आवश्यकताले समाजमा महिलालाई कमजोर बनाइराख्न मद्दत पुग्छ ।

यसले गर्दा मधेसको सीमान्तकृत समुदायहरूमा प्रचलित बालविवाहले निरन्तरता पाउँछ । बालविवाह प्रायः प्रचलित सांस्कृतिक प्रथाहरूसँग जोडिएको छ । यसले छोरीहरूको शिक्षाको पहुँचमा बाधा पुर्‍याउँछ र विभिन्नखाले स्वास्थ्य जोखिम पनि बढाउँछ । पुस्तौँदेखि प्रचलित बालविवाहले  विभेद र असमानताको अनन्त चक्रलाई निरन्तरता दिइहेको छ । गहिरोसँग जरा गाडेका लिङ्गमा आधारित यस्ता चुनौती सम्बोधन गर्न सङ्गठित र प्रभावकारी प्रयासहरू आवश्यक हुन्छ ।

पुत्र मोह वा छोरा नै चाहिने सोच वा धारणा परिवर्तनका लागि शिक्षा तथा सचेतीकरण लक्षित अभियानहरू सञ्चालन गर्नुपर्छ जसले समानताको अवसर निर्माण गर्छ । परिवारभित्र लिङ्गका आधारमा छुट्याइने विद्यमान दर्जा वा श्रेणीले महिलालाई बोल्न बन्देज गरेको छ जसलाई भत्काउनुपर्छ । कानुनमा सुधार गरी महिलालाई स्वतन्त्ररूपमा नागरिकता पाउन सके पुरुष सँगसँगै महिला पनि नागरिक गतिविधिहरूमा सामेल हुन सक्छन् । साथै शिक्षा र स्वास्थ्य सेवाको पहुँचले उनीहरूको आत्मविश्वास पनि बढ्नेछ । बालविवाह कम गर्न अथवा रोक्न सामुदायिक सहभागिता, शिक्षा र नीतिगत सुधार जस्ता प्रयासहरू आवश्यक हुन्छ ।

निष्कर्षस्वरूप तथ्य-खोजी मिसन लिङ्गमा आधारित असमानताहरूको सामना र समाधान गर्न रूपान्तरणकारी कार्यहरूको अत्यावश्यकतामा जोड दिन्छ । भेदभावपूर्ण मापदण्डहरू हटाएर, कानुनी सुधार, प्रभावकारी कार्यान्वयन र समावेशी शिक्षा लागु गरेर समतामूलक समाज निर्माण गर्न सकिन्छ जहाँ महिला अधिकार र सम्भावनाहरूलाई पूर्णरूपमा मान्यता दिइन्छ । त्यस्ता प्रयासले असमानताको अनन्त चक्र तोडी मधेस प्रदेशको प्रगति र विकासमा योगदान पुर्‍याउन सक्नेगरी महिलालाई सक्षम बनाउन सक्छ ।

मधेसी युवाका चुनौतीमध्ये रोजगारीका अवसरहरू उपलब्ध नहुनु मुख्य हो । रोजगारका विकल्प नहुँदा युवाहरू विदेशिन बाध्य हुन्छन् भने लागु औषधको कुलतमा फस्छन् । आर्थिक सीमा र अर्थपूर्ण नागरिक सहभागिताका लागि उपयुक्त अवसरको अभावले युवाहरू लक्ष्यबाट विमुख भएका छन् र उनीहरूले सामाजिक गतिविधिमा साथ दिन सक्दैनन् । रोजगारीका विकल्पहरूको सम्भावना नदेख्दा धैरै युवाले बीचैमा पढाइ छाडेका छन् । पढेर पनि रोजगारी नपाइने विश्वासले पनि यसरी पढाइ छाडेर उनीहरू अदक्ष श्रमिकका  रूपमा काम गर्न थाल्छन् वा कामको खोजीमा गाउँ छाड्छन् ।

यस्तो प्रवृत्तिले युवा शक्ति, उनीहरूको सिप र सामर्थ्यको दुरुपयोग मात्र भैरहेको छैन, मानव पुँजी पलायनको जोखिम पनि बढाइरहेको छ । युवाहरू भन्छन्- 'राज्यले उनीहरूको आवश्यकता सम्बोधन गर्नै सकेको छैन ।' युवाहरूमा विद्यमान यस किसिमको सोचले उनीहरू राज्यलाई विश्वास गर्दैनन् । सामाजिक गतिविधि र रचनात्मक कार्यबाट आफूलाई टाढा राख्छन् । उल्टो असामाजिक, अनैतिक र गैरकानुनी कार्य वा अपराधमा मुछिन्छन् । दैनिकरूपमा देश छाडेर विदेशिनेको सूचीमा मधेसका युवा पनि प्रशस्त छन् किनकि यहाँ उनीहरूले पढेर पनि कमाउने र रमाउने आफ्नो भविष्य असुरक्षित देखेका छन् । मूलधारको समाजबाट बहिष्कार हुनुपर्दा उनीहरू कतिपय अवस्थामा लागु पदार्थ सेवन जस्तो समाज विरोधी गतिविधितिर पनि धकेलिन सक्छन् । लागु पदार्थ दुरुपयोगले विद्यमान शासन संरचनाप्रति उनीहरूको वितृष्णा मात्र उजागर गर्दैन, यसबाट रोक्न युवा लक्षित मनोसामाजिक परामर्शसहितका स्वास्थ्य सुविधा उपलब्ध गराउनु जरुरी भैसकेको पुष्टीसमेत छ ।

युवाहरू यस्ता समस्याबाट प्रभावित हुनु भनेको उनीहरूको परिवारमा पनि असर पर्नु हो । युवाहरू विश्वास गर्छन् कि मधेसमा सरकारले नागरिकका आवश्यकताअनुसार सेवा नै दिँदैन । व्यक्तिगत सम्बन्धले मात्र काम हुन्छ ।  सरकार र सार्वजनिक निकायप्रतिको अविश्वास यस्तै कारणले बढ्छ र यसले असमानता र अन्यायलाई बढावा दिन्छन्। यस्तो अवस्थाले पारदर्शी र समावेशी सरकारी संयन्त्रको आवश्यकता औल्याउँछ ।

सार्वजनिक निकाय, प्रणाली, नेता र सकारप्रति जति नै आलोचक भए पनि र उनीहरूलाई विश्वास नगरे पनि मधेसी युवाहरूको दलीय राजनीति मोह भने रोचक छ । कुनै न कुनै दलमार्फत उनीहरू राजनीतिकरूपमा सक्रिय छन् । यसलाई राजनीतिमार्फत समाज परिवर्तनको चाहनाका रूपमा पनि व्याख्या गर्न सकिन्छ । तथापि दलीय विभाजनको असरले युवाहरूको प्रयासलाई टुक्र्याउन सक्छ र उनीहरूका सामूहिक चुनौतीहरू सम्बोधन गर्न आवश्यक एकताबद्ध पहललाई कमजोर बनाउँछ ।

निष्कर्षमा, मधेसी युवाहरूले भोग्ने चुनौती जटिल र बहुआयामिक छन् । बेरोजगारीका कारण पहिचान गर्ने, दक्ष जनशक्तिहरूलाई उनीहरूको सिप र दक्षताअनुसारको रोजगारी अवसर सिर्जना गर्ने, सरकार पारदर्शी हुने र अर्थपूर्ण नागरिक सहभागिताका लागि युवाहरूलाई मञ्च प्रदान गर्ने हो भने आकाङ्क्षा र शक्तिलाई अवसरमा बदल्न सकिन्छ । यसका लागि विभिन्न तहका सरकार, नागरिक समाज/संस्थाहरु, समुदायबीच सहकार्य हुनु आवश्यक छ ताकि युवा सशक्तीकरण र मधेस प्रदेशको विकासमा युवाको सकारात्मक योगदान हुने वातावरण बन्न सकोस् ।

मधेसी दलित समुदाय, त्यसमा पनि विशेषगरी मुसहर, डोम र हल्कोर[1]  जाति आधारभूत मौलिक अधिकार उपयोग गर्नबाट वञ्चित छन् र यस किसिमको प्रणालीगत वञ्चितीकरणले उनीहरू अन्यायको जालोमा फनफनी बेरिएका छन् । यस्ता अन्यायहरू नागरिकता प्रमाणपत्र, जग्गाको स्वामित्व, जन्म दर्ता, शिक्षा र स्वास्थ्य सेवाको पहुँचसम्म फैलिएका छन् । प्रतिकूलताको यस चक्रमा फसेका यी समुदाय प्रणालीगत बहिष्करणसँग जुधिरहेका छन् जसले उनीहरूको सीमान्तीकरणलाई निरन्तरता दिन्छ ।

सहजरूपमा जन्म दर्ता प्रमाणपत्र नपाउनु र शिक्षामा सीमित अवसर हुनाले दलित समुदायका चुनौती थपिँदैछन् । असमानता र विभेदको निरन्तरताले उनीहरूलाई झनझन सीमान्तकृत बनाइरहेको छ । मदिराजन्य समस्याले थप बोझ निम्त्याउँदा सीमान्तकृत दलित समुदायको अवस्था झन् जटिल बन्दै गएको छ । यो समुदायमा मुख्यतया भूमिहीन तथा बाढी र अन्य प्राकृतिक प्रकोपको चपेटामा पर्ने हरुवा/चरुवा समुदाय पनि छन् ।

नागरिकता प्रमाणपत्र र जन्म दर्ताको अभावले यी समुदाय राज्यले दिने सेवा/सुविधा, प्रतिनिधित्व र कानुनी मान्यताबाट विमुख पारिएका छन् । जग्गाको स्वामित्व अभावले आफ्नो जीविकोपार्जन सुरक्षित गर्न र अर्थतन्त्रमा योगदान गर्ने ठाउँबाट उनीहरूको दुर्दशा गहिरो बनाउँछ । गुणस्तरीय शिक्षामा सीमित पहुँचले दलित युवाहरूको व्यक्तिगत तथा सामाजिक योगदानका लागि शैक्षिक सम्भावनाहरूमा बाधा पुऱ्याउँछ । जब प्राकृतिक प्रकोप, जस्तै- बाढी/पहिरोबाट उनीहरू प्रभावित हुन्छन् त्यसबेला उनीहरूलाई आफू सीमान्तकृत भएको कारण असमानता र गरिबीको चक्रमा पूर्णरूपमा फसेको महसुस हुन्छ । मदिरा सेवनसम्बन्धी समस्याको नकारात्मक प्रभावले उनीहरूले सामना गर्ने जोखिम थप गर्छ ।

यस्ता समस्याले आर्थिक अस्थिरता, सामाजिक बहिष्कार र स्वास्थ्य जोखिमलाई निरन्तरता दिन्छ । यस्ता समस्या पृथक छैनन्, उल्टो यिनले चुनौतीहरूको सञ्जाल नै खडा गरेका छन् जुन गहिरोरूपमा अन्तरसम्बन्धित रही हानिको अनन्त चक्र सिर्जना गरिरहेका छन् । यस्ता जटिल चुनौतीहरू समाधानका लागि बृहत् कार्यक्रमहरूको खाँचो तत्काल छ । बच्चाहरूको जन्म दर्ता प्रक्रिया सहज र सबल बनाइयो भने उनीहरूले पाउनुपर्ने सेवा/सुविधामा पहुँच राख्न सक्ने नागरिक हैसियत कानुनीरूपमै पाउँछन् । शिक्षा र स्वास्थ्य सेवामा पहुँच बिस्तारले गरिबीको चक्र तोड्न सक्छ । भेदभावविरुद्धको गतिविधिलाई लक्षित कार्यक्रमहरूसँग जोड्नुपर्छ ताकि दलित समुदायले भोगेका चुनौतीहरूलाई सम्बोधन गर्न सकियोस् । जाँड/रक्सीको कुलतबाट छुटाउन सचेतनामूलक अभियान, मनोपरामर्श सेवा र समुदायमा आधारित सहायता प्रणाली जस्ता बहुआयामिक गतिविधि सञ्चालन गर्नुपर्छ ।

अन्ततः सीमान्तकृत दलित समुदायले भोगिरहेका चुनौती समाधान गर्नका लागि सरकार, नागरिक समाज/संस्थाहरु र अन्तर्राष्ट्रिय विकास साझेदार संस्थाहरुको सामूहिक पहल र प्रतिबद्धता जरुरी हुन्छ । अन्तरनिहित प्रणालीगत असमानतालाई सम्बोधन गरेर, सशक्तीकरणका अवसर उपलब्ध गराएर दलित समुदायलाई जोखिमको चक्रबाट बाहिर ल्याउन र समाजमा सही स्थान हासिल गर्न सक्ने वातावरण बनाउन सकिन्छ । यस्ता गहन प्रयासबाट मात्र मधेस प्रदेश साँच्चिकै न्यायपूर्ण, समावेशी र सबैको प्रदेश बन्न सक्छ ।

[1] ILO Nepal, 'Dalits and Labour in Nepal: Discrimination and Forced Labour', Available at: Pg. -18, Accessed September 19, 2023, https://shorturl.at/hwGZ7

# अध्याय १: परिचय

## १.१ पृष्ठभूमि

समावेशी समाज निर्माणका लागि मौलिक अधिकार र नागरिक स्थल आधारभूत अपरिहार्यता हुन् ।[2] यस्तो समाजमा एकजना व्यक्तिलाई पनि निर्धक्कसँग आफ्नो कुरा राख्न, प्रश्न सोध्न र सामुदायिक हित कार्यमा सहभागी हुने स्वतन्त्रता हुन्छ । संयुक्त राष्ट्रसङ्घीय मानव अधिकार उच्च आयोगका अनुसार नागरिक स्थल भनेको नागरिक समाज संस्थाहरूले निर्धक्कसँग त्यो समाजको राजनीतिक, आर्थिक र सामाजिक जीवनमा आफूलाई सक्षम बनाउने वातावरण हो । तर अहिले संसारका ३ प्रतिशत नागरिक मात्र उनीहरूको मौलिक अधिकार, जस्तै- अभिव्यक्ति स्वतन्त्रता, संस्थाहरु खोल्ने र शान्तिपूर्णरूपमा भेला हुने स्वतन्त्रतालाई सामान्यतया संरक्षित र सम्मानित गरिएका देशमा बसोबास गर्छन् ।[3]

दक्षिण एशिया, जसलाई एकचौथाइ मानवीयताको घर भनिन्छ का नेपाल, भुटान, श्रीलङ्का र माल्दिभ्स यस्ता देशको वर्गमा पर्छन् जहाँ नागरिक स्थलमा अवरोध खडा गरिएको छ र भारत पछिल्लो समयमा बङगलादेश, पाकिस्तान र अफगानिस्तान जस्तै नागरिकको भूमिका खुम्च्याउने र लोकतान्त्रिक आचरणमा कमजोर देशका रूपमा सिभिकस (अन्तर्राष्ट्रिय गैरसरकारी संस्था) को मूल्याङ्कनअनुसार संसारकै दोस्रो कमजोर देशमा चिनिएको छ ।[4]

एशियाको बृहत् परिदृष्यमा नै मानव अधिकार, आधारभूत मौलिक अधिकार र नागरिक अधिकारको अन्तरसम्बन्ध कमजोर र नाजुक सन्तुलनमा अडिएको अवस्थामा नेपालको मधेस प्रदेशमा तथ्य-खोजी मिसन केन्द्रित गरिनुले अझ ठूलो महत्त्व राख्छ । एशियाको सांस्कृतिक सुन्दरताले यहाँको अलौकिक विविधतायुक्त सामाजिक मूल्य/मान्यता, आर्थिक विषमता र राजनीतिक जटिलतालाई समेट्छ जसले मौलिक अधिकार प्राप्ति र अनुभवलाई आकार दिन मुस्किल बनाउँछ ।

यो क्षेत्रको विकासको तीव्र गति समाजमा विद्यमान लैङ्गिक असमानता, युवाहरूको  विकासका लागि सीमित अवसर र सीमान्तकृत समुदायले गर्ने निर्विवाद सङ्घर्ष जस्ता आफ्नै चुनौतीबाट मुक्त छैन । यी चुनौतीले सामूहिकरूपमा मानव अधिकारको रक्षा गर्न र नागरिक स्थल विस्तार गर्नका लागि दबाब सिर्जना गर्छ ताकि सन्तुलित वातावरण फस्टाओस् जहाँ विविधतायुक्त समाज मिलेर बस्न सक्छ ।

नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको धारा १९ (अभिव्यक्ति स्वतन्त्रताको हक) र धारा २१ (स्वतन्त्रपूर्वक भेला हुन पाउने हक) मार्फत नागरिक अधिकारहरू सुनिश्चित गरिएका छन् ।[5]

नेपालले मानव अधिकारको अन्तर्राष्ट्रिय मूल्य/मान्यता पूर्णरूपमा स्वीकार गरेको छ । नेपाल २२ वटा अन्तर्राष्ट्रिय र २ वटा क्षेत्रीय सन्धि, सम्झौताको पक्ष राष्ट्र बनेको छ जसले मानव अधिकारप्रति सरकारको प्रतिबद्धता दर्शाउँछ । नेपाल आइसिसिपिआरमा प्रवेश गरेपछि नेपाल सन्धि ऐनको खण्ड ९ अनुसार यो सम्झौताले कानुनी हैसियत पाउँछ । नेपालको संविधानको प्रस्तावना, भाग ३ र ४ अन्तर्राष्ट्रिय मानव अधिकार मान्यता र सिद्धान्तप्रति नेपालको प्रतिबद्धता स्वीकारिएका प्रमाण हुन् ।[6]

नेपालको संविधानले नेपाली नागरिकलाई धेरै मौलिक अधिकार र स्वतन्त्रता प्रदान गरेको छ । संविधानले महिला र दलितको अधिकारलाई मौलिक अधिकारको मान्यता दिएको छ र उनीहरूको अधिकार सुनिश्चितताका लागि विशेष व्यवस्थासमेत गरेको छ । लामो समयदेखि विद्यमान विभेदको अन्त्य र सामाजिक न्याय र लैङ्गिक समानताका लागि गरिएका यी संवैधानिक व्यवस्था महत्त्वपूर्ण पहल हुन् ।[7]

## १.२ मधेस प्रदेशको परिवेश/पृष्ठभूमि


भौगोलिक क्षेत्रफलको आधारमा सानो भए पनि जनसङ्ख्याका आधारमा मधेस प्रदेश नेपालका ७ मध्ये सब भन्दा ठूलो प्रदेश हो ।  तराईका २२ जिल्लामध्ये ८ जिल्ला सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा र पर्सा यही प्रदेशमा पर्छन् ।[8]

---

[2] The South Asia Collective, 'South Asia State of Minorities Report 2020', Accessed September 19, 2023, https://shorturl.at/frHVX
[3] Ibid.
[4] Ibid.
[5] NHRC Nepal, 'A Study of The Domestication Status of International Covenant on Civil and Political Rights in Nepal', May 2007, https://nhrcnepal.org/uploads/publication/ICCPR_Study_Report.pdf
[6] INSEC, 'International Covenant on Civil and Political Rights (ICCPR), January 2021, https://shorturl.at/cLMU1
[7] Nepal Law Commission, 'The Constitution of Nepal', September 20, 2015, https://shorturl.at/oAEJV
[8] Jha, Hari Bansh., 'The New Name of Madesh Province Surprises Nepal', ORF Online, February 5, 2022, https://shorturl.at/eJQX5

मधेसीहरूबीच पहाड र मधेस नामक दुई राष्ट्रको देश नेपाल हो भन्ने साझा धारणा रहेका कारण कैयौँ राजनीतिक आन्दोलन भएका छन् जुन नेपालको संविधान निर्माणका बेला पनि देखियो ।[9] मधेसी समुदायले आन्दोलनमार्फत पहिचान, समानुपातिक निर्वाचन प्रणाली, समावेशी राज्य र पहिचानसहितको सङ्घीयताका लागि आवाज उठाएका थिए।[10] सङ्घीयतापछि नेपालमा २ चरणमा निर्वाचन हुने गरेको छ ।

यस तथ्य-खोजी मिसनले मानव अधिकार, मौलिक हक अधिकार र नागरिक स्थलको जटिल र बहुआयामिक पक्ष अन्वेषण गर्न व्यापक यात्रा तय गऱ्यो । विभिन्न अभियान र प्रतिपक्षको भूमिकामा नागरिक स्थलले इतिहासदेखि नै नेपालमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ । सन् २००६ मा राजतन्त्र अन्त्यका लागि महत्त्वपूर्ण योगदान गरेको नागरिक स्थल त्यसपछि भने राजनीतिक झुकाव र खण्डीकरणले कमजोर हुन पुग्यो ।[11] नेपाल पत्रकार महासङ्घ धनुषा र रौतहटका अध्यक्षका अनुसार नागरिक समाज अहिले स्वतन्त्र छैन, त्यहाँ राजनीतीकरण भएको छ । उनीहरू भन्छन्- हरेक दलका आफ्नै नागरिक समाज छन् । समाजमा व्याप्त भ्रष्टचारविरुद्ध बोल्ने नागरिक समाज वा पत्रकारहरू अहिले छैनन् ।



नेपालको समग्र आर्थिक गरिबी २५ दशमलब २ प्रतिशत छ । आर्थिक गरिबीमा मधेस प्रदेश तेस्रो [12] र बहुआयामिक गरिबीमा दोस्रो स्थानमा पर्दछ । प्रदेशको आर्थिक गरिबी प्रतिशत २७ दशमलब ७ छ । मधेस प्रदेशका गरिबहरू आधारभूत मानव अधिकार, जस्तै- राजनीतिक सहभागितादेखि ज्ञान, सूचना र सञ्चारको हकबाट वञ्चित पारिएका छन् । महिला गरिबीबाट प्रभावित छन् । पुरुषले झैँ कठिनाइ सहँदासहँदै पनि महिलाहरू शिक्षा, स्वास्थ्य र व्यक्तिगत विकासका अवसरमा असमानता र विभेद जस्ता थप चुनौतीहरू भोग्न बाध्य छन् । गरिबीको चक्रबाट बाहिर निकाल्न मद्दत पुग्ने उत्पादनमूलक सम्पत्ति र अवसरमा महिलाको पहुँच छैन । साथै गरिबीले कमजोर र गरिब महिलाको अधिकार खुम्च्याएको छ भने लैङ्गिक हिंसा बढाएको छ ।[13] तथ्य-खोजी मिसनसँगको समूहकेन्द्रित छलफलमा सबै जिल्लाका सहभागीहरूले मधेसमा दलितले भोग्नुपरेका विभेदहरू प्राथमिकताका साथ बताए ।

प्राय: उनीहरू भूमिहीन छन् । नागरिकता प्रमाणपत्र छैन । यसले गर्दा राज्यले दिने सामाजिक सुरक्षा सुविधाहरूको पहुँचमा उनीहरू अवरोध सामना गर्छन् ।[14] उनीहरू मिटरब्याज प्रणालीबाट पनि पीडित छन् ।[15] त्यसमाथि दलित महिलाको शिक्षामा सीमित पहुँच छ र घरेलु तथा राजनीतिक मामिलामा न्यून प्रभाव छ ।[16]

मधेस प्रदेशमा मानव अधिकार उल्लङ्घनका घटनाहरू उल्लेख्य हुने गरेका छन् । सन् २०२२ मा मात्र मधेस प्रदेशमा मानव अधिकार उल्लङ्घन र दुर्व्यवहारबाट ६ सय ६८ जना पीडित भए । तीमध्ये ४१ पीडित राज्यबाट र अन्य ६ सय २७ अन्यबाट मानव अधिकार हननबाट पीडित थिए ।[17]

| घटनाका प्रकार | राज्यबाट भएका | | | अन्यबाट भएका | | | |
|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | अन्य | जम्मा |
| अपहरण | | | | ११ | २ | | १५ |
| कुटपिट | १ | १ | २ | ९ | ७४ | २ | ८५ |
| बाल अधिकार | | | | १९६ | ४ | | २०० |
| अमानवीय व्यवहार | | १ | १ | | | | |
| घाइते | | ९ | ९ | ४ | १९ | | २३ |
| हत्या | | २ | २ | ४५ | ४३ | | ८८ |
| जातीय विभेद | | | | १ | १ | | |
| भेला हुने स्वतन्त्रता | | २५ | २५ | | | | |

[9] Hachethu, Krishna., ‘A State of Two Nations?’, Oxford Academic, June 2023, https://shorturl.at/oqyEZ
[10] Sedunath Dhakal, An Assessment of the Causes of the Madhesh Movement 2015, https://www.nepjol.info/index.php/kmcrj/article/download/29947/24034/88418
[11] Singh, Ritika., Paudel, Shambhawi., Thapa, Sudeshna., Baniya, Jeevan., ‘Civic Space in Nepal’, The South Asia Collective, Accessed September 19, 2023, https://shorturl.at/mwJOQ
[12] Chaudhary, Randhir., ‘Measuring Poverty in Madesh: What Should be Done?’, Nepal Live Today, January 21, 2022, https://www.nepallivetoday.com/2022/01/21/measuring-poverty-in-madhesh-what-should-be-done/
[13] HURIGHTS OSAKA, ‘Freedom from Poverty: A Fundamental Human Right’, Accessed September 19, 2023, https://shorturl.at/antX7
[14] Dalit Civil Society Organization’s Coalition for UPR, Nepal and International Dalit Solidarity Network, Accessed September 22, 2023, https://idsn.org/wp-content/uploads/2015/11/Nepal-UPR-2015-Dalit-Coalition-and-IDSN-report.pdf
[15] INSEC Online, ‘Parliament Passes Bill Addressing Meter Interest’, July 17, 2023, https://shorturl.at/rDKN6
[16] Dalit Civil Society Organization’s Coalition for UPR, Nepal and International Dalit Solidarity Network, Accessed September 22, 2023, https://idsn.org/wp-content/uploads/2015/11/Nepal-UPR-2015-Dalit-Coalition-and-IDSN-report.pdf
[17] INSEC Online, ‘Six Hundred and Sixty-Eight Victims of Human Rights Violations and Abuses in Madhesh Province’, February 20, 2023, https://shorturl.at/zDPXY

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **धम्की** | | १ | १ | | ४ | | ४ |
| **यातना** | १ | | १ | | | | |
| **महिला अधिकार** | | | | २१० | | | २१० |
| **जम्मा** | २ | ३९ | ४१ | ४७६ | १४९ | २ | ६२७ |

*(स्रोत : मानव अधिकार वर्ष पुस्तक २०२३, इन्सेक)*[18]

विविधताका हिसाबले मधेस अद्वितीय प्रदेश हो। यहाँका समुदाय बहुआयामिक आवश्यकता र जोखिमहरू झेल्न बाध्य छन्। त्यसैले यस्ता समस्या समाधान गर्नका लागि लक्षित पहल आवश्यक छ। समुदायमा महिलाहरू लैङ्गिक हिंसा सहन र विभेदको शिकार हुन बाध्य छन्। साथै उनीहरूलाई स्वास्थ्य तथा शिक्षाको सहज पहुँचमा अवरोध खडा गरिएको छ। सन् २०२२ मा मात्र महिला अधिकार हननका २१० घटना भए जसलाई माथिको तालिकामा देख्न सकिन्छ।

स्थायी रोजगारको सम्भावना नहुनु मधेसी युवाहरूको मुख्य चुनौती हो जसले विदेश पलायन र लागु औषध सेवनप्रति युवालाई घँचेडिरहेको छ। मधेसमा २० दशमलव १ प्रतिशत बेरोजगार दर छ भने अन्य ७ प्रदेश भन्दा ३३.२ प्रतिशत जनसङ्ख्या १५ देखि २४ वर्षका छन् जो बेरोजगार छन्। २५ देखि ३९ वर्षबीचको १८.१ प्रतिशत जनसङ्ख्या बेरोजगार छ भने ४० देखि ५९ उमेर समूहका १४ दशमलव ९ प्रतिशत मानिस बेरोजगार छन्। त्यसैगरी ६० वर्षमाथिका ११.२ प्रतिशत मानिस बेरोजगार छन्।[19]

सर्वेक्षणमा सहभागी युवाहरूले बताएअनुसार लागु औषध र मादक पदार्थ सेवन युवाका समस्या हुन्। सुरुङ्गा नगरपालिका-४ का वडाध्यक्ष देवेन्द्र चौधरी भन्छन्- भारतसँग खुला सिमानाका कारण लागु औषध र मादक पदार्थ सेवनको समस्या बढी छ। तराई क्षेत्रमा लागु पदार्थ तथा मादक पदार्थको तस्करी पनि व्यापक छ। सर्लाहीका एकजना मानव अधिकार रक्षक भन्छन्- युवाहरू व्यापक मात्रामा लागु तथा मादक पदार्थ सेवन गर्छन्। भारतको सीमा शहरमा मादक पदार्थ सेवनमा प्रतिबन्ध लगाइएका कारण पनि नेपालतर्फको सिमानामा धेरै पव तथा रेस्टुरा सञ्चालनमा छन्।

मधेसी अल्पसङ्ख्यक त्यसमा पनि दलित समुदाय, जस्तै- मुसहर, डोम, हल्कोर, मेत्तर समानान्तर अन्यायको जालोमा जेलिएका छन्। उनीहरू नागरिकको मौलिक अधिकार, जस्तै- नागरिकता प्रमाणपत्र, जग्गाको स्वामित्व, जन्म दर्ता, शिक्षा र स्वास्थ्यका अधिकारबाट गम्भीररूपमा वञ्चित छन्। उनीहरू मिटरब्याज पीडित पनि छन्। किसान र मिटरव्याज पीडित गरिबहरूले काठमाडौँमा गरेको आन्दोलनलाई पनि सरकारले बन्द गरायो। उनीहरूले आफूमाथि भएको आर्थिक अपराधको जालोबाट मुक्त गरियोस् भनी न्याय मागेका थिए।[20] नेपालमा दलित र श्रम विभेद र जबर्जस्ती श्रम' सम्बन्धी अन्तर्राष्ट्रिय श्रम सङ्गठनको प्रतिवेदनअनुसार हल्कोर, डोमपछि मुसहर जाति मधेसी दलितहरूमा गरिबीको अन्तिम समूहमा पर्छन्।[21] यो चक्रीय विमुखीकरणले उनीहरूलाई झन् जोखिममा पार्छ र गरिबीको चक्र चलिरहन्छ।

२०७९ फागुन २ गते कान्तिपुर दैनिकमा प्रकाशित एउटा लेखअनुसार मधेस प्रदेशको महादेवा गाउँपालिकामा रहेका मुसहर समुदायका अधिकांश बालबालिका जन्म दर्ता नहुँदा र अभिभावकसँग नागरिकता प्रमाणपत्र नभएका कारण विद्यालय भर्ना हुन सकेनन्। कतिपय बालबालिका गरिबीका कारण विद्यालय जाँदैनन्।[22] शिक्षा र नागरिकताको अभावले समुदायलाई गरिबीको दुष्चक्रमा धकेल्छ। आफूसँग नागरिकताको प्रमाणपत्र नभएका कारण दलित समुदायले सामाजिक सुरक्षा भत्ता जस्ता सरकारी सुविधा पाउन सकेका छैनन। समूहकेन्द्रित छलफलमा सहभागी दलित समुदायका सदस्यहरूले खुलेर बताए कि जन्म दर्ता प्रमाणपत्र नहुँदा बालबालिका विद्यालय भर्ना हुनबाट वञ्चित छन्।

बालबालिकासम्बन्धी राष्ट्रिय नीतिको प्रावधान ८.१ ले विद्यालय भर्नाका लागि अनिवार्य कागजातका रूपमा जन्म दर्ता प्रमाणपत्रलाई उल्लेख गरेको छ। सामाजिक सुरक्षा ऐन २०७५ को दफा ९ अन्तर्गत बालबालिकाको पोषण भत्ताका लागि पनि जन्म दर्ता प्रमाणपत्र पेस गर्न आवश्यक छ। नेपालको संविधानको धारा ४० को उपधारा २ बमोजिम दलित विद्यार्थीलाई प्राथमिक तहदेखि उच्च शिक्षासम्मका लागि छात्रवृत्तिसहितको निःशुल्क शिक्षाको व्यवस्था कानुनबमोजिम हुनेछ। दलितलाई प्राविधिक र व्यावसायिक विषयमा उच्च शिक्षा लिन कानुनमा विशेष व्यवस्था गरिने भनिएको छ। नेपालको संविधानको धारा ४० (३) मा दलित समुदायलाई स्वास्थ्य र सामाजिक सुरक्षा प्रदान गर्न कानुनद्वारा विशेष व्यवस्था गरिने उल्लेख छ। सीमान्तकृत समुदायका लागि यी प्रावधान भए तापनि वयस्कहरूमा नागरिकता र बालबालिकाहरूमा जन्म दर्ता प्रमाणपत्रको अभावका कारण यी सुविधा वा स्रोतहरूमा दलितहरूको पहुँच छैन।

[18] INSEC Online, 'Nepal Human Rights Yearbook 2023', Accessed September 19, 2023, https://www.insec.org.np/wp-content/uploads/2023/02/YB2023_English_Fullbook_F.pdf
[19] Yadav, Mithilesh., 'Madhesh Province: Rich in Resources, Yet Struggling with Poverty', My Republica, July 8, 2023, https://shorturl.at/djklE
[20] Amnesty International, 'Nepal 2022', Accessed September 19, 2023, https://shorturl.at/gFK12
[21] ILO Nepal, 'Dalits and Labour in Nepal: Discrimination and Forced Labour', Accessed September 19, 2023, https://shorturl.at/hwGZ7
[22] Jha, Abdhesh Kumar., 'Musahar Children in Saptari Village are Still Deprived of Education', The Kathmandu Post, March 2, 2023, https://shorturl.at/zTW19

### १.३ तथ्य-खोजी मिसनको मुख्य उद्देश्य

मधेस प्रदेशमा तथ्य-खोजी मिसनका मुख्य उद्देश्य यसप्रकार छन् :

(१) महिला, युवा, सीमान्तकृत समुदाय र नागरिक समाज संस्थाहरु, समुदाय तहका सञ्जालहरू, महिला, युवा र सीमान्तकृत समुदायका लागि काम गर्ने गैरपरम्परागत समूहले सामना गरेका अभिव्यक्ति स्वतन्त्रता, संस्थाहरु खोल्ने स्वतन्त्रता र शान्तिपूर्णरूपमा भेला वा सभा गर्न पाउने मौलिक हक अधिकारको स्वतन्त्रतासँग सम्बन्धित मानव अधिकार उल्लङ्घन र दुर्व्यवहारहरू पत्ता लगाउनु।

(२) महिला, युवा र सीमान्तकृत समुदायको मानव अधिकार र मौलिक स्वतन्त्रता रक्षाका लागि अवसर, परम्परागत र स्वदेशी ज्ञान, विशेषज्ञता, नागरिक समाज संस्थाहरुको सिप, स्थानीय सञ्जाल र गैरपरम्परागत समूहहरू पहिचान गर्नु।

## अध्याय २ : विधि तथा पद्धति

यो अध्यायले यस गुणात्मक अध्ययनमा आधारित अनुसन्धान पद्धतिको विस्तृत सिंहावलोकन प्रदान गर्छ, जसको लक्ष्य मधेस प्रदेशका सप्तरी, धनुषा, सर्लाही र रौतहट जिल्लाका महिला, युवा र सीमान्तकृत समुदायका लागि मौलिक स्वतन्त्रता, नागरिक स्थल र अधिकारको स्थिति र अवसरहरूको अवस्था पत्ता लगाउनु रहेको छ। यस अध्यायले अध्ययनमा छानिएका गुणात्मक अनुसन्धान पद्धति, तथ्याङ्क सङ्कलन विधिहरू र औचित्य प्रष्ट पार्छ। यसबाहेक अध्ययन क्षेत्र, अनुसन्धानका सहभागीहरू, अनुसन्धानका लागि आवश्यक नैतिक आचरण, अनुसन्धानका सीमाहरू र तथ्याङ्क विश्लेषण प्रक्रियाबारे प्रकाश पार्छ। यस अध्यायले मधेस प्रदेशका महिला, युवा र सीमान्तकृत समूहहरूले सामना गरेका अनुभव र चुनौतीबारे विस्तृतमा बुझ्न समूहकेन्द्रित छलफल, जानकारहरूसँगको अन्तर्वार्ता, घटना तथा कथाहरू अध्ययन पद्धतिको रूपरेखा प्रष्ट पार्छ। यो अनुसन्धान जुन २०२३ देखि अगस्ट २०२३ को बीचमा गरिएको थियो।

### २.१ दृष्टिकोण

मधेस प्रदेशमा लक्षित समूहहरूको मौलिक स्वतन्त्रता, नागरिक स्थल र अधिकारका बहुआयामिक पक्षहरूमा गहिरो खोजी गर्ने लक्ष्य राखेर गुणात्मक दृष्टिकोणबाट यो अध्ययन गरिएको छ। अनुसन्धान स्थलमा समुदायका सामाजिक-सांस्कृतिक सन्दर्भहरू, महिला, युवा र सीमान्तकृत समुदायका सूक्ष्म अनुभवहरू, सफलताहरू, चुनौतीहरू र आकाङ्क्षाहरू सङ्कलन गर्नका लागि गुणात्मक अध्ययन विधि उपयुक्त हुन्छ। यस दृष्टिकोणले यी समुदायको विद्यमान वास्तविकताहरूको समग्र र व्यापक बुझाइलाई सहज बनाउँछ र तिनीहरूले सामना गर्ने प्रणालीगत अवरोधहरूमा प्रकाश पार्छ।

अनुसन्धान टोली अनुसन्धान स्थलमा स्थानीय भाषा बोल्ने र महिला, युवा र सीमान्तकृत समुदायबारे राम्रो ज्ञान भएको र सम्बन्ध भएका, अनुसन्धान पृष्ठभूमि भएका स्थानीय गणकहरूमार्फत उत्तरदाताहरूसम्म पुग्यो। अनुसन्धान टोलीले स्थानीय भाषा प्रयोग गरेर लक्षित समूह छलफल र जानकारहरूसँगको अन्तर्वार्ताहरू सञ्चालन गऱ्यो। यसो गर्दा उत्तरदातालाई आफ्ना अनुभव तथा ज्ञान बताउन र बताएका कुराहरू लिपिबद्ध गर्न सहयोगी वातावरण सिर्जना भयो। यसले सहभागीहरूलाई सान्दर्भिक विषयवस्तुमा उनीहरूको बुझाइ बढाउनसमेत अवसर दियो। अनुसन्धानमा समेटिएका प्रत्येक जिल्लाबाट महिला, युवा र सीमान्तकृत समुदायबाट ४ जना गणक छनोट गरिएको थियो। यो अनुसन्धानमा उनीहरू स्वेच्छिकरूपमा भाग लिन सक्छन् र समूहकेन्द्रित छलफल तथा जानकारहरूसँगको अन्तर्वार्ता भैरहेका बेला कुनै पनि समयमा भाग नलिने अधिकार उनीहरूसँग छ भनेर पनि सबै सहभागीलाई भनियो र ढुक्क बनाइयो।

### २.२ तथ्य सङ्कलन विधि र विश्लेषण

समूहकेन्द्रित छलफल, जानकारहरूसँगको अन्तर्वार्ता, घटना तथा कथाहरू अध्ययन विधिबाट यो अनुसन्धानका लागि तथ्याङ्क सङ्कलन गरियो। यी विभिन्न विधि प्रयोग गरी अनुसन्धान गर्दा विषयवस्तुको गहिराइसम्म पुगेर प्रश्न सोध्न सकिन्छ र विषयको पूर्ण विश्लेषण गर्न सकिन्छ।

अनुसन्धान टोलीले उद्देश्यमूलक नमुनामार्फत सहभागी र अनुसन्धान स्थान चयन गरेको थियो। तथ्याङ्क सङ्कलनका मुख्य स्रोतहरू लक्षित समूह छलफल, जानकारहरूसँगको अन्तर्वार्ता, घटना तथा कथाहरू अध्ययन र अवलोकनहरू थिए जसलाई तलको खण्डमा विस्तृतरूपमा उल्लेख गरिएको छ। तथ्य सङ्कलनका लागि प्रयोग गरिएका उपकरणहरूमा समूहकेन्द्रित छलफलका लागि खुला प्रश्नहरू, जानकारहरूसँगको अन्तर्वार्ताका लागि संरचित प्रश्नहरू र घटना तथा कथा अध्ययनका लागि कागजातहरू सङ्कलन गरिएका थियो।

तथ्याङ्कको प्रमाणीकरण गर्न अनुसन्धान टोलीले मधेस प्रदेशमा भएका विभिन्न कार्यक्रममा भाग लिने प्रमुख सूचनादाता र अन्य महिला, युवा तथा सीमान्तकृत समुदायसँग दोहोरो जाँच गरेको थियो। यसबाहेक अनुसन्धान टोलीले समूहकेन्द्रित छलफल, जानकारहरूसँगको अन्तर्वार्ता, घटना तथा कथाहरू अध्ययन गर्दा उत्तरदाताको जानकारी/चिनारी गोप्य राख्यो। सङ्कलित तथ्याङ्कलाई माइक्रोसफ्ट वर्ड प्रयोग गरेर अङ्ग्रेजीमा अनुवाद गरियो र प्रत्येक फाइल र फोल्डरलाई सुरक्षित गर्न पासवर्ड राखी सुरक्षित गरिएको थियो। अनुसन्धानपछिको चरणमा सङ्कलित तथ्याङ्कको भौतिक तथा भर्चुअल (हार्ड एन्ड सफ्ट कपी) दुवै कागजात र प्रतिलिपि अनुसन्धानमा संलग्न संस्थाभित्रका सम्बन्धित अधिकारीहरूको पहुँचमा मात्र हुने गरिएको छ।

### २.३ समूहकेन्द्रित छलफल

यस अनुसन्धानमा समूहकेन्द्रित छलफल तथ्याङ्क सङ्कलन मुख्य विधि रह्यो जसले सहभागीलाई उनीहरूको अनुभव, चुनौती र आकाङ्क्षा बताउन खुला छलफलमा संलग्न हुन अवसर प्रदान गऱ्यो। महिला, युवा र सीमान्तकृत समुदायहरू, जस्तै- हरुवा/चरुवा, बाढीपीडित, धार्मिक र भाषिक अल्पसङ्ख्यकहरू, इँटा-भट्टा मजदूरहरू र आर्थिकरूपमा विपन्न व्यक्तिहरू जस्ता विभिन्न समूहको प्रतिनिधित्व गर्ने सहभागीहरूसँग समूहकेन्द्रित छलफलहरू सञ्चालन गरिएको थियो।

महिला, युवा र सीमान्तकृत समुदायहरू संलग्न गरी ४ जिल्लाका अनुसन्धान स्थलहरूमा जम्मा २४ वटा समूहकेन्द्रित छलफल गरियो जसमा ३२९ जना सहभागी भएका थिए। अनुसन्धान उद्देश्यहरू प्राप्तिमा मद्दत गर्न बहुमूल्य ज्ञान प्रयोग गर्दै, विषयवस्तुबारे उनीहरूको आफ्नै बुझाइलाई समृद्ध बनाउँदै सहभागीहरूले आफ्नो व्यक्तिगत अनुभव खुलारूपमा बताए।

## २.४ जानकारहरूसँगको अन्तर्वार्ता

जानकारहरूसँगको अन्तर्वार्ताले नीति निर्माण, शासन र वकालतमा संलग्न प्रमुख सरोकारवालाहरूबाट दृष्टिकोण सङ्कलन गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गर्छ। प्रदेशस्तरमा शिक्षा तथा समाज कल्याण मन्त्रालय, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, गृह मन्त्रालय, सञ्चार तथा कानुन मन्त्रालय, राष्ट्रिय मानव अधिकार आयोगको कार्यालयलगायत मन्त्रालय र संस्थाहरुका प्रतिनिधिसहित ६ वटा जानकारहरूसँगको अन्तर्वार्ता सञ्चालन भएको थियो । मुख्य न्यायाधिवक्ता तथा नीति तथा योजना आयोग मधेस प्रदेशका पूर्वउपाध्यक्ष, जिल्ला र स्थानीय तहमा जिल्ला प्रशासन कार्यालयका पदाधिकारी, नेपाल पत्रकार महासङ्घका सदस्य, बार एसोसिएसनका प्रतिनिधि, गैरसरकारी संस्था महासङ्घका सदस्यलगायतको सहभागितामा २४ वटा जानकारहरूसँगको अन्तर्वार्ता सञ्चालन गरिएको थियो । यी मुख्य अन्तर्वार्ताले नीति र कार्यक्रमहरूको कार्यान्वयन स्थिति र स्थानीय तहमा भएका सुधारका क्षेत्रहरू जान्न बहुमूल्य दृष्टिकोण प्रदान गरेका थिए। समग्रमा सङ्घ, प्रदेश, जिल्ला र स्थानीय तहमा गरी जम्मा ३० वटा जानकारहरूसँगको अन्तर्वार्ता सञ्चालन गरिएको थियो।

## २.५ घटना अध्ययन

अनुसन्धान टोलीले समूहकेन्द्रित छलफल र जानकारहरूसँगकोअन्तर्वार्तामार्फत सङ्कलन गरिएका तथ्याङ्क/सूचनालाई पूरक बनाउन घटनाहरू पहिचान र अध्ययन गऱ्यो। यी घटना तथा कथा प्रत्येक जिल्लामा प्रत्येक पहिचान गरिएका समूहहरू (महिला, युवा, सीमान्तकृत समुदाय) बाट छनोट गरिएको थियो। प्रत्येक घटना विवरण वा कथा विस्तृत हुन्छ, विशिष्ट वास्तविक जीवन कथाहरूलाई प्रकाश पार्छ र जसले परिणामको निष्कर्ष निकाल्न, लागु गरिएका विभिन्न कार्यक्रम अध्ययन गर्न र समूहकेन्द्रित छलफल तथा जानकारहरूसँगको अन्तर्वार्तामा उत्तरदाताहरूले दाबी गरेका परिणामहरूको प्रमाणीकरण गर्न मद्दत गर्छ। यस मिसनले नेपालका ४ जिल्लामा जम्मा १२ वटा घटना अध्ययन गरेको थियो।

## २.६ अध्ययन क्षेत्र

अनुसन्धान अभावको खाडल सम्बोधन गर्नका लागि यो अध्ययन मधेस प्रदेशमा केन्द्रित छ। यसले सप्तरी, धनुषा, सर्लाही र रौतहट गरी ४ जिल्लालाई विशेष जोड दिएको छ। यी जिल्लामा मधेस प्रदेशका अन्य जिल्लाको तुलनामा महिला, युवा र सीमान्तकृत समुदायमा मानव विकास सूचकाङ्क एकदमै कमजोर छ र यी समूहको मानव अधिकार अवस्था उल्लेखनीयरूपमा खराब छ। यसबाहेक, हामीले प्रदेशभित्रको सामाजिक-सांस्कृतिक गतिशीलताको व्यापक प्रतिनिधित्व सुनिश्चित गर्ने लक्ष्य राख्दै यी जिल्लालाई तिनीहरूको जनसाङ्ख्कीय विविधताका लागि पनि छनोट गर्यौं। साथसाथै मिसनका क्रममा महत्त्वपूर्ण जानकारी सङ्कलन गर्ने र तथ्य-खोज मिसन पछिको चरणमा वकालत प्रयासहरूलाई सहज बनाउने दोहोरो उद्देश्यका साथ हामीले रणनीतिकरूपमा प्रादेशिक राजधानी रहेको जिल्ला छनोट गऱ्यौं।

## २.७ सहभागी

अनुसन्धान टोलीलाई विशेषगरी सहभागीहरू पहिचान र संलग्न गराउने जिम्मेवारी दिइएको थियो जसले अनुसन्धानको खाडल पूर्ति गर्न सहयोग पुग्नेगरी प्रमाणिकरूपमा आफ्नो वास्तविक जीवनका अनुभव बताउन सक्छन्। फलस्वरूप अनुसन्धान उद्देश्यहरूसँग मेल खाने गरी महिला, युवा र सीमान्तकृत समुदायलाई असर गर्ने मुद्दाहरू सम्बन्धमा उनीहरूका प्रत्यक्ष र अप्रत्यक्ष अनुभव र ज्ञानका आधारमा सहभागी छानिए। सहभागीलाई उमेर, लिङ्ग र पेसा जस्ता सूचकहरूसहित समावेशी मापदण्डका आधारमा छनोट गरियो। साथै जनसाङ्ख्कीयय विशेषताहरू, जस्तै- जातीय, सामाजिक-आर्थिक स्थिति र शिक्षालाई पनि सहभागी चयन प्रक्रियामा ध्यान पुऱ्याइयो। जानकारहरूसँगको अन्तर्वार्ताका लागि सहभागी छनोट गर्दा हामीले घटनाको विस्तृत बुझाइ सुनिश्चित गर्न विषयवस्तुमा विशेषज्ञतालाई प्राथमिकता दियौं।

मधेस प्रदेशमा अन्नबाली थन्क्याउने (फसल काट्ने) व्यस्त मौसममा अनुसन्धान गरिएको हुनाले सहभागीहरूको सहज उपलब्धतालाई समन्वय गर्ने काम चुनौतीपूर्ण थियो। त्यसकारण हामीले सहभागीहरू छनोट गर्दा पहुँच र उपलब्धतालाई ध्यान दियौं। यस अध्यययनले सहभागीहरूको विविध दायरा समावेश गरेर यस विश्लेषणमा उनीहरूको आवाज र दृष्टिकोण समावेशिताका आधारमा सुनिश्चित गर्ने लक्ष्य राखेको छ।

## २.८ अनुसन्धानको आचारसंहिता

अनुसन्धान टोली अनुसन्धान योजना र तथ्याङ्क सङ्कलनमा नैतिक आचरणको अत्यावश्यक महत्त्व हुनेबारेमा पूर्णरूपमा सचेत थियो। फलस्वरूप टोली नैतिक र जिम्मेवार ढङ्गले अनुसन्धान सञ्चालन गर्न प्रतिबद्ध थियो। नैतिक आचरण सुनिश्चित गर्न, अनुसन्धान टोलीले सूचित सहमति प्राप्त गर्ने, गोपनीयता कायम राख्ने, सहभागीहरूको अधिकारको सम्मान गर्ने र अनुसन्धान प्रक्रियाभरि सम्भावित जोखिमहरूको मूल्याङ्कन गर्नेसहित विशेष मापदण्डहरूको कडाइका साथ पालना गऱ्यो। सहभागीहरूलाई अध्ययनको उद्देश्य, उनीहरूको संलग्नताको हद र कुनै पनि प्रतिकूल परिणामहरूको सामना नगरी समूहकेन्द्रित छलफल र जानकारहरूसँगको अन्तर्वार्ताको समयमा कुनै पनि चरणमा सहभागिता फिर्ता लिन सक्ने उनीहरूको अधिकारबारे राम्ररी सूचित गरिएको थियो।

समूहकेन्द्रित छलफलका समयमा शोधकर्ताहरूले सहभागीहरूबाट मौखिक सहमति प्राप्त गरे जबकि जानकारहरूसँगको अन्तर्वार्ताका लागि लिखित सहमतिहरू सङ्कलन गरियो। सहभागीहरूको व्यक्तिगत जानकारीको सुरक्षा गर्न, गोपनीयता कायम राख्न उनीहरूका सबै जानकारी गोप्य राखिएको थियो। सहभागीहरू, विशेषगरी महिला, युवा र सीमान्तकृत समूहहरूको अधिकारको सम्मान गर्नु यस अनुसन्धानको आधारभूत नैतिक जिम्मेवारी थियो। हामी सूचित सहमति र यसका प्रक्रियाहरूलाई जोड दिएर सहभागीहरूको भलाइ र मर्यादा कायम राख्न समर्पित थियौं। यौनिक अल्पसङ्ख्यक (एलजिबिटिआइक्यु प्लस) समुदाय, अपाङ्गता भएका महिला, दलित, भूमिहीन र

आर्थिकरूपमा विपन्नहरूलगायत यी समूहमा रहेका कमजोर सहभागीहरूलाई विशेष ध्यान दिइयो । विभिन्न नैतिक दृष्टिकोण समावेश गर्दै र स्थापित मापदण्डहरूको पालनाले अनुसन्धान निष्कर्षहरूको वैधता र विश्वसनीयता सुनिश्चित गऱ्यो ।

### २.९ सीमा

मधेसका महिला, युवा र सीमान्तकृत समूहहरूमा भएको गुणात्मक अनुसन्धानले उनीहरूका अनुभव, व्यवहार र घटनाहरूको जटिलता र गहिराइमा बहुमूल्य अन्तर्दृष्टि प्रदान गर्छ । तथापि यो अनुसन्धानका केही आफ्नै सीमा छन् जुन हामी स्वीकार गर्छौं र तिनलाई यहाँ प्रकाश पार्न चाहन्छौँ । अनुसन्धानका लागि लिइएको नमुना सङ्कलन नै सीमित र पूर्वाग्रही हुन सक्छ जसले ठूलो जनसङ्ख्यामा अनुसन्धानको निष्कर्षलाई सामान्यीकरण गर्न सकिँदैन । साथै सहभागीका विविध पाटो समेट्ने प्रयास गर्ने क्रममा यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक जस्ता केहीको आवाज कम समेटिएको हुन सक्छ । यसबाहेक विषयवस्तुको कारणले यसको व्याख्यामा सीमितता हुन सक्छ । यदि फरक फरक अन्वेषकहरूले एउटै स्थानमा एउटै अनुसन्धानलाई फरक समयमा सञ्चालन गर्ने हो भने सहभागीहरूले एउटै तथ्यलाई फरक तरिकाले व्याख्या गर्न सक्छन् । यसले सम्भावित निष्कर्षहरूमा असहमतिको परिणाम निस्कन सक्छ । अन्तर्निहित सीमितताहरूका बाबजुद, अध्ययनले मधेस प्रदेशमा महिला, युवा र सीमान्तकृत समुदायको मौलिक स्वतन्त्रता, अधिकार र नागरिक स्थलको सवालमा बहुमूल्य दृष्टिकोणहरू निर्माणमा योगदान गर्न सक्छ ।

# अध्याय ३ : मानव अधिकार रूपरेखा

यस अध्यायले नागरिक, राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरू समेट्ने बहुआयामिक प्रकृतिलाई प्रकाश पार्दै विश्वव्यापीरूपमा मान्यता प्राप्त मानव अधिकारहरूको विस्तृत सिंहावलोकन गर्छ । साथै यो अध्यायले नेपालले अनुमोदन गरेको अन्तर्राष्ट्रिय सन्धि, सम्झौता र महिला, युवा र सीमान्तकृत समूहहरूको आवश्यकता र अधिकारहरूलाई सम्बोधन गर्न लैङ्गिक-उत्तरदायी र समावेशी मानव अधिकार दृष्टिकोण र महत्त्वको अन्वेषण गर्छ । यस अध्यायमा नेपालमा कमजोर समूहहरूको अधिकारको रक्षा र सशक्तीकरणलाई सहजीकरण गर्ने संवैधानिक प्रावधानहरू पनि समावेश छन् । यसले महिला, युवा र दलितहरूलाई भेदभाव र हिंसाविरुद्धको संरक्षणमा जोड दिँदै समान अधिकार र अवसरहरू प्रदान गर्ने प्रावधानहरूलाई प्रकाश पार्छ । यी प्रावधानको विस्तृत बिश्लेषणको माध्यमबाट हामी सबै नागरिकको मर्यादा र अधिकारको संरक्षण गर्ने समावेशी समाज निर्माण गर्ने नेपालको प्रतिबद्धतालाई जोड दिन्छौँ । यस सिलसिलामा हामीले विद्यमान विभिन्न ऐन र नियम पनि अध्ययन गरेका छौँ।

### ३.१ विश्वव्यापीरूपमा मान्यता प्राप्त मानव अधिकार

विश्वव्यापीरूपमा मान्यता प्राप्त मानव अधिकारहरू मौलिक अधिकारहरू हुन् र राष्ट्रियता, जाति, धर्म, लिङ्ग वा अन्य कुनै पनि विशेषताहरूको पर्वाह नगरी यस्ता स्वतन्त्रताहरू हरेक व्यक्तिमा निहित भएको मानिन्छ । संसारको हरेक कुनामा बसोबास गर्ने व्यक्तिमा लागु हुने यी अधिकार विश्वव्यापी मानिन्छन् र व्यक्तिको नागरिकता वा अन्य कुनै कारकमा निर्भर हुँदैनन् । विश्वव्यापी अधिकारहरू सामान्यतया २ प्राथमिक वर्गमा विभाजित हुन्छन्- नागरिक र राजनीतिक अधिकार र आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार । यी अधिकारलाई मानव अधिकारको विश्वव्यापी घोषणापत्र, अन्तर्राष्ट्रिय सम्झौता र आन्तरिक सन्धि/सम्झौतामार्फत औपचारिकता दिइन्छ।

सबै भन्दा आम र विश्वव्यापीरूपमा मान्यता प्राप्त मानव अधिकारमध्ये केही नागरिक र राजनीतिक अधिकार पर्छन् । जस्तै यसभित्र जीवन बाँच्न पाउने अधिकार, स्वतन्त्रता र व्यक्तिको सुरक्षा, यातना र मनोमानी नजरबन्दबाट स्वतन्त्रता, अभिव्यक्ति स्वतन्त्रता, सङ्घ र सभा/सम्मेलन गर्न पाउने हक र सरकारी र राजनीतिक मामिलाहरूमा भाग लिने अधिकार पर्छन् । त्यसैगरी आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारले शिक्षा, स्वास्थ्य, आवास, पेसा/रोजगार र सामाजिक सुरक्षालाई समेट्छ । यी अधिकारले आर्थिक विकास र मानव प्रतिष्ठाबीचको अन्तरसम्बन्धको रूपरेखा कोर्छ, न्याय, अवसर र स्रोतहरूमा समान पहुँच प्रवर्द्धन गर्छ ।

### ३.२ अन्तर्राष्ट्रिय संयन्त्रहरू र रूपरेखा

नेपालले तल उल्लिखितसहित अन्य विभिन्न अन्तर्राष्ट्रिय संयन्त्रहरूमा हस्ताक्षर गरी मानव अधिकारको संरक्षणमा आफ्नो प्रतिबद्धता देखाएको छ :

| क्र. सं. | सन्धि र सम्झौता | अनुमोदित मिति |
|---|---|---|
| १ | सबै प्रकारका जातीय भेदभाव उन्मूल सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि | जनवरी ३०, १९७१ |
| २ | बाल अधिकार महासन्धि | सेप्टेम्बर १४, १९९० |
| ३ | महिलाविरुद्धका सबै भेदभाव उन्मूलनसम्बन्धी महासन्धि | अप्रिल २२, १९९१ |
| ४ | नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र | मे १४, १९९१ |
| ५ | आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी प्रतिज्ञापत्र | मे १४, १९९१ |
| ६ | अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी महासन्धि | मे ७, २०१० |
| ७ | अपाङगता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धिको ऐच्छिक प्रोटोकल | मे ७, २०१० |

नेपालले माथि उल्लिखित अन्तर्राष्ट्रिय मानव अधिकार सन्धि, सम्झौता र महासन्धिहरूलाई अनुमोदन गरेको छ । यो यस्तो कार्य हो जसले अन्तर्राष्ट्रिय मानव अधिकार मापदण्डहरू कायम राख्ने आफ्नो प्रतिबद्धता दर्शाउँछ । यी अन्तर्राष्ट्रिय प्रावधानहरूको अनुमोदनले अन्तर्राष्ट्रिय समुदायको जिम्मेवार र सम्मानित सदस्यका रूपमा विश्वव्यापी मञ्चमा नेपालको प्रतिष्ठा बढाउँछ । मानव अधिकार सन्धिहरू अनुमोदन गर्नु पहिलो मुख्य चरण मात्र हो भनी यहाँ उल्लेख गर्नु जरुरी छ । यसको कार्यान्वयन, अनुगमन र प्रगतिको लेखाजोखा गर्नु उत्तिकै महत्त्वपूर्ण छ । नेपाल सरकारले यी सन्धि तथा महासन्धिहरूमा उल्लिखित अधिकारहरू आफ्ना सबै नागरिक, विशेषगरी

महिला, युवा र सीमान्तकृतहरूका लागि सम्मान, संरक्षण र प्राप्ति हुने गरी सुनिश्चितता गर्न ठोस कदम चाल्नुपर्छ। नेपालको संविधानमा अन्तर्राष्ट्रिय मानव अधिकारका अधिकांश प्रावधान पहिले नै समेटिइसकेका छन्।

नेपालको संविधान राष्ट्रको शासन संरचनालाई मात्र नभई सबै नागरिकका लागि मौलिक अधिकारको संरक्षण र प्रवर्द्धन सुनिश्चित गर्ने ऐतिहासिक दस्तावेजका रूपमा स्थापित छ। संविधानले महिला, बालबालिका र दलितका अधिकारलाई मौलिक अधिकारका रूपमा स्पष्ट मान्यता दिएको छ जसले ऐतिहासिक असमानताहरूलाई सम्बोधन गर्ने र समावेशिता प्रवर्द्धन गर्ने राष्ट्रको प्रतिबद्धता झल्काउँछ। अध्ययनको यस खण्डमा संवैधानिक मान्यता र यी कमजोर समूहहरूको अधिकारको रक्षा गर्ने प्रावधान समावेश छन् ।

### क) महिलाका अधिकार

नेपालको संविधानको धारा ३८ (१) र (२) ले महिला अधिकारको महत्त्वलाई मौलिक हकका रूपमा स्पष्ट स्वीकार गरेको छ । यी अधिकारलाई संवैधानिक प्रावधानहरूमा समावेश गरेर नेपालले लैङ्गिक भेदभाव उन्मूलन गर्ने, लैङ्गिक समानता र सामाजिक समावेशीकरण प्रवर्द्धन गर्ने सवालमा आफ्नो दृढ सङ्कल्प झल्काएको छ।

#### क १ : वंशको समान अधिकार

नेपालको संविधानको धारा ३८ (१) मा प्रत्येक महिलालाई लैङ्गिक भेदभावबिना समान वंशीय हक हुनेछ भनिएको छ। महिलालाई प्रदान गरिएको मौलिक अधिकारमध्ये कुनै पनि लैङ्गिक भेदभावबिना वंशको समान अधिकार हो। यो प्रावधानले वंशीय विरासतको मामिलामा प्रायः पुरुष उत्तराधिकारीहरूलाई समर्थन गर्ने लामो समयदेखिको पितृसत्तात्मक मान्यताहरूलाई चुनौती दिन्छ। वंशीय मामिलामा महिलाहरूलाई समान अधिकार प्रदान गर्दै, संविधानले ऐतिहासिक असमानताहरूलाई सुधार गर्ने र अझ न्यायपूर्ण र समतामूलक समाज प्रवर्द्धन गर्ने लक्ष्य राखेको छ।

#### क २ : सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्यको अधिकार

नेपालको संविधानको धारा ३८ (२) मा प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्यको हक हुनेछ भनिएको छ। सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्यको अधिकारको संवैधानिक मान्यताले राष्ट्रको स्वास्थ्य र कल्याणका लागि महिलाले खेल्ने महत्त्वपूर्ण भूमिकालाई जोड दिन्छ। यो प्रावधानले गर्भावस्था, सुत्केरी र प्रसवपछिको अवधिमा उचित स्वास्थ्य सेवामा पहुँच स्थापित गर्ने महिलाको अधिकारलाई जोड दिन्छ जसले मातृ मृत्यु दर घटाउन तथा महिला र उनीहरूका बच्चा दुवैको विकास सुनिश्चित गर्न योगदान पुर्‍याउँछ।

#### क ३ : हिंसा र भेदभावविरुद्ध संरक्षण

संविधानको धारा ३८ को उपधारा ३ मा भनिएको छ- 'कुनै पनि महिलालाई धर्म, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनिक, मनोवैज्ञानिक वा अन्य किसिमको हिंसा वा शोषण गरिने छैन। यस्तो कार्य कानुनबमोजिम दण्डनीय हुनेछ र पीडितलाई कानुनबमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ।' महिला अधिकारको सबै भन्दा महत्त्वपूर्ण प्रावधानमध्येको एक हो- कुनै पनि प्रकारको शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा महिलाविरुद्ध कुनै हिंसा नगर्नु। यसमा धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा वा अन्य कुनै अभ्यासबाट उत्पन्न हुने हिंसा समावेश छ। त्यस्ता कार्य कानुनद्वारा दण्डनीय मानिन्छन् र पीडितहरू क्षतिपूर्तिको हकदार हुन्छन्। यस संवैधानिक प्रावधानको उद्देश्य लैङ्गिक हिंसा र भेदभाव रोक्नका लागि हो जसले महिला अधिकारको रक्षा गर्न कानुनी रूपरेखा प्रत्याभूत गर्छ।

#### क ४ : सहभागिता र प्रतिनिधित्व

संविधानको धारा ३८ (४) ले महिलालाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यका सबै निकायमा सहभागी हुने हक प्रत्याभूत गरेको छ । नेपालको संविधानले राज्यका सबै संरचना र निकायमा महिला सहभागिताको महत्त्वलाई मान्यता दिएको छ । यो मान्यता समानुपातिक समावेशी सिद्धान्तमा आधारित छ। यसले महिलालाई निर्णय प्रक्रियामा संलग्न हुने समान अवसरहरू सुनिश्चित गर्छ। महिलालाई शासनमा सहभागिताको समान अधिकार प्रदान गरेर नेपालले नेतृत्व र नीति निर्माण क्षेत्रमा लैङ्गिक खाडल कम गर्ने लक्ष्य राखेको छ।

#### क ५ : सकारात्मक भेदभावमार्फत विशेष अवसरहरू

ऐतिहासिक असमानतालाई सम्बोधन गर्न र लैङ्गिक समानताको प्रवर्द्धन गर्न संविधानको धारा ३८ (५) मार्फत महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक प्रदान गरिएको छ। यस दृष्टिकोणले महिलालाई ऐतिहासिकरूपमा सीमान्तकृत गरिएको स्वीकार गर्छ र उनीहरूको स्थिति माथि उठाउन लक्षित कार्यक्रमहरू लागु गर्ने बाटो खुला गर्छ।

### ख) युवाको अधिकार

संविधानको धारा १८, समानताको हकले 'कानुनको दृष्टिमा सबै नागरिक समान हुनेछन्' भनेको छ । यस विस्तृत व्याख्याले युवाहरूलाई उनीहरूको संरक्षण, सशक्तीकरण वा विकासको आवश्यकतालाई ध्यानमा राख्दै उनीहरूका लागि विशेष प्रावधानहरू लागु गर्ने बाटो खुल्छ।

भाग-४ मा राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वहरूअन्तर्गत संविधानले राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारको पूर्ण उपभोग गर्नका लागि उपयुक्त वातावरण सिर्जना गर्ने नीतिहरू अवलम्बन गर्न राज्यलाई निर्देशन दिएको छ। युवाको सशक्तीकरण र विकासका लागि शिक्षा, स्वास्थ्य र रोजगारीलगायतका क्षेत्रमा विशेष अवसर प्रदान गर्दै राज्यको सर्वाङ्गीण विकासका लागि उपयुक्त अवसर उपलब्ध गराउँदै राष्ट्रिय विकास गर्ने लक्ष्य लिएको छ।

**ख १ : राष्ट्रिय युवा नीति २०१५**

सन् २००९ मा जारी भएको नीतिलाई समीक्षा गरी राष्ट्रिय युवा नीति २०७२ तर्जुमा गरिएको हो। यसको लक्ष्य युवाहरूको आफ्नो राष्ट्र र जनताप्रतिको निष्ठा, युवाहरूको आधारभूत आवश्यकताहरू पूरा गर्ने, समानता र निष्पक्ष वितरण नीति सुनिश्चित गर्ने, संवैधानिक सिद्धान्तहरू, व्यक्तिगत स्वतन्त्रता, विश्वव्यापी मानव अधिकार, लोकतान्त्रिक मापदण्डहरूको पालना गर्ने जस्ता आधारभूत मान्यता र मूल्यहरूको प्रवर्द्धन गर्ने हो। विश्वव्यापी शान्ति, सहअस्तित्व साथै जातीय, भाषा, संस्कृति र वातावरणीय सम्पदा जस्ता मूल मूल्यहरूको संरक्षण र प्रवर्द्धनमा जोड दिनु हो।

**ग) सीमान्तकृत समुदायको अधिकार**

सीमान्तकृत समुदायको अधिकारको संरक्षण र उनीहरूको सशक्तीकरण गर्ने उद्देश्यले नेपालको संविधानको धारा ४० ले दलितहरूले भोग्नुपरेको ऐतिहासिक भेदभावलाई मान्यता दिँदै संविधानमा नै यस्तो व्यवस्था गरिएको छ।

**ग १ : समावेशी सहभागिता र प्रतिनिधित्व**

नेपालको संविधानको धारा ४० (१) मा दलितलाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यका सबै निकायमा सहभागी हुने हक हुने उल्लेख छ। संविधानअनुसार सार्वजनिक सेवा तथा रोजगारीका अन्य क्षेत्रमा दलित समुदायको सशक्तीकरण, प्रतिनिधित्व र सहभागिताका लागि कानुनद्वारा विशेष व्यवस्था गरिनेछ। यो व्यवस्थाले समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यका सबै निकायहरूमा दलितहरूको सक्रिय सहभागिता र प्रतिनिधित्व सुनिश्चित गरेको छ। यो मान्यताले दलितहरूलाई निर्णय प्रक्रियामा संलग्न हुन र उनीहरूको जीवनलाई असर गर्ने नीतिहरूलाई प्रभाव पार्ने मञ्च प्रदान गरेर सशक्त बनाउने लक्ष्य राखेको छ।

**ग २ : शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षा**

दलितहरूको उत्थानका लागि संविधानले धारा ४० (२) मा दलित विद्यार्थीका लागि प्राथमिकदेखि उच्च शिक्षासम्म छात्रवृत्तिसहित निःशुल्क शिक्षाको व्यवस्था कानुनबमोजिम हुनेछ भनिएको छ। प्राविधिक तथा व्यावसायिक शिक्षामा दलितका लागि कानुनद्वारा विशेष व्यवस्था गरिनेछ । धारा ४० (३) अनुसार दलित समुदायलाई स्वास्थ्य र सामाजिक सुरक्षा प्रदान गर्न र उनीहरूको स्वास्थ्य सेवा र सामाजिक सुरक्षाको व्यवस्था गर्न कानुनद्वारा विशेष व्यवस्था गरिनेछ। यी प्रावधानले दलितहरू ऐतिहासिकरूपमा पिछडिएका छन् र शिक्षा तथा उनीहरूको विकासका लागि पर्न सक्ने बाधाहरूलाई पार गर्नका लागि निर्दिष्ट सहयोग र समर्थनको आवश्यकता स्वीकार गरेको छ।

**ग ३ : परम्परा र कौशलको संरक्षण**

संविधानले दलित समुदायको परम्परा, परम्परागत ज्ञान, सिप र प्रविधिको संरक्षणको महत्त्वलाई स्वीकार गरेको छ। धारा ४० (४) मा दलित समुदायलाई आफ्नो परम्परागत पेसा, ज्ञान, सिप र प्रविधिको प्रयोग, संरक्षण र विकास गर्ने हक हुनेछ। राज्यले दलित समुदायलाई उनीहरूको परम्परागत पेसासँग सम्बन्धित आधुनिक व्यवसाय गर्न प्राथमिकता दिनेछ र त्यसका लागि आवश्यक सिप र स्रोत उपलब्ध गराउनेछ।' राज्यले उनीहरूको परम्परागत पेसाको निरन्तरतालाई समर्थन गर्दै उनीहरूलाई आधुनिक पेसामा संलग्न हुन आवश्यक सिप र स्रोतहरू उपलब्ध गराउने कुरा सुनिश्चित गर्छ। यस मान्यताले दलितहरूलाई आर्थिक र सांस्कृतिकरूपमा सशक्त बनाउने लक्ष्य राखेको छ।

**ग ४ : भूमि र आवास अधिकार**

संविधानको धारा ४० (५) मा 'भूमिहीन दलितलाई राज्यले कानुनबमोजिम एकपटक जग्गा उपलब्ध गराउने' र ४० (६) मा 'दलितको आर्थिक अवस्थालाई मान्यता दिँदै र मूल्याङ्कन गर्दै भूमिहीन दलितलाई जग्गा उपलब्ध गराउने संवैधानिक व्यवस्था छ। आवास नभएका दलितका लागि राज्यले कानुनबमोजिम बसोबासको व्यवस्था गर्नेछ।' साथै आफ्नै घर नभएका दलितलाई आवासको व्यवस्था गरिएको छ। यी प्रावधानले दलितहरूको आर्थिक सशक्तीकरण र सामाजिक विकासमा योगदान गर्दै भूमिहीनता र घरबारविहीनताका समस्याहरू सम्बोधन गर्छ।

**ग ५ : अवसरको न्यायोचित वितरण**

संविधानको धारा ४० को उपधारा (७) मा दलित समुदायलाई दिइने सुविधाको न्यायोचित वितरण सुनिश्चित गर्न दलित समुदायलाई प्रदान गर्ने सुविधा दलित महिला र पुरुषलाई न्यायपूर्ण ढङ्गले वितरण गरिने उल्लेख छ। यसअनुसार दलित समुदायले समानुपातिकरूपमा त्यस्ता सुविधा प्राप्त गर्न सक्नेछन्। यस प्रावधानले सबै सुविधाहरू राष्ट्रभरिका दलित महिला, पुरुष र समुदायबीच समानुपातिकरूपमा बाँडफाँट गर्ने कुरामा जोड दिन्छ। यस समन्यायिक वितरणले दलित समुदायभित्रको क्षेत्रीय र लैङ्गिक असमानता कम गर्ने लक्ष्य राखेको छ।

यी संवैधानिक प्रावधानहरू नेपालमा कमजोर समूहहरूको अधिकारको उत्थान र संरक्षण गर्न व्यवस्था गरिएको हो। समान अधिकार, सशक्तीकरण, भेदभाव र हिंसाबाट संरक्षणको प्रत्याभूति गर्दै, संविधानले प्रत्येक नागरिकको मर्यादा र हितलाई सम्मान गर्ने समावेशी समाज निर्माण गर्ने प्रयास गरेको छ। यी प्रावधानले विविधता, समानता र सबैका लागि न्यायको प्रत्याभूति गर्ने राष्ट्र निर्माण गर्ने नेपालको प्रतिबद्धता झल्काउँछ।

### ३. ३ निष्कर्ष

यस अध्यायले मानव विकासका विविध पक्ष समेटेर विश्वव्यापीरूपमा मान्यता प्राप्त मानव अधिकारको महत्त्वलाई जोड दिन्छ। यसले अन्तर्राष्ट्रिय मानव अधिकार संयन्त्रहरूमा हस्ताक्षरकर्ताका रूपमा नेपालको प्रतिबद्धतालाई प्रकाश पार्छ र लैङ्गिक-उत्तरदायी र समावेशी मानव अधिकार दृष्टिकोणको आवश्यकतालाई जोड दिन्छ। अधिकारको बहुआयामिक प्रकृतिलाई मान्यता दिएर र महिला, युवा र सीमान्तकृत समूहहरूले सामना गर्ने अप्ठ्यारा चुनौतीहरू स्वीकार गरी नेपालले यसको उचित कार्यान्वयन र अनुगमनका साथ सबैका लागि मानवीय मर्यादा र समानताको सिद्धान्त कायम राख्ने थप समतामूलक र न्यायपूर्ण समाज निर्माणतर्फ अघि बढ्न सक्छ। नेपाल सरकारले यी सन्धि तथा महासन्धिहरूमा उल्लिखित अधिकारहरू आफ्ना सबै नागरिक, विशेषगरी महिला, युवा र सीमान्तकृतहरूका लागि सम्मान, संरक्षण र परिपूर्ति हुने सुनिश्चितता गर्न ठोस कदम चाल्नुपर्छ।

# अध्याय ४ : मानव अधिकार, मौलिक स्वतन्त्रता र नागरिक स्थलका चुनौती

## ४.१ महिला

**अन्तर्विभाजन अनावरण : चुनौतीहरूको बहुरूपदर्शिता**

मधेस प्रदेशमा मानव अधिकार, मौलिक स्वतन्त्रता र नागरिक स्थलको जटिल यात्राले अन्तर्विभाजनको अवधारणाले आकार दिएका जटिल चुनौतीहरूको पर्दाफास गर्दछ। यो लेन्सले हामीलाई महिला, युवा र सीमान्तकृत समूहका अनुभवहरूमा लिङ्ग, जातजाति र सामाजिक-आर्थिक स्थिति जस्ता अन्तर्विच्छेदित कारकहरूको मिश्रित प्रभावहरू बुझ्न सहयोग पुग्छ। यस अध्ययनले जन्म दर्ता र नागरिकता प्रमाणपत्र प्राप्त गर्नमा मुसहरहरूले सामना गर्ने जटिलता र कठिनाइहरू र यी अवरोधहरूले उनीहरूको जीवन र विकासमा कसरी नकारात्मक प्रभाव पार्छ भनेर प्रकाश पारेको छ। धनुषा र सप्तरीका सीमान्तकृत समुदायसँग गरिएको समूहकेन्द्रित छलफलले मुसहर समुदायमा नागरिकताको पहुँच नहुँदा उनीहरू र उनीहरूका बालबालिकालाई सामाजिक सुरक्षा भत्ताको पहुँचमा अवरोध पुगेको उल्लेख गरेको छ। धारा ३९ (१) मा प्रत्येक बालबालिकालाई आफ्नो परिचयसहितको नाम र जन्म दर्ताको हक हुनेछ भनी उल्लेख भए पनि अभिभावकको नागरिकता अभावले बालबालिकाको जन्म दर्ताको अधिकार उपयोगमा बाधा पुगेको छ। जन्म दर्ता नहुँदा बालबालिकाहरू औपचारिक शिक्षा र बालपोषण भत्ता पाउनबाट वञ्चित भएका छन् ।

**महिला : भेदभावको बन्धन**

लिङ्गका आधारमा हुने हिंसा र गहिरोसँग जरा गाडेको संरचनागत भेदभावले मधेसमा महिला अधिकार प्राप्तिका लागि चुनौतीपूर्ण परिदृश्य सामना गरिरहेको छ। समूहकेन्द्रित छलफलहरू, जानकारहरूसँगको अन्तर्वार्ताहरू र घटना अध्ययनहरूबाट प्राप्त अन्तर्दृष्टिहरू महिलाहरूले भोग्ने कठोर वास्तविकताहरूको मार्मिक प्रमाणका रूपमा प्रतिध्वनित हुन्छन्। घरभित्रको बन्देज र घरेलु हिंसा उनीहरूको जीवनमा खतराका रूपमा देखापर्छ। महिलाहरूले बताएका अन्य चिन्तामा दाइजो प्रथाको निरन्तरता, घरभित्र महिलाहरूको आवाज सुनुवाइ नहुने र सार्वजनिकरूपमा आफ्ना विचारहरू बाँड्ने स्वतन्त्रता उनीहरूका लागि टाढाको विषय जस्तो देखिन्थ्यो।

### ४.१. १ लैङ्गिक हिंसा र भेदभाव

संविधानको धारा ३८ (३) ले महिलालाई हिंसाका विभिन्न प्रकारबाट जोगाउने व्यवस्था गरेको छ र त्यस्ता घटना भएमा सजायको व्यवस्था पनि गरेको छ । साथै, विद्यमान घरेलु हिंसा (अपराध र सजाय) ऐन, २०६६ ले घरेलु हिंसाविरुद्ध महिला अधिकारको पुनः व्याख्या गरेको छ। यद्यपि छलफलमा सहभागीहरूले लैङ्गिक हिंसा र भेदभावलाई व्यापकरूपमा अनुभव गरेका छन् र हामीलाई बताएका छन्। लैङ्गिक हिंसा धेरै ठाउँमा हुन्छ तथापि यस अध्ययनका सहभागीहरूले बताएअनुसार लैङ्गिक हिंसा हुने सबै भन्दा मुख्य ठाउँ परिवार हो।

सुरुङ्गामा भएको समूहकेन्द्रित छलफलमा उपस्थित ४ जना सहभागीहले महिलाको स्थिति उस्तै रहेको र यसमा उल्लेखनीय परिवर्तन नभएको धारणा व्यक्त गरे। घरायसी कामलाई महिलाको मात्र जिम्मेवारीका रूपमा हेरिन्छ र उनीहरू अझै पनि आफ्ना अनुभव बाँड्न प्रतिबन्धको सामना गर्छन्। सँगसँगै उनीहरूले यो पनि बताए कि विशेषगरी जब उनीहरूका पति मादक पदार्थ सेवन गर्छन् महिलाहरू बढी नै हिंसाको चपेटामा छन्। पुरुषहरूको रक्सी पिउने बानीले प्रायः उनीहरू र पत्नीहरूबीच झगडा निम्त्याउँछ जसले घरमा विध्वसंक वातावरण सिर्जना गर्छ। हिंसाबाट स्वतन्त्रता आधारभूत मानव अधिकार हो। लैङ्गिक हिंसाले व्यक्तिको आत्ममूल्य र आत्म-स्वाभिमान कमजोर बनाउँछ। यसले शारीरिक मात्र नभएर मानसिक सुस्स्वास्थ्यको अवस्था पनि प्रभावित पार्छ। यसले आफूलाई हानि पुऱ्याउने, एक्लोपन, मानसिक रोग र आत्महत्यालाई समेत प्रोत्साहन गर्न सक्छ।[23]

युवती मात्र नभई वृद्धवृद्धाले पनि घरेलु हिंसा भोगेका देखियो । हरिवनका उत्तरदाताहरूले त्यहाँ एकजनाको छोराले आफ्नी आमालाई कुटपिट गर्ने, घाँटी थिच्ने, घर छोड्न बाध्य पार्ने वा कमाएर परिवारलाई खुवाउन दबाव दिने गरेको दुःखद उदाहरणहरू प्रस्तुत गरे। बूढापाका महिला प्रायः आफूलाई असहाय महसुस गर्छन् किनभने कतै जानका लागि उनीहरूसँग ठाउँ छैनन्। उनीहरूमध्ये धेरैसँग नागरिकता प्रमाणपत्र छैन जुन अवस्थाले उनीहरूलाई आफ्नो हककै रूपमा रहेको वृद्धावस्था निवृत्तिभरण भत्तामा पहुँच स्थापित गर्न बाधा पुऱ्याउँछ। महिलाहरू वअझै पनि आफ्नो श्रीमान् र परिवारका अन्य पुरुष सदस्यको डरमा बस्ने र पीडा भोग्ने गरेको उनीहरूले बताए ।

लिङ्गमा आधारित हिंसालाई सजिलै सिक्न सक्ने व्यवहारका रूपमा पनि बुझ्न सकिन्छ किनकि परिवारका साना सदस्यहरू आफू भन्दा ठूला पुरुष सदस्यहरूबाट महिलामाथि हिंसा गर्न सिक्न सक्छन्। समूहकेन्द्रित छलफलमा सहभागी एक महिलाका अनुसार लैङ्गिक हिंसालाई प्राय: घरको चौघेराभित्र सीमित निजी मुद्दाका रूपमा हेरिन्छ। लैङ्गिक हिंसाका घटनाहरू अत्यन्त संवेदनशील भए भने वा पीडितलाई अस्पताल भर्ना गर्नुपर्ने अवस्था आयो भनेव मात्र प्रहरीमा उजुर गरिन्छ।

रौतहटका प्रहरी नायब उपरीक्षक एकनारायण कोइरालाले अन्तर्वार्तामा भने- 'घरेलु हिंसा, जग्गाको सिमानाको झगडा र दुर्घटना, पारिवारिक सम्पत्तिको विवाद जस्ता मुद्दामा धेरै नै उजुरी परेको पाइन्छ।' यी छलफलमा उठेका आवाजले पीडादायी मुद्दालाई सम्बोधन गर्न प्रभावकारी सुरक्षात्मक उपायहरूको माग गरे। घरेलु हिंसाको यस्तो भयाबह स्थितिको प्रतिरोध र अन्त्यका लागि व्यापक समर्थन प्रणालीसहितको बलियो कानुनी ढाँचा निर्माण गरी लागु गर्न अत्यावश्यक छ।

---

[23] Council of Europe, Why is gender violence a problem? Accessed October 12, 2023, https://www.coe.int/en/web/gender-matters/why-is-gender-based-violence-a-problem-

**दाइजो प्रथाको अभ्यास**

लैङ्गिक हिंसा र भेदभावको अन्तरसम्बन्धले असमानताको चक्रलाई निरन्तरता दिन्छ जसले मधेसी महिलाका लागि मौलिक अधिकारको उपभोगमा बाधा पुऱ्याउँछ। दाइजो प्रथा अझै प्रचलनमा रहेको सप्तरी जिल्लाको पन्सेरा गाउँकी एक महिला सहभागीले बताइन् । केटाको तर्फबाट नगद र सुन माग भइरहँदा छोरीका आमा/बुबाले भोग्नुपरेको पीडा र ती माग पूरा नभएको खण्डमा विवाह रद्द हुने गरेको उनले बताइन् । यस्तै चिन्ता खोजपुर गाउँका युवाहरूले पनि बताएका थिए कि दाइजोको चलनले विवाहका लागि केटी र केटाको गुणलाई प्राथमिकता दिने भन्दा दाइजो बहसको महत्त्वपूर्ण विषय बनेको छ। दाइजोका रूपमा मोटरसाइकलको माग एकदमै न्यूनतम माग जस्तो देखिन्छ र यो एकदमै सामान्य जस्तै छ। साथै दाइजोका रूपमा २ देखि ४ लाख नगदसम्म मागिन्छ।

दाइजो प्रथाले परिवारमा ठूलो आर्थिक बोझ थप्छ। बेहुलाको परिवारलाई नगद, सुन र बहुमूल्य वस्तुहरू दाइजोस्वरूप दिनुपर्छ भनेर उनीहरू अपेक्षा गर्छन्। यसले दुलहीको परिवारलाई गरिबी र ऋणको चक्रमा फसाएर परिवारमा आर्थिक सङ्कट निम्त्याउन सक्छ। दाइजो प्रथाले लैङ्गिक हिंसालाई निरन्तरता दिन्छ र बलियो बनाउँछ। दाइजोमार्फत किन्न सक्ने वस्तुका रूपमा महिलालाई लिन्छ र उनीहरूको मूल्य भौतिक सम्पत्तिसँग जोडिएको जसरी बुझाउँछ। यसले महिलाको अवमूल्यन गर्छ र हानिकारक सामाजिक मूल्य र परम्परागत मान्यतालाई बलियो बनाउँछ। दाइजोले निम्त्याउने आर्थिक बोझले परिवारलाई छोरीको शिक्षा र सशक्तीकरणमाथि लगानी गर्न निरुत्साहित गर्छ। उल्टो उनीहरूले दाइजो दिनका लागि बचत गर्छन् जसले लैङ्गिक असमानतको चक्रलाई निरन्तरता दिन्छ।

अर्कोतिर दाइजोको माग पूरा गर्नुपर्ने दबाबले बेहुलीमाथि घरेलु हिंसा निम्त्याउन सक्छ। २१ मे २०२३ मा धनुषाकी २२ वर्षीया महिला आरती शाहको शङ्कास्पद मृत्यु भयो। पर्याप्त दाइजो नल्याएको भन्दै पतिको परिवारले आरती शाहमाथि कुटपिट गरी हत्या गरेको उनको माइती पक्षले आरोप लगाएको छ।[24] महिला प्रहरी सेल धनुषाको एक प्रहरीका अनुसार महिलामाथि हुने हिंसाका अधिकांश घटना दाइजोकै कारण हुन्छन्। पर्याप्त दाइजो नल्याएको भन्दै महिलामाथि शारीरिक र मानसिक यातना दिइन्छ।[25]

मधेस प्रदेशमा विद्यमान दाइजो प्रथाले लैङ्गिक समानता, मानव अधिकार र सामाजिक विकासमा हानिकारक प्रभाव पारेको छ। यसले हानिकारक लैङ्गिक मूल्य/मान्यतालाई बढावा मात्र दिँदैन, असमानता र भेदभावलाई स्थायित्व दिन्छ र आर्थिक भार पनि थप्छ। दाइजो प्रथाले महिला र बालबालिकालाई उनीहरूको शिक्षामा अवरोध खडा गरिरहेको छ। मधेस प्रदेशको महिला अधिकार र लैङ्गिक समानताका लागि यस मुद्दालाई सम्बोधन गर्नुपर्छ।

मधेस प्रदेशका दलित समुदायमा बालविवाहले अझै पनि सांस्कृतिक महत्त्व राख्छ। बालविवाहले उनीहरूलाई आफ्नो बाल्यकाल, शिक्षा र आफ्नो जीवनका अवसरहरू थाहा पाउनुपर्ने महत्त्वपूर्ण निर्णय प्रक्रियाबाट बाहिर राख्छ। यसले स्वास्थ्य जटिलता निम्त्याउन सक्छ भने गरिबीको चक्रलाई निरन्तरता दिन्छ।

आमा/बाबुको नामबाट नागरिकता पाउनुअघि नै बिहे गरेकी केटी विवाहपछि श्रीमानको जिम्मामा पर्छ भन्ने आमधारणाले नागरिकता पाउन मुस्किल सामना गर्नुपर्छ। विशेषत: नागरिकता प्रमाणपत्र प्राप्त गर्नुअघि बिहे भएका केटीहरू बिहेपछि नागरिकता प्राप्त गर्न आफ्नो पतिमा निर्भर हुन्छन्। फलस्वरूप, यदि कुनै केटीले आमा बुबाको नामबाट नागरिकता प्रमाणपत्र नबनाइ २० वर्ष (बिहे गर्नका लागि कानुनी उमेर) नपुगी विवाह गरिन् भने र पछि उनले विवाह रद्द गर्न वा छोड्न चाहेको बेला उनको परिवार (आमा/बुबा) ले सहयोग गरेनन् भने उनले नागरिकता प्राप्त गर्न धेरै झन्झट भोग्नुपर्छ। आफ्नो पुर्ख्यौली सम्पत्तिमा दाबी नगरोस् भनेर एउटा परिवारले छोरीको नागरिकता प्रमाणपत्र बनाउन इन्कार गरेको घटना बाहिर आएको थियो।[26]

कानुनत: नागरिकता पाउने कानुनी उमेर १६ वर्षको भए पनि २० वर्ष पुगेर विवाह भएपछि मात्र युवतीहरूले श्रीमानबाट मात्रै नागरिकताको प्रमाणपत्र बनाउन सक्ने अवस्था छ। सप्तरीका प्रमुख जिल्ला अधिकारी भूपेन्द्र थापाले भने- '१७ वर्षकी महिलाले सानै उमेरमा बिहे गरेमा र उनका बाबु र श्रीमान् दुवै नेपाली नागरिक भएमा उनलाई बाबुको नामको नागरिकताको प्रमाणपत्र दिइँदैन। उनले २० वर्षको उमेर पुगेपछि मात्रै नागरिकता पाउने छिन्, त्यो पनि पतिबाट विवाह दर्ता भएपछि मात्र।' सांस्कृतिक मान्यता, कानुनी अस्पष्टता र प्रणालीगत चुनौतीहरूको यो जटिलताले दलित महिलाहरूले सामना गर्ने कमजोरीहरूलाई अझ बढाउँछ। यसबाहेक, प्रत्येक वडा तहमा दलित महिलाका लागि स्थानीय तहको सदस्य बन्न पाउने संवैधानिक हकको व्यवस्था गरिएको छ।

### ४.१.२ शिक्षा, स्वास्थ्य सेवा र आर्थिक अवसरहरूमा असमान पहुँच

नेपालमा बालिकाहरूको शिक्षामा उल्लेख्य सुधार भएको भए पनि हानिकारक लैङ्गिक मूल्य/मान्यता र सोचले गर्दा उच्च माध्यमिक शिक्षा पढ्ने बेलासम्म धेरै केटीले पढाइ छाड्छन्। यसले गर्दा बालविवाह, कम उमेरमै गर्भवती, लैङ्गिक तथा यौन हिंसा तथा लैङ्गिक असमानता बढाउने अरू जोखिम बढाउँदै लैजान्छ।[27]

समूहकेन्द्रित छलफलबाट प्राप्त प्रमाणहरूले मधेसी महिलाहरूको शिक्षा, स्वास्थ्य सेवा र आर्थिक अवसरहरूमा सहज पहुँचलाई प्रतिबन्धित गरिएको छ भन्ने समस्यापूर्ण वास्तविकतालाई उजागर गर्छ। परम्परागत मापदण्डहरूले पुरुषलाई शिक्षामा प्राथमिकता दिन्छन् जबकि महिलालाई घरायसी काममा लगाइन्छ र शिक्षाको माध्यमबाट आफ्नो क्षमता प्रष्फुटन गर्ने अवसरबाट वञ्चित गरिन्छ। रौतहटको एक किशोरी समूहका सदस्यले आफ्नो समूहमा १५ देखि २० वर्ष उमेर समूहका ३० जना सदस्य रहेको र सबैले पढाइ छाडेको बताइन् । आर्थिक समस्याले केटीहरूलाई पढाइमा निरन्तरता दिन बाधा गरेको र कम उमेरमै विवाह गर्ने गरेको उनीहरूले बताए। त्यहाँ कम उमेरमा विवाह गरिदियो भने परिवारमा खाना खाने एक सदस्य घट्छ र परिवारको आर्थिक भार कम हुन्छ भन्ने एउटा प्रचलित विश्वास छ। यस्तो गहिरो पूर्वाग्रहले महिला

[24] The Kathmandu Post, Kin demand justice as woman's death raises suspicion, Accessed on October 12, 2023, https://kathmandupost.com/province-no-2/2023/06/21/kin-demand-justice-as-woman-s-death-raises-suspicion
[25] The Kathmandu Post, Scourge of dowry violence in Dhanusha, Accessed on October 12,2023, https://kathmandupost.com/national/2019/02/27/scourge-of-dowry-violence-in-dhanusha
[26] Center for Reproductive Rights , Ending Impunity for Child Marriage in Nepal , Accessed on October 12,2023, https://nepal.unfpa.org/sites/default/files/pubpdf/Ending%20Impunity%20for%20Child%20marriage%28final%29_25Nov16.pdf
[27] UNESCO, Strengthening girls' education in Nepal's Province 2, Accessed on October 12, 2023,https://www.unesco.org/en/articles/strengthening-girls-education-nepals-province-2

सशक्तीकरणमा बाधा पुऱ्याउने र गरिबीको चक्रलाई निरन्तरता दिने एउटा ठूलो कारका रूपमा काम गरेको छ । जिल्ला अस्पतालकी स्त्री रोग विशेषज्ञ डा. मनिषा भारद्वाजका अनुसार महोत्तरीका गरिब तथा विपन्न समुदायका महिलामध्ये ६० प्रतिशत कम उमेरमा विवाह गरेर सन्तान जन्माउने उपयुक्त उमेर नपुग्दै सन्तान जन्माउँछन् र उनीहरूमा जटिल स्वास्थ्य समस्या हुने गरेको छ ।[28]

मधेस प्रदेश स्वास्थ्य निर्देशनालयले मधेस प्रदेशमा ५० प्रतिशत महिला तथा बालबालिका कुपोषणको जोखिममा रहेको जनाएको छ। स्वास्थ्य कार्यालयका सम्पर्क व्यक्ति प्रतिभा सिंहका अनुसार तथ्याङ्कले मुस्लिम, दलित, गरिब तथा विपन्न समुदायका महिला विशेषगरी कम उमेरमा विवाह गरेर धेरै सन्तान जन्माउँछन्, गर्भावस्थामा कडा परिश्रम गर्छन् र उनीहरूमा पाठेघरको क्यान्सरको उच्च जोखिम हुन्छ । 'महोत्तरीका ३ स्थानीय तहमा मात्रै ६ सय ४० महिलाको स्वास्थ्य परीक्षण गर्दा ९१ महिलाको पाठेघर फुटेको र २० जनामा पाठेघरको मुखको क्यान्सर देखिएको छ'- सिंहले भनिन् ।[29]

पन्सेराका महिला समूहले ऋण लिनुको प्रमुख कारण बिरामी हुनु भएको बताए। अस्पताल तथा औषधोपचारमा लाग्ने खर्च पूरा गर्न उनीहरू सामान्यतया लघुवित्त वा समुदायका धनी/प्रभावशाली व्यक्तिहरू (स्थानीयरूपमा महाजन भनिन्छ) बाट ऋण लिन्छन्। महिलाहरूको प्रजनन स्वास्थ्य अझै पनि गम्भीर चिन्ताको विषय बनेको छ जुन विषयमा प्रायः छलफल नै हुन्न। महिलाको स्वास्थ्यमा जतिसुकै असर परे पनि परिवार नियोजनको निर्णय भने पुरुषले गर्ने गरेको पनि एक महिलाले बताइन्।

त्रिभुवन विश्वविद्यालय र अमेरिकी अन्तर्राष्ट्रिय सहयोग नियोग (युएसएआइडी) ले सन् २०२० मा गरेको एक अध्ययनअनुसार सबै महिलाको सामाजिक हैसियत कमजोर छ। प्रतिवेदनमा थप उल्लेख छ कि आर्थिक क्रियाकलाप र स्रोतमा सीमित पहुँच भएका कारण महिलाहरूको आर्थिक अवस्था कमजोर छ ।[30] यसका अतिरिक्त सबै सामाजिक समूहका महिलाको आर्थिक स्रोतमाथिको नियन्त्रण कमजोर नै छ। उदाहरणका लागि बढीमा पहाडी ब्राहमण महिलाहरूको ३३ दशमलव ७ प्रतिशत छ भने कममा मधेसी दलित महिलाको १६ दशमलव ५ प्रतिशत छ।

घर धनीले राखेका घरेलु कामदार वा निजी/पारिवारिक श्रमिकमध्ये अधिकांश महिला छन्। उनीहरू अनौपचारिक रोजगार प्राप्त नागरिकहरूको दर्जामा रहन्छन्। धेरै महिला उनीहरूको परिवारका लागि बेतलबी हैसियतमा काम गर्छन्। नेपालमा महिलाको कुल अनौपचारिक रोजगारीको ठूलो अनुपात ती बेतलवी महिलाले ओगट्छन्। जुन कुल अनौपचारिक रोजगारीको २९ दशमलव २ प्रतिशत हुन्छ। विज्ञ भन्छन्- परिवारले महिलालाई अनौपचारिक कामदारका रूपमा घरमा सीमित राख्दा ती महिला आर्थिक अवसरहरूबाट पूर्णरूपमा वञ्चित हुन्छन् ।[31]

दलित महिलाका लागि चुनौतीहरू जातीय र लिङ्गको अन्तरनिहित कारणले थपिएका छन्। दलित महिलाहरूको साक्षरता दर असमानरूपमा कम छ जसले उनीहरूलाई व्यक्तिगत र आर्थिक उन्नतिका अवसरहरूको पहुँचमा थप प्रतिबन्धित पारेको छ। त्यस्ता महिला प्रायः आफू कृषि मजदूरहरूको भूमिकामा फर्किएका छन् जहाँ उनीहरूले पाउने ज्यालासमेत पुरुष श्रमिकहरूको तुलनामा उल्लेखनीयरूपमा कम छ। धनुषा, सप्तरी, रौतहट र सर्लाहीलगायत मधेस प्रदेशमा सञ्चालित समूहकेन्द्रित छलफलले श्रमको ज्याला वा पारिश्रमिक असमानता उजागर गरेको छ। पुरुषले कृषि क्षेत्रमा दैनिक मजदूरका रूपमा काम गरेबापत ५०० रुपियाँ कमाउँछन् भने महिलाले त्यसको आधा रकम अर्थात् २५० वा ३०० मात्र पाउँछन्। उनीहरू श्रममा संलग्न हुँदा पनि नगदको सट्टा बालीमा ज्याला दिइन्छ र यसरी दिइने परिणाममा समेत असमानता कायम छ। एउटै कामका लागि महिलाले ७ किलोग्राम अन्न पाउँछन् भने पुरुषले १० किलो पाउँछन् । यस्तो पारिश्रमिक अन्तर र विभेदकारी व्यवहारमार्फत निरन्तरता पाएको संरचनात्मक भेदभावले दलित महिलाहरूले सामना गर्ने असमानताको चक्रलाई थप प्रवर्द्धन गर्छ। बालविवाह गर्ने र चाँडै सन्तान जन्माउने कारणले पुरुषको तुलनामा महिलालाई उनीहरूको पढाइलाई निरन्तरता दिन र श्रम बजारमा प्रवेशमा अवरोध पुऱ्याउँछ।

### ४.१. ३ निर्णय प्रक्रियामा न्यून प्रतिनिधित्व

सांस्कृतिक मापदण्डहरूमा गहिरो जरा गाडेका भेदभावपूर्ण अभ्यासहरूले महिलाहरूको जोखिम बढाउँछ। यसबाहेक, निर्णय प्रक्रियामा मधेसी महिलाको न्यून प्रतिनिधित्व एउटा महत्त्वपूर्ण चुनौती बनेको छ। महिलाको पहिचान र हैसियत मुख्यत: उनको परिवारबाट नै आउँछ। महिलालाई स्वायत्तताको अधिकार घरभित्रैबाट दिनुपर्छ किनकि घर/परिवारमा महिलाको अवस्थिति महिला सशक्तीकरणको एक मुख्य सूचक हो ।[32]

सप्तरीको सुरुङ्गा-७ का महिला समूहले घरेलु हिंसा भन्दा थपरूपमा विवाहित महिलाले अरू पुरुषको अगाडि अनुहार ढाक्न घुँघट[33] लाउने चलन आजसम्म कायम रहेको बताएका छन्। बुहारीलाई अन्य पुरुष सदस्यहको अगाडि बोल्न अनुमति छैन। उनीहरूलाई अझै पनि आफ्ना ससुरा, जेठाजु, देवरहरूसँग आँखा जुधाएर कुरा गर्न अनुमति छैन। सम्पूर्ण निर्णय परिवारको पुरुष सदस्यको हातमा छ। महिलाहरू पूर्णतया निर्णय प्रक्रियाबाट बाहिर छन्।

महिलाहरूको आफ्ना आवाज र दृष्टिकोण राख्ने मञ्चहरूमा पहुँच छैन जसका कारण उनीहरूका विशिष्ट आवश्यकता र सरोकारहरूलाई सम्बोधन गर्नेखालका नीतिहरू बन्न सक्दैनन्। समूहकेन्द्रित छलफलका कथाहरूले बहिष्कारको भावनालाई प्रतिध्वनि गर्छन् किनकि महिलाहरू उनीहरूको जीवन र समुदायलाई योगदान दिने महत्त्वपूर्ण

[28] Baral, Sunita., 'Poor Reproductive Health Plagues Musahar Women', The Kathmandu Post, July 3, 2023, https://shorturl.at/kxyT6
[29] Ibid.
[30] Nepal Live Today, Women from almost all social groups in Nepal have a low status- Report, Accessed October 16, 2023, https://www.nepallivetoday.com/2021/04/07/womenfrom-almost-all-social-groups-in-nepal-have-a-low-statusreport/
[31] The Kathmandu Post, 90 percent employed women are working informally in Nepal, Accessed on October 12, 2023, Available https://kathmandupost.com/national/2022/01/07/90-percent-employed-women-areworking-informally-in-nepal#:~:text=Many%20women%20work%20as%20unpaid,employment%20of%20women%2-0in%20Nepal.
[32] Offline Thinker, STATUS OF MADHESHI (PROVINCE NO.2) WOMEN AND GIRLS IN NEPALESE SOCIETY , Available https://offlinethinker.com/status-of-madheshi-province-no-2-women-and-girls-in-nepalese-society-shankuntala-nayak/
[33] Bharat, Jarghamagar., 'Shedding Veils to Shed Tradition', The Kathmandu Post, January 1, 2018, https://shorturl.at/dfmn8

छलफलहरूमा उनीहरूलाई बेवास्ता गरेकोमा चिन्ता व्यक्त गर्छन् । सप्तरीको पन्सेरा गाउँमा भएको कार्यक्रमका सहभागी महिलाले परिवारको प्रमुख निर्णय प्रक्रियामा आफूलाई समावेश नगर्ने र घरायसी तहमा हुने सानातिना निर्णयबारे समेत जानकारी नदिइएको बताए ।

उनीहरूले आफ्नो अवस्था खोरमा थुनिएको चराको जस्तै भएको पनि बताए । परिवारका पुरुष सदस्यहरू कुन बिउ रोप्ने भन्ने छनोट गर्न जिम्मेवार हुन्छन् किनकि उनी (पुरुष) हरू विश्वास गर्छन् कि पुरुषले मात्र सही छनोट गर्न सक्छन्। सामान खरिद बिक्रीसम्बन्धी निर्णय पनि पुरुष सदस्यले नै गर्ने गर्छन्। पितृसत्ता यस हदसम्म गाँसिएको छ कि यदि परिवारको एक पुरुषको मृत्यु भयो भने उसको पत्नीलाई प्रमुख मानिँदैन बरु परिवारको कमाउने सदस्य भनेर छोरालाई परिवारको प्रमुखको भूमिका हस्तान्तरण गरिन्छ । ऋणसम्बन्धी निर्णय परिवारका पुरुष सदस्यहरूले मात्र लिन्छन् । आर्थिक मामिलामा महिलालाई अन्धकारमा राखिन्छ । ऋण लिएको छ वा छैन भन्ने कुरा उनीहरूलाई थाहा छैन र ऋण लिएको अवस्थामा उनीहरूलाई ऋणको रकम र स्रोतबारे जानकारी हुँदैन । साथै, यदि परिवारका पुरुष सदस्यहरू आम्दानी गर्ने जग्गाको स्वामित्वमा छन् भने प्रायः महिलालाई यसको बारेमा जानकारी दिँदैनन् । लघुवित्त कम्पनीहरूबाट ऋण लिने वा सम्पत्ति धितो राखेर ऋण लिने सङ्कटको समयमा मात्र महिलालाई अगाडि ल्याउँछन् र जिम्मेवारीको बोझ थोपर्ने गरेको सहभागीले बताए । स्थानीय प्रतिनिधि छनोटमा समेत महिलाका निर्णयमा पुरुषले नियन्त्रण गर्छन् । महिलालाई प्रायः आफ्नो पतिको रुचिअनुसार मतदान गर्न दबाब दिइन्छ।

महिलाहरूको छनोट गर्ने क्षमता अभावले निर्णय प्रक्रियामा महिलालाई साँच्चिकै सहभागिता जनाएको सुनिश्चित हुने गरी विशेष केन्द्रित प्रयासहरू गर्नुपर्ने खाँचो छ । यसबाहेक, कतिपय अवस्थामा मधेसी महिलालाई परिवारका पुरुष सदस्यहरू (सामान्यतया पति वा छोराहरू, जसले उनीहरूको तर्फबाट नागरिक गतिविधिहरूमा भाग लिन्छन्) द्वारा सीमान्तकृत बनाइन्छन्। यसले उनीहरूको आवाजको प्रामाणिकता घटाउँछ। मधेसी महिलालाई घेरिरहेका चुनौती लैङ्गिक हिंसा, भेदभाव र असमानतालाई सम्बोधन गर्न तत्काल आवश्यक पहलको खाँचोलाई जोड दिन्छ । समूहकेन्द्रित छलफलबाट प्राप्त प्रमाणहरू, घटना अध्ययनले उजागर गरेका तथ्यहरूले परिस्थितिको भयाबहता र रूपान्तरणको आवश्यकता दुवैलाई प्रकाश पार्छ । महिला हिंसाबाट सुरक्षित हुने, कानुनी सहायतामा पहुँच हुने, शिक्षाको माध्यमबाट सशक्त हुने र निर्णय प्रक्रियामा सक्रियरूपमा सहभागी हुन सक्ने वातावरणलाई बढावा दिएर मात्र समतामूलक र समावेशी समाज उदय हुन सक्छ।

सर्लाहीका प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवले सकारात्मक टिप्पणी गर्दै भने- 'महिला र दलित समुदायले आफ्ना समस्याबारे स्वतन्त्ररूपमा संवाद गर्न सक्ने अवस्था सिर्जना गर्ने प्रयास गरिरहेका छौं । विस्तारै महिला सशक्तीकरण हुँदै गएका छन् । विगतको तुलनामा उनीहरूले धेरै आवाज उठाउन थालेका मैले देखेको छु ।' यस्ता प्रयासबाट मात्रै विभेदको बन्धन तोड्न सकिन्छ। दलित, मधेसी महिलालाई आफ्नो हक प्राप्त गर्न परिवर्तनको संवाहकका रूपमा सशक्त तुल्याउन सकिन्छ ।

## ४.२ युवा

मधेसका गतिविधि चलायमान छन् तर यहाँका युवा बहुआयामिक चुनौतीभित्र जकेडिएका छन् जसले एकातिर उनीहरूको प्रगतिमा बाधा पुऱ्याउँछ भने अर्कोतर्फ सामाजिक संरचनालाई परिष्कृत बनाउने कार्यमा उनीहरूको भूमिका खुम्च्याउँछ। यस विस्तृत अन्वेषणका क्रममा भएका समूहकेन्द्रित छलफल, जानकारहरूसँगको अन्तर्वार्ता र घटना अध्ययनहरू समेटिएको यस खण्डले मधेसी युवाहरूले सामना गर्ने चुनौती र अनुभवहरू उजागर गर्छ । निम्न विश्लेषणले सुशासन प्रक्रियाबाट उनीहरूको बहिष्करण, गुणस्तरीय शिक्षामा उनीहरूको पहुँचमा बाधा पुऱ्याउने तत्त्वहरू, रोजगारीका अवसरहरूको अभाव र समाजमा निम्त्याउने नतिजाहरूलाई प्रकाश पार्छ।

### ४.२.१ आवाज दमनले सीमित सुशासनमा युवा सहभागिता

युथ भिजन २०२५, नेपाल युवा नीति र राष्ट्रिय विकास योजना जस्ता युवाकेन्द्रित नीतिगत व्यवस्थाहरू युवाहरूको परिचालन, सहभागिता र नेतृत्व विकासमा केन्द्रित छन्। त्यसैगरी स्थानीय सरकार सञ्चालन ऐनले पनि युवाकेन्द्रित क्षेत्रगत कार्यहरू गर्न खोजेको छ । त्यसैगरी लिङ्ग, यौनिक झुकाव, सामाजिक लिङ्ग, जात, सम्प्रदाय र सामाजिक वर्गका आधारमा युवाहरूले भोग्ने विभेद र बहिष्कार अर्को चुनौती हो । शक्ति आर्जन गर्नका लागि अवसर, स्रोतहरू र निर्णय गर्ने ठाउँमा सबै युवाको पहुँच छैन।[34]

समूहकेन्द्रित छलफल, जानकारहरूसँगको अन्तर्वार्ता र घटना अध्ययनले उजागर गरेका तथ्यले सुशासनमा मधेसी युवाहरूको आवाज र अर्थपूर्ण सहभागिताबाट उनीहरूलाई बहिष्कृत गरिएको स्पष्ट भावना प्रतिध्वनित हुन्छ । उनीहरूको दृष्टिकोण राख्ने निर्णायक मञ्चहरूको अभाव र निर्णय प्रक्रियामा सक्रिय संलग्न हुने अवसरहरूको सीमाले उनीहरूलाई निराश र मोहभङ्ग महसुस गराउँछ। उनीहरूले आफ्नो घर/परिवार र समाजमा बहिष्कारको अनुभव गरेका छन्।

सप्तरी जिल्लाको सुरुङ्गा-७ का युवाहरूले घरायसी कामहरूमा कहिलेकाहीँ परिवारका सदस्यहरूबाट सल्लाह लिइरहँदा सहयोग भन्दा दबाब बढी हुने गरेको खुलासा गरेका छन्। युवाहरू दिइएका कार्य पूरा गर्न बाध्य भएको महसुस गर्छन् र यदि तोकिएको काम पूरा गर्न असफल भएमा मौखिक र शारीरिक दुर्व्यवहारको शिकार हुन्छन्। यसले प्रायः आफ्नो घरभित्र मात्र होइन, समाजबाट पनि अपमानजनक अवस्थाहरू निम्त्याउँछ। 'हामीले हाम्रा बूढापाका पुस्तालाई पछ्याउन र उनीहरूका कुरालाई ध्यान दिनुपर्छ' भन्ने परम्परागत विश्वास कायम छ जसले गर्दा समाजमा कुनै सम्मानित ज्येष्ठ नागरिकले गलत कुरालाई सही भनी समर्थन गरेमा धेरैजसो मानिस त्यसमा सहमत हुने प्रवृत्ति हुन्छ। यसले युवाहरूको कदर नभएको वास्तविकतालाई थप प्रोत्साहन गर्छ। सरकारमा युवाहरूको सहभागिताको कुरा गर्नु त टाढाको कुरा हो, माथि उल्लिखित अवस्थाले उनीहरूलाई कुनै पनि महत्त्वपूर्ण गतिविधिमा भाग लिनबाट रोक्छ।

यदि उनीहरूलाई कुनै पनि विकास योजनासम्बन्धी कार्यक्रममा आमन्त्रित गरियो भने उनीहरूको उपस्थितिलाई न स्वीकार गरिन्छ न त कुनै जिम्मेवारी नै प्रदान गरिन्छ । लामो समयदेखि शक्ति र अख्तियारी सम्हालेका वा चुनिएका व्यक्तिहरूको हातमा सत्ता र अख्तियार हुनाले भावी पुस्तालाई जिम्मेवारी हस्तान्तरण गर्नका लागि उनीहरूमा

[34] Helvetas Nepal, Youth Leadership in Nepal: At the Intersection of Age, Gender Inequality and Social Exclusion, Accessed October 12,2023, https://www.helvetas.org/en/nepal/who-we-are/follow-us/blog/Nepal-blog-posts/Youth%20leadership%20in%20Nepal

इच्छाशक्ति अभाव छ। युवाहरू कुनै पनि सञ्जाल वा सामूहिक गतिबिधिको हिस्सा बनेका छैनन्। तिनीहरूले त्यस्तो कुनै पनि सामूहिक सञ्जाल वा सङ्गठन बनाउनका लागि सक्षम पनि भएका छैनन् जसले गर्दा उनीहरूका मुद्दा प्रस्तुत गर्ने मञ्चहरूमा उनीहरूको पहुँच सीमित गरेको छ। युवाहरूको अधिकार रक्षाका लागि युवा क्लबहरू बनेका छन् तर तिनलाई आफ्नो भूमिका र जिम्मेवारी पूरा गर्न दिइँदैन ।

यो शून्यताले युवाहरूको विचार र समाधानको उपाय खोज्ने जीवन्त भूमिकाबाट उनीहरूलाई वञ्चित मात्र गर्दैन, उनीहरूको समग्र विकासमा पनि बाधा पुऱ्याउँछ। युवा आवाजहरूको दमनले दृष्टिकोणको विविधता र उनीहरूले अगाडि ल्याउन सक्ने सिर्जनशीलतालाई कम गर्छ। यस किसिमको संलग्नताको कमीले सम्भावितरूपमा सामाजिक मामिलाहरूमा उदासीन बनाउन र लगाव कम गर्न सक्छ जसले प्रगतिका लागि महत्त्वपूर्ण, सशक्त र संलग्न युवा जनसङ्ख्याको उदयलाई कमजोर बनाउँछ।

### ४.२.२ गुणस्तरीय शिक्षा, रोजगारी र व्यक्तिगत विकासमा अवरोधहरू

शिक्षा, रोजगारी र युवाको सर्वाङ्गीण विकासका लागि सहज पहुँच सुनिश्चित गर्न संवैधानिक व्यवस्था, कानुन र नीति छन्। सतहमा आएका चुनौती र कठिनाइहरूको नक्साङ्कन गर्नु अत्यन्तै महत्त्वपूर्ण हुन्छ। सांस्कृतिक अभ्यास, रोजगारीका अवसरहरूको अभाव, आर्थिक अवरोधहरू, साथीहरूको प्रभाव जस्ता कारकहरूले यी चुनौती देखा पर्छन्।

#### बालविवाहले युवाको व्यक्तिगत विकासमा बाधा पुऱ्याउँछ

सप्तरीको सुरुङ्गा-७ का युवासँगको छलफलमा उनीहरूले बालविवाह बढ्दै गएकोमा चिन्ता व्यक्त गरेका थिए। समाजको भेदभावपूर्ण लैङ्गिक पक्षपाती मनोवृत्ति र दृष्टिकोणले बालविवाहको सङ्ख्या बढेको उनीहरूको भनाइ छ। समाजले किशोरीहरू भएका, अझ त्यसमा पनि विशेषगरी १६ वर्ष आसपास उमेरका छोरी भएका परिवारप्रति अनावश्यक चासो राख्छ। त्यस्ता किशोरी र केटाहरूबीच हुने सामान्य कुराकानीलाई समेत शङ्काले हेरिन्छ। यस्ता अफवाह यति भ्रामक हुन्छन् कि केटाकेटीहरू सही बाटोमा छैनन् र भाग्ने सम्भावना छ जस्ता कुराह फैलाइन्छन्। यस्ता हल्लाले केटीको परिवारमा दबाब बढ्छ, छोरीहरूको हितको सट्टा परिवारको इज्जतलाई प्राथमिकतामा राख्छ।

बालविवाहको अर्को कारण पनि युवाहरूले उल्लेख गरेका छन्। कतिपय अवस्थामा विद्यालयमा अध्ययरत केटा र केटीहरू एकापसमा मायाप्रेममा पर्छन् र उनीहरूका आमा/बाबुले चाहेजसरी परम्परागत विवाहलाई अस्वीकार गर्छन्। फलस्वरूप, आमा/बाबुले उनीहरूलाई सानै उमेरमा विवाह गरिदिन्छन्। बालविवाहले थप जिम्मेवारीहरू निम्त्याँउछ। जस्तै- तत्काल छुट्टिने, विशेषगरी आमा/बाबु मात्र निर्णयकर्ता भएकाले दुवै पक्षमा शैक्षिक र पारिवारिक पृष्ठभूमिमा उचित ध्यान नदिएको अवस्था सिर्जना हुन्छ। खोजपुरका युवाहरूले बालविवाहबारे छलफल र चेतना फैलाउने प्रयास गर्दा समुदायबाट कसरी प्रतिरोध सामना गर्नुपरेको थियो भन्ने आफ्नो अनुभव बताए। दलित समुदायमा बालविवाह गर्ने प्रचलन सामान्य रहेको रौतहटको औरहीका दलित युवाले बताएका छन्। बालविवाहले युवायुवतीहरूको सर्वाङ्गीण विकासमा बाधा पुऱ्याउँछ र शिक्षा र रोजगारीबाट टाढा राखेर सुखी र समृद्ध जीवनको सम्भावनामा अवरोध खडा गर्छ।

### ४.२. ३ शिक्षाको अवस्था

महँगो शिक्षा, आर्थिक अभाव र छात्रवृत्ति योजनामा पहुँच नहुनु शिक्षाको पहुँचमा प्रमुख चुनौती हुन्। यी चुनौती सँगसँगै मधेसी युवाहरूलाई प्रभाव पार्ने समस्याहरू बहुआयामिक प्रकृतिका छन्। गुणस्तरीय शिक्षामा पहुँच एक प्रमुख बाधाका रूपमा खडा छ जसले व्यक्तिगत विकास र भविष्यका सम्भावनाहरूमा अवरोध पुऱ्याउँछ। समूहकेन्द्रित छलफलबाट सङ्कलन गरिएका कथाहरूले गुणस्तरीय शिक्षाका लागि आकाङ्क्षी हुँदा युवाहरूले सामना गर्ने सङ्घर्षलाई प्रकाश पार्छ। यसमा पनि विशेषगरी केटीहरू, जो शिक्षामा पुरुषलाई मात्र प्राथमिकता दिने परम्परागत मान्यताहरूको कारणले समस्यामा पर्छन्। उच्च शिक्षामा सीमित शैक्षिक अवसरहरूले युवाहरूलाई उनीहरूको पूर्ण क्षमतामा आफ्नो प्रतिभा विकास गर्ने अवसरहरूबाट वञ्चित गर्ने वातावरण सिर्जना गर्छ।

हरिपुरको वडा नं. २ का युवा समूहसँगको छलफलमा अधिकांश युवाले कक्षा १० सम्म मात्रै पढ्न सक्ने र सीमित आर्थिक स्रोतका कारण उच्च शिक्षा हासिल गर्न कठिन हुने बताए। कक्षा १० सम्मको शिक्षा नि:शुल्क छ, त्यसपछि भने उनीहरूका लागि असहज हुन्छ। यो अवस्थाले प्रायः उनीहरूलाई पढाइ छाडेर काम गर्न बाध्य बनाउँछ। कहिलेकाहीँ उनीहरूले उच्च शिक्षाका लागि आवश्यक शुल्क तिर्न सकून् भनेर आफ्नो कमाइ सङ्कलन गर्छन्। रौतहटको एक किशोरी समूहका सदस्यमध्ये एकले परिवारमा छोरीलाई पढाउँदा उनीहरू साक्षर हुन्छन्, उनीहरूको नागरिकताको प्रमाणपत्र हुन्छ र पछि उनीहरूले सम्पत्तिमा दाबी गर्छन् भनेर पनि उच्च शिक्षाको अवसरबाट वञ्चित गरिन्छ भनिन्।

सुरुङ्गा-७ का युवाहरूले छात्रवृत्ति कार्यक्रममा पहुँच नभएकाले मेहनती र लगनशील विद्यार्थीहरू विशेषगरी सीमान्तकृत समुदायका विद्यार्थीलाई शिक्षाको पहुँचमा बाधा पुग्ने बताए। कक्षाहरूलाई विभिन्न खण्डमा विभाजन नगर्दा एउटै कक्षाकोठामा लगभग १ सय विद्यार्थी बस्छन्। आर्थिक अभावका कारण किताब, नोटबुक, विद्यालयको पोशाक जुटाउन र समयमै विद्यालयको शुल्क तिर्न कठिन हुने र अन्ततः उनीहरू विद्यालय छाड्न बाध्य भएको समूहले बताए।

#### हरिवनको महिला समूहकी एक युवा विद्यार्थीको कथा

'बाल्यकालदेखि नै पढाइमा रुचि भएकाले राम्रो प्रदर्शन गरेकी थिएँ। म कृषि क्षेत्रमा काम गर्थें, खाना पकाएर पढ्थें। तैपनि पढाइमा राम्रो गर्न सकिन्थ्यो। मेरो बुबा किसान हुनुहुन्छ। आमाको स्वास्थ्य राम्रो छैन। मलाई पढाइ जारी राख्न गाह्रो छ। मैले सधैँ सुनेको छु कि विद्यालयमा विद्यार्थीका लागि धेरै सुविधा छन् तर मेरो केहीमा पहुँच थिएन। सेनेटरी प्याडहरू छन् तर हामीले कहिल्यै पाएनौ। यो सजावटका लागि राखिएको जस्तो देखिन्छ। बेटी बचाउ, बेटी पढाउ अभियान[35] अन्तर्गत कक्षा ८ मा

[35] The Nepalese Voice, 'Free Bicycle Distribution Campaign to Schoolgirls Gathering Pace', January 2, 2022, https://shorturl.at/cnosK

अध्ययनरत छात्रालाई साइकल वितरण गर्ने सरकारी व्यवस्था छ तर अहिलेसम्म पाएको छैन । शौचालय हाते पम्पको छेउमा राखिएको छ तर स्वच्छ र सफा छैन । किशोरीमाथि सार्वजनिक ठाउँमा बारम्बार हुने दुर्व्यवहार अर्को समस्या हो ।

म १० कक्षामा पढ्दा चुनावको बेला म्यादी प्रहरीमा भर्ना भएँ जसले मलाई मेरो परिवारको पालनपोषण गर्न मद्दत गर्‍यो । म आफ्नो पढाइलाई निरन्तरता दिन चाहन्छु र मैले मेरो परिवारलाई सानै उमेरमा मेरो विवाह नगर्न आग्रह गरेको छु । कमाएर पढाइलाई निरन्तरता दिन सक्छु भन्ने दृढ सङ्कल्पमा छु तर मेरो परिवारको आर्थिक अवस्था बिग्रियो भने मसँग कुनै विकल्प रहने छैन र उनीहरूले मेरो विवाह गरिदिनेछन् ।

समर्थन नेपालका उपाध्यक्ष सुनिल मल्लिकले पनि अहिलेको शिक्षाको गुणस्तरमा प्रकाश पार्दै गाउँ-गाउँमा गुणस्तरीय शिक्षाको समस्या रहेको बताए । विद्यालय छन् तर पर्याप्त शिक्षक छैनन् । प्राथमिकदेखि माध्यमिकसम्म सबै तहमा एउटै शिक्षकले पढाउने गरेको पाइएको छ । मल्लिकले महिला र बालबालिकाको हितमा राजनीति केन्द्रित हुनुपर्नेमा जोड दिए । युवाहरूलाई गुणस्तरीय शिक्षा दिनु नै वर्तमान अवस्था परिवर्तन गर्ने प्रभावकारी उपाय हो भन्ने उनको दाबी छ । उनले सिपमा आधारित शिक्षा अहिलेको अपरिहार्य आवश्यकता भएको पनि बताए ।

**शिक्षामा पहुँच नहुँदा प्रवासन र बढ्दो बेरोजगारी**

कमजोर आर्थिक अवस्था र रोजगारीका अवसरहरूको अभावले १८ वर्ष पुगेपछि युवाहरूलाई बीचैमा पढाइ छोड्न बाध्य बनाउँछ । लाभदायक रोजगारीको खोजीले मधेसी युवाहरूले सामना गर्ने चुनौतीहरू झन् बढाउँछ । यस क्षेत्रको आर्थिक परिदृश्य व्यावहारिक रोजगारीका अवसरहरूको अभावले बिग्रिएको छ जसले धेरै युवालाई अनिश्चित र अनौपचारिक काम गर्नतिर धकेल्छ । सप्तरी जिल्लाको खोजपुर गाउँका युवाले गाउँभित्र साझा रोजगारीका क्षेत्रहरूमा इँटाभट्टा, निर्माणस्थल, मजदूरी र साना पसलहरूमा सहयोगीको रूपमा काम गर्ने गरेका बताए । हरेक वर्ष गाउँका करिब १०-२० जना युवा राम्रो जीविकोपार्जनको खोजीमा अन्यत्र पलायन हुन बाध्य भएको पनि उनीहरूले बताए । तिनीहरूसँग अन्य विकल्प बाँकी छैनन् । जब वैदेशिक रोजगारीको कुरा आउँछ, स्थानीय एजेन्टहरू त्यसमा संलग्न हुन्छन् र उनीहरूलाई सम्पूर्ण प्रक्रियाका लागि पहिले नै भुक्तानी गरिन्छ । युवाहरूले वैदेशिक रोजगारलाई अवसरका रूपमा हेर्न सकिँदैन भन्ने कुरामा जोड दिए । नेपालमा यो सीमित रोजगारीका अवसरहरू, अत्यावश्यक वस्तु तथा सेवाहरूको बढ्दो लागत, घरको कमजोर आर्थिक अवस्था र न्यून ज्याला दर जस्ता विविध परिस्थितिले सिर्जना गरेको बाध्यता हो ।

सुरक्षित रोजगार अभावले आर्थिक अस्थिरता मात्र होइन, व्यक्तिगत वृद्धि र विकासमा पनि बाधा पुर्‍याउँछ । सप्तरीका प्रमुख जिल्ला अधिकारी भूपेन्द्र थापाले बढ्दो बेरोजगारीप्रति चिन्ता व्यक्त गरे । उनले भने- 'युवाहरूसँग रोजगारीको अवसर छैन, ४३ प्रतिशत युवा बेरोजगार छन् ।' समूहकेन्द्रित छलफलमा दोहोरिएका कुराहरूले जस्तै अर्थपूर्ण रोजगारीका लागि आर्थिक सीमितता हुनु र अवसर नहुँदा युवाहरूको मनोबल कमजोर भएको स्पष्ट तस्बिर बाहिर ल्याएको छ । यी चुनौतीले मधेसी युवाहरूमा बढेको निराशाले लागु पदार्थको दुरुपयोग, विशेषगरी मदिरा र लागु पदार्थको सेवन बढ्दो चिन्ताको विषय रहेको छ । युवाहरूमा लागु औषध दुर्व्यसनको समस्या प्रमुख चिन्ताको रूपमा रहेको सुरुङ्गा नगरपालिका वडा नं. ४ का वडाध्यक्ष देवेन्द्र चौधरीले बताए । उनले गाँजा, लागु औषध, मदिरालगायतका पदार्थको सेवन युवामा ह्वात्तै बढेको बताए ।

पहिले यो ठूलो समस्या थिएन तर भारतसँगको खुला सिमाना, बढ्दो बेरोजगारी र साथीहरूको प्रभावले भारतबाट बारम्बार लागु औषध किन्ने काम थप सहज बनाएको छ । सुरुङ्गा-७ का केही युवाले अभिभावकका लागि बिँडी वा चुरोट किन्न बजार जान थालेपछि धुम्रपान गर्ने बानी परेको बताए । एकजना युवाले आफू स्कुल जाने गरे पनि पढाइमा चासो नभएको बताए । साथीको प्रभावमा उनले तास खेल्न थाले जसले गर्दा उनको पढाइ बिग्रन थाल्यो । उनले राम्रो पढ्न सकेनन् । फलस्वरूप उनी रोजगारीको खोजीमा विदेश पलायन हुन बाध्य भए । धनुषा जिल्लाको मिथिला नगरपालिकाका युवाहरूले पनि आफ्नो ठाउँमा मदिरा सेवन र धूमपानको प्रयोग बढ्दो रहेको बताए । अधिकांश युवामा यो बानी बसेको उनीहरूको भनाइ छ । १६ देखि २९ वर्षका अधिकांश मानिस धुम्रपान गर्छन् । परिवारका जेठो पुरुष सदस्यहरूले धुम्रपान र मदिरा सेवन गरेको देख्दा अरूमा त्यसको ठूलो प्रभाव पर्छ ।

मधेसी समुदायका विशिष्ट सन्दर्भहरू अध्ययन गर्दा यस्ता जटिल चुनौती अझ सूक्ष्म र सान्दर्भिक हुन्छन् । उदाहरणका लागि, नागरिकता प्रमाणपत्र जस्ता अत्यावश्यक सरकारी कागजातहरू प्राप्त गर्नका लागि सरकारी कर्मचारीबाट हुने अवरोध र भ्रष्टाचारलाई युवाहरूले गर्ने सामना धनुषाले प्रकाश पार्छ । धनुषाका युवाहरूमा आत्मविश्वास र संलग्नता बढाउन युवा क्लबहरूले महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन् भने रौतहटका युवा/युवती शैक्षिक चेतना प्रवर्द्धन गर्न किशोरी क्लबमार्फत एकजुट भएका छन् ।

मधेसी युवाले सामना गरेका चुनौतीको श्रृङ्खलाले बहुआयामिक परिदृश्य प्रस्तुत गर्छ जसमा तत्काल ध्यान दिनु आवश्यक छ । सुशासनमा युवा आवाजको दमन, गुणस्तरीय शिक्षामा बाधाहरू, रोजगारीका सीमित अवसरहरू र परिमाणात्मक सामाजिक असरहरूले समग्र र व्यापक दृष्टिकोण माग गर्छन् । प्राप्त निष्कर्षहरूले युवा संलग्नताका लागि मञ्चहरू सिर्जना गर्न, लिङ्गमा-आधारित शैक्षिक अवरोधहरू हटाउन र तिनीहरूको समग्र विकासका लागि पारिस्थितिक पद्धति स्थापनाको आवश्यकतामा जोड दिन्छ । यी चुनौती सम्बोधन गर्नु व्यक्तिगत विकास र कल्याणका लागि मात्र हैन, समग्र मधेसलाई समावेशी, सशक्त र समृद्ध भविष्यतर्फ डोर्‍याउन पनि अति आवश्यक र महत्त्वपूर्ण छ ।

### ४.३ सीमान्तकृत समूहहरूको सङ्घर्ष : भेदभावको श्रृङ्खला

बुटे बस्त्र जस्तो मधेसको जटिल विशेषतामा सीमान्तकृत समूहहरूले सामना गर्ने चुनौतीले उनीहरूको अधिकार प्राप्ति र विकासमा अवरोध सिर्जना गरेको छ । यस खण्डमा यी समूहले अनुभव गरेका गहिरो र प्रणालीगत बाधाहरू खोजिएको छ । समूहकेन्द्रित छलफल, जानकारहरूसँगको अन्तर्वार्ता र घटना अध्ययनबाट प्राप्त विश्लेषणमार्फत यो

अध्यायले भेदभावमा परेका र आवश्यक सेवा तथा अवसरहरूमा सीमित पहुँच भएका यी समूहको पहिचानका कारण कमजोर स्थितिले सिर्जना गरेका गम्भीर असर बाहिर ल्याउँछ।

### ४.३.१ जरा गाडेको सीमान्तीकरण र भेदभाव

मधेसका सीमान्तकृत समुदायहरू भेदभावको बोझसँग लडिरहेका छन् जसले उनीहरूको क्षमतालाई बेवास्ता गर्छ र उनीहरूको अधिकार प्राप्तिमा बाधा पुऱ्याउँछ। समूहकेन्द्रित छलफल, जानकारहरूसँगको अन्तर्वार्ता र घटना अध्ययनले यस्ता भेदभावको पीडा भोगेका व्यक्तिलाई साक्षीका रूपमा प्रस्तुत गर्छ, तिनीहरूका कथाले यस मुद्दाको व्यापकतालाई प्रकाश पार्छ।

समूहकेन्द्रित छलफलमा धनुषाको शहीदनगरका सहभागीले भने- ‘नगरपालिकाले सिप विकास तालिम सञ्चालन गर्छ तर तालिम लिनेहरू धनी हुन्छन्। वडाध्यक्षका आफन्त वा प्रभावशाली व्यक्तिले मात्रै रोजगारी पाउने चलन छ। वार्षिक योजना, नीति र बजेट तयार गर्दा स्थानीय सरकारले हामीसँग परामर्श गर्दैनन्। एकपटक हामीले हाम्रा आवश्यकता वार्षिक योजना, नीति र बजेटमा समावेश गर्न बाँकी रहेको उनीहरूलाई बतायौँ। त्यसपछि योजना लगेर दियौँ तर समावेश गरेनन्।

सुरुङ्गा नगरपालिकालगायत विभिन्न क्षेत्रमा जातीय विभेद कायमै छ। तर दलितलाई आर्थिकरूपमा आत्मनिर्भर बनाइयो भने भेदभावपूर्ण अभ्यासहरू कम गर्न मद्दत गर्न सक्ने सहभागीले औंल्याए। जातीय भेदभाव प्रायः परिवारको आर्थिक स्थितिसँग पनि मेल खान्छ र यसले वर्गमा आधारित जातीय भेदभावलाई गतिशील बनाउँछ। भेदभावपूर्ण अभ्यासहरू सतहमा भइरहेका देखिए तापनि स्थानीय जनप्रतिनिधिहरूमा नकारात्मक धारणा कायम छ। उदाहरणका लागि- हरिपुरका मेयरले मुसहर समुदायको चिनारीका सन्दर्भमा अपमानजनक भाषा प्रयोग गरेका एक घटनालाई लिन सकिन्छ।

### ४.३.२ अत्यावश्यक सेवा र अवसरहरूमा सीमित पहुँच

भेदभाव व्यक्तिगत अन्तर्क्रिया, छानविन निकायहरू र प्रणालीको सीमा भन्दा बाहिर फैलिएको छ जसले सीमान्तीकरणको चक्रलाई निरन्तरता दिन्छ। यहाँ प्रस्तुत भाष्यले एक गम्भीर वास्तविकताको पर्दाफास गर्छ जहाँ नागरिकले अधिकार दाबी गर्दा प्रतिरोध र पूर्वाग्रह सामना गर्छन् र जसले महिलालाई अवसर र सेवामा समान पहुँचबाट वञ्चित गर्छ। सीमान्तकृत समुदायका सदस्यले दैनिक जीवनमा आफूलाई किनारामा भेट्टाउँछन्, आवश्यक सेवा र अरूलाई सजिलै उपलब्ध हुने अवसर उनीहरूलाई उपलब्ध गराउन अस्वीकार गरिन्छ।

धनुषाको शहीदनगर निवासी हरुवा/चरुवा समुदायकी एक महिला उत्तरदाताले निराशापूर्वक आफ्नो समुदायको पीडा सुनाइन्। उनले निराश हुँदै भनिन्- ‘नगरपालिकाले हामीलाई कुनै भत्ता वा सेवा उपलब्ध गराउँदैन, हाम्रो अस्तित्व छैन त्यसैले उनीहरूसँग विष नै माग्दा पनि दिँदैनन्।' मेयर र वडाध्यक्षलाई भोट दिए पनि आफ्नो समस्या कसैले बुझ्न नचाहेको उनीहरू बताउँछन्। कोभिड-१९ को समयमा अन्य नगरपालिकामा मेयरले ५-१० हजार रुपियाँ उपलब्ध गराए पनि उनीहरूको बस्ती शहीदनगरमा भने राहत उपलब्ध गराइएन।

बजेट विनियोजनको विषयमा पनि उनीहरू अन्योलमा थिए। यस नगरपालिकामा सडक, ढल, पिउने पानीलगायतका पूर्वाधारको निकै अभाव छ। त्यहाँ एउटा मात्र हाते पम्प उपलब्ध छ जसले यो क्षेत्रमा ५ देखि ७ परिवारलाई सेवा दिन्छ। समूहकेन्द्रित छलफलको समयमा सहभागीहरूले व्यवस्थापनमा कमजोरीका कारण सम्बन्धित अधिकारीहरूको प्राथमिकतामा आफूहरू नपरेको महसुस गरे। त्यहाँ जनताको मौलिक हक हनन गरी निर्माण कार्य भइरहेको चर्चा भएको थियो। मैनाथपुरको वीरेन्द्र बजारमा सडक विस्तारको क्रममा पूरै भत्किएपछि धेरै दलित घर छाड्न बाध्य भएको घटना पनि सुनाए। समूहकेन्द्रित छलफलका एकजना सहभागीले आफू अपाङ्ग भएको तर अहिलेसम्म कुनै अपाङ्गता भत्ता नपाएको बताए। उनको अवस्थाबारे नगरपालिकाबाट कुनै प्रतिक्रिया आएको छैन। यसले सीमान्तकृत जनतालाई अधिकारबाट वञ्चित गरेर कसरी सीमान्तीकरणमै राखिएको छ भन्ने प्रष्ट पार्छ।

भररिया, धनौजी नगरपालिकामा बसोबास गर्ने दलित समुदायले बारम्बार बाढीको सामना गर्नुपर्छ। जमुनी र बेलौती खोलाको बीचमा बसोबास गर्ने यस समुदायका घर तथा जग्गा प्रत्येक वर्ष डुबानमा पर्छन्। कहिलेकाहीँ घरमा हुने क्षति कम हुन्छ र कहिलेकाहीँ यस्तो क्षति बढी हुन्छ जसले घरहरू पूर्णरूपमा ध्वस्त पार्छ। वडाका सम्बन्धित अधिकारी आएर जानकारी लिए पनि स्थानीयले क्षतिपूर्ति पाएका छैनन्। बाढीले घर वार्षिकरूपमा क्षतिग्रस्त हुन्छ र वार्षिक मर्मत खर्च नै ४० देखि ५० हजार रुपियाँसम्म हुन्छ। जग्गा मालिकहरूले ऋण दिन्छु त भन्छन् तर ३० देखि ४० प्रतिशतसम्मको उच्च ब्याज दर लगाउँछन्। एकजना ऋण लिने व्यक्तिले साँवा रकमसमेत तिरिसकेका थिए। ऋणदातालाई मिटर ब्याज तिर्न नपर्ने अदालतको सूचना प्राप्त भए पनि ऋण लिएका दलित समुदायका सदस्यले अहिले पनि ऋण दिने परिवारबाट ब्याजसहित ऋण तिर्न दबाब झेलिरहेका छन्। बाढीको अर्को ठूलो असर बालबालिकाको शिक्षामा पनि पर्छ। बाढीले गर्दा बालबालिकालाई विद्यालय पठाउन अत्यन्तै चुनौतीपूर्ण हुन्छ जसले उनीहरूको पढाइमा नकारात्मक प्रभाव पार्छ।

गरिबी एउटा जाल हो जहाँ फसेपछि बाहिर निस्कन मुस्किल पर्छ। गरिबीबाट मुक्तिका लागि धेरै पुँजी चाहिन्छ। यही पुँजी जुटाउने क्रममा गरिबीको जाल सिर्जना हुन्छ। जब नागरिकसँग पुँजीको कमी हुन्छ यसलाई प्राप्त गर्न गाह्रो हुन्छ र गरिबीको चक्र सिर्जना हुन्छ।[36] मधेसका सीमान्तकृत समुदाय गरिबीको जालमा फसेका छन्।

जानकारहरूसँगको अन्तर्वार्तामा सहभागीले मैथिली भाषाको अवरोध पनि आर्थिक प्रणालीमा पहुँच नहुने एउटा मुख्य कारण रहेको उल्लेख गरेका मैथिली भाषा विशेषज्ञ पुनम झाले जानकारी दिइन्। मधेस प्रदेशका सीमान्तकृत समुदाय मैथिली, भोजपुरी वा अवधी जस्ता स्थानीय भाषा बोल्छन्। तथापि ती भाषा न विद्यालयका शैक्षिक

[36] Investopedia, Poverty Trap: Definition, Causes, and Proposed Solutions, Accessed October 12, 2023, https://www.investopedia.com/terms/p/poverty-trap.asp

गतिविधिमा प्रयोग हुन्छन् न त सरकारी कार्यालयमा आधिकारिक कामकाजका लागि नै । मानिसले बोल्ने वा नबोल्ने भाषाले रोजगारी, शिक्षा आर्जनको पहुँच सीमित र सहज बनाउने, सामाजिक कार्यमा उनीहरूको सहभागिता सीमित बनाउनेदेखि सहजीकरण गर्दै आर्थिक अवस्थालाई महत्त्वर्ण प्रभाव पार्न सक्छ ।[37]

समूहकेन्द्रित छलफलमा सहभागीहरूले आफूसँग जग्गाको स्वामित्व नभएकाले भूमिहीन भएको बताए । आफ्नो समुदायका २-३ व्यक्तिको मात्रै जग्गा रहेको र ती व्यक्ति अहिले विदेशमा काम गरिरहेका जानकारी पनि दिए । मेयरले आवश्यक प्रक्रिया पूरा गरी पत्र दिए पनि जग्गाको स्वामित्वको प्रमाणपत्र जारी हुन सकेको छैन । धनुजी-४ भररियामा एक दलित महिलालाई वडा सदस्यमा नियुक्त गरेको तर उनले आफ्नो अधिकार प्रयोग गर्न नसकेको खुलासा भएको छ । केही राम्रो गर्न चाहेको भए पनि आफ्नो राजनीतिक दलबाट आउने दबाबले उनलाई आफ्नो कर्तव्य पूरा गर्नबाट रोक्छ । त्यसैगरी धनुषा जिल्लाको हरुवा/चरुवा जस्ता सीमान्तकृत समूहका लागि सीमित तालिम छन् तर त्यसबारेमा उनीहरूलाई कम जानकारी छ र यी तालिममा धेरैजसो अन्य समुदायबाट विशेषाधिकार प्राप्त व्यक्तिहरू सहभागी हुन्छन् ।

धनुषाका हरुवा/चरुवा (दलित) सँग भएको समूहकेन्द्रित छलफलका क्रममा नगर प्रमुख र वडाध्यक्ष दुवैजना जग्गा धनी र अन्य प्रभावशाली व्यक्तित्वबाट प्रभावित हुने गरेको उल्लेख गरिएको थियो । हरुवा/चरुवाको तुलनामा ती व्यक्तिको स्थानीय सरकारका प्रतिनिधिहरूमा बढी पहुँच छ र उनीहरूले सरकारी सेवाहरूमा हरुवा/चरुवाको पहुँच पुग्नबाट बाधा पनि पुर्‍याउँछन् । एक सहभागीले राष्ट्रिय भूमि आयोगले भूमिहीनहरूलाई जग्गा उपलब्ध गराउने क्रममा भएको घटना सुनाए । उनले त्यसका लागि निवेदन दिने प्रयास गरे र प्रमाणीकरणका लागि नगर प्रमुखसँग सहयोग मागे । तर आयोगका केही प्रतिनिधिको भनाइको विरोध गर्दै मेयरले उक्त क्षेत्रमा भूमिहीन नै नभएको दाबी गरे । भूमिहीन व्यक्तिहरूलाई सहयोग गर्न नचाहने नगर प्रमुखले पहिले नै जग्गा भएको व्यक्तिले थप जग्गा पाएमा निम्तन सक्ने सम्भावित परिणामबारे चिन्ता व्यक्त गरे।

उनीहरूले सामना गर्ने बाधा धेरै छन् । जस्तै- शिक्षाको पहुँचमा भाषिक अवरोधले बाधा पुर्‍याउँछ, सीमित आर्थिक अवसरहरूले उनीहरूलाई गरिबीको चक्रमा फसाउँछ । यी बाधा व्यक्तिगत अवरोधहरू मात्र होइन, सामूहिक अन्यायहरू पनि हुन् जसले सीमान्तकृत समुदायहरूलाई उनीहरूको पूर्ण क्षमता महसुस गर्न र सामाजिक संरचनामा योगदान गर्नबाट रोक्छ । यी व्यक्तिका कथाले शिक्षा, स्वास्थ्य सेवा र आर्थिक सम्भावनाहरू सुरक्षित गर्न उनीहरूले सामना गर्नुपरेका सङ्घर्षको ज्वलन्त अवस्था चित्रण गर्छ ।

**४.३.३ अन्तरसम्बन्धित पहिचानका कारण मानव अधिकार  दुरुपयोगको जोखिम**

सीमान्तकृत समूहका सदस्यहरू आफ्नो पहिचानको अन्तरसम्बन्धका कारण मानव अधिकार हननका अनुभव भोग्नुलाई पनि चुनौती मान्छन् । प्राप्त भाष्यले लिङ्ग, जात र वर्गको अन्तरसम्बन्धलाई जोड दिन्छ जसले जोखिमता बढाउँछ । उदाहरणका लागि दलित महिलाले लिङ्ग र जात दुवै कारणले भेदभावको दोहोरो बोझ सहनुपरेको छ । यो अन्तरसम्बन्धले हिंसा, बहिष्कार र शोषणका लागि उनीहरूको जोखिम बढाउँछ, दुर्व्यवहारको चक्रलाई निरन्तरता दिन्छ । जुनबाट मुक्त हुन गाह्रो छ ।

साथसाथै मधेसमा रोजगारीका अवसर अभाव छ । धान रोप्ने मौसम (जेठ-असार) वा फसल काट्ने महिना (कात्तिक-मङ्सिर) मा मात्र काम उपलब्ध हुन्छ । अरू बेला कामका अवसर नहुँदा उनीहरूलाई थप जोखिममा पार्छ । जग्गा धनीहरूले ट्र्याक्टर किनेका छन्, जसले रोजगारीका अवसर घटाउँदैछ । उनीहरूले जहिले जहिले आफ्ना चिन्तासहितका आवाज बाहिर ल्याउँछन्, त्यसप्रति बेवास्ता गरिन्छ र जवाफ दिइन्न । उनीहरूमध्ये धेरैजसो पानी, बिजुली वा शौचालय सुविधाको पहुँचबिना साँघुरो घरमा बस्न बाध्य छन् ।

त्यसैगरी, इँटा भट्टाको कठिन वातावरणमा काम गर्ने अधिकांश व्यक्ति दलित पृष्ठभूमि र अति विपन्न परिवारबाट आएका छन् । उनीहरूलाई प्रायः भट्टा मालिकद्वारा शोषण गरिन्छ, हप्ताको सातै दिन काम गर्न बाध्य पारिन्छ । ७०० रुपियाँ कमाउन दैनिक १ हजार इँटा उत्पादन गर्नुपर्छ । यो कठोर वास्तविकताले बालबालिकासहित परिवारका सबै सदस्यलाई इँटा भट्टाको असुरक्षित वातावरणमा जेलिन बाध्य बनाउँछ ।

परिवारका सदस्यहरू बालबालिकासहित इँटाभट्टाको असुरक्षित वातावरणमा काम गर्छन् । उनीहरूका लागि साप्ताहिक बिदासमेत छैन । नेपालको श्रम ऐनअनुसार रोजगारदाताले कुनै पनि कामदारलाई दिनको ८ घण्टा र साताको ४८ घण्टा भन्दा काममा लगाउन पाइँदैन । साथै श्रमिकलाई बिदा सुविधा, सञ्चय कोष, उपदान, स्वास्थ्य बिमालगायतका सुविधा उपलब्ध गराउनुपर्छ ।[38] तथापि नेपालमा श्रम कानुनको उल्लङ्घन भइरहेको छ । एउटै इँट्टा भट्टामा वर्षौं काम गरिरहेका श्रमिकहरूले त्यस्तो कुनै सुविधा पाएका छैनन् ।

परिवारका सदस्यहरू इँटा भट्टामा काम गर्ने भएकाले प्राय: बालबालिका विद्यालयको पढाइबाट वञ्चित हुन्छन् । नोभेम्बर २०२२ मा नेपाल प्रहरीले इँटा कारखानामा काम गर्ने बन्धक बनाइएका ३८ जना भारतीय नागरिकको उद्धार गरेको थियो ।[39] रौतहटको औराहिदीको इँटा भट्टामा यस किसिमको नव-दास प्रथाको नयाँ रूप देख्न सकिन्छ । सबैला नगरपालिका धुलबाजाका एकजना सहभागीका अनुसार एकजना अपरिचित व्यक्तिले उनीहरूका लागि राम्रा वस्तु र सुविधा लिएर फर्किन्छु भन्दै मुसहर समुदायका सदस्यहरूको नागरिकता प्रमाणपत्र सङ्कलन गरे । तर उनी कहिल्यै फर्केनन् । मुसहरहरूले न आफ्नो नागरिकता पाए न त कुनै सुविधै । सङ्घीय सरकारले दिने वृद्ध भत्तामा पनि उनीहरूको पहुँच छैन । समुदायका सदस्यहरूको नागरिकताको दुरुपयोग गरिँदा २ छाक खान नपाउने मुसहर समुदाय २१ करोड कर छलीको मुद्दा सामना गरिरहेका छन्।[40]

---

[37] Multilingual Matters, Language and Poverty, Accessed October 12,2023, https://www.multilingual-matters.com/page/detail/Language-and-Poverty/?k=9781847691194
[38] The Labour Act, 2017(2074), Accessed on October 12,2023, Available:  https://www.lawcommission.gov.np/en/wp-content/uploads/2021/03/The-Labor-Act-2017-2074.pdf
[39] Outlook, 38 Indians Working As Bonded Labourers In Nepal Brick Factory Rescued: Police, Accessed on October 12, 2023, https://www.outlookindia.com/national/38-indians-working-as-bonded-labourers-in-nepal-brick-factory-rescued-police-news-236654
[40] Online khabar,These 2 poor families don’t have 2 meals a day, but they’re facing a Rs 210 million tax evasion case, Accessed on October 12,2023,https://english.onlinekhabar.com/fake-tax-evasion-musahar-men.html

दलित अभियन्ताहरूले दलित महिलालाई दलित र महिला भनेर अन्तर्सम्बन्धित गरिएका कारण थप पीडा भएको बताए । भेदभावको अवस्थामा पनि उनीहरू प्राय: मौन बसी आफ्नो समुदायले भोग्ने पीडाको हिस्सा बन्नुपर्छ । यो दुर्भाग्यपूर्ण अवस्थालाई उनीहरूको गम्भीर आर्थिक परिस्थितिले अझ खराब बनाइदिएको छ । यसबाहेक, दलित समुदायभित्र पनि कतिपय व्यक्ति अरू भन्दा बढी सीमान्तीकरणको सामना गर्छन् । उदाहरणका लागि, एक सहभागीले मधेस सरकारमा पहाडी मूलका दलितहरूको प्रतिनिधित्व नभएको औंल्याए । उनीहरूलाई मुख्यतया भोट बैङ्कका रूपमा मात्र हेरिन्छ । कानुनी व्यवस्था भए पनि जातीय विभेद कायमै छ ।

तैपनि यी चुनौतीका बीचमा लचिलोपन र सुधारका झिल्का भने चम्किन थालेका छन् । समूहकेन्द्रित छलफल, जानकारहरूसँगको अन्तर्वार्ता र घटना अध्ययनका क्रममा सुनाइएका कथाहरूले सीमान्तकृत समुदायहरूको बल र दृढताको झल्को दिन्छ । सङ्गठित हुन, चेतना जगाउन र आफ्नो अधिकार दाबी गर्ने उनीहरूका पहलले रूपान्तरणलाई मलजल गरिरहेको छ र विद्यमान विभेदकारी मूल्य/मान्यतामाथि प्रश्न उठाइरहेको छ । पुस्तौँसम्म मौन रहेका आवाज अब भेदभावविरुद्ध अगाडि बढ्दै सेवा र अवसरहरूमा समान पहुँचको माग गर्दैछन् । सीमान्तकृत व्यक्तिहरूका कथाले विभिन्न प्रतिकूलता पार गर्दै आशाको किरणका रूपमा काम गर्न थालेका छन् र सशक्तीकरण र एकताको माध्यमद्वारा परिवर्तनका सम्भावना प्रदर्शन गर्न थालेका छन् ।

प्रणालीगत भेदभाव अन्त्य गर्न, सेवाहरूमा समान पहुँच सुनिश्चित गर्न र अन्तर्विच्छेदित परिचयका जटिलताहरू पहिचान गर्न एक व्यापक र अन्तरविभेद कम गर्ने दृष्टिकोण आवश्यक पर्छ । सीमान्तकृत समुदायलाई सशक्तीकरण गर्नु भनेको ऐतिहासिक अन्यायहरू सुधार्नु मात्र होइन, यो त समावेशी समाजको पालनपोषण गर्नु पनि हो जहाँ प्रत्येक व्यक्ति आफ्नो पृष्ठभूमि जस्तोसुकै भए पनि आफ्नो विकास गर्न सक्छ । यी कथा सुनेर र सिकेर मधेसले भेदभावका शृङ्खला भत्काएर सबैको हक र मर्यादा कायम रहने भविष्य निर्माण गर्न सक्छ ।

# अध्याय ५ : मानव अधिकार, मौलिक स्वतन्त्रता र नागरिक स्थलको प्रवर्द्धन

मधेसमा समतामूलक र न्यायपूर्ण समाज स्थापनातर्फको यात्रामा मानव अधिकार र मौलिक स्वतन्त्रताको प्रवर्द्धन महिला सशक्तीकरणसँग जोडिएको छ । यस खण्डले भेदभावको बन्धनलाई चकनाचुर पारेका, परिवर्तनका लागि नेतृत्व गर्ने अग्रगामी महिलाहरूको उल्लेखनीय कथाहरू प्रकाश पार्छ । महिला सशक्तीकरण र नेतृत्वको उदाहरणहरू देखाउँदै, यो खण्डले मानव अधिकारको वकालत गर्न र विकासको वातावरण निर्माणमा महिलाले निर्बाह गर्ने निर्णायक भूमिकालाई रेखाङ्कित गर्छ । यसबाहेक, लैङ्गिक-उत्तरदायी नीति र कार्यक्रमहरूको श्रेयले सफलताको आशासहित प्रेरणादायी महिलाहरूको जीवन र व्यापक सामाजिक परिदृश्यमा समर्पित प्रयासहरूको ठोस प्रभावलाई कथाहरूका रूपमा चित्रण गर्छ ।

## ५.१ महिला

### ५.१.१ महिला सशक्तीकरण र नेतृत्वको उदाहरणहरू प्रदर्शन गर्दै मानव अधिकारको

मधेसमा महिला सशक्तीकरण भन्नका लागि भनिने विषय मात्र हैन, यो प्रष्टसँग देख्न सकिने यथार्थ हो । सामाजिक हानिकारक मूल्य/मान्यतालाई चुनौती दिने र नेतृत्वमा पुगेका महिलाको कथा रूपान्तरणका आकर्षक उदाहरणका हुन् । अहिले विभिन्न पेसा अङ्गाल्ने र घर/परिवार चलाउने दोहोरो भूमिका भए पनि मधेस प्रदेशमा मुख्यतः महिलाको घरायसी जिम्मेवारी कायमै छ । जुनसुकै लिङ्गको भए पनि प्रत्येक व्यक्तिभित्रको अन्तर्निहित क्षमताको जीवित प्रमाणका रूपमा यी महिलाले समाजको सेवा गर्छन् ।

उपप्रमुख, वडाध्यक्ष वा मानव अधिकार अभियन्ताको हैसियतमा दलित महिलाले लैङ्गिक बन्धनको सिमाना तोड्दै अरूहरूले पनि आफूलाई पछ्याउने बाटो कोरिरहेका छन् । सर्लाहीको हरिपुर नगरपालिकाकी उपप्रमुख नीलमदेवी रेले विवाह गरेर भारतबाट नेपाल आएपछि आफूमा धेरै परिवर्तन भएको बताइन् । सङ्घीयताअघि ‘घुम्टो’ मा सीमित उनी अहिले हरिपुर नगरपालिकाको कुर्सीमा बसेर आफैँ निर्णय गरिरहेकी छन् । उनले आफूलाई सशक्त महसुस गरेको बताएकी छन् । उनले महिलाका मुद्दामा आफूले ध्यान केन्द्रित गरेको र उनीहरूको अधिकार रक्षाका लागि काम गरिरहेको पनि बताइन् । उनले आफ्नो नगरपालिकामा न्यायिक समितिको नेतृत्व गरिरहेकी छन् र महिला अधिकार हननका मुद्दालाई इमान्दारिताका साथ सम्हालेको बताएकी छन् ।

अध्ययनका क्रममा भेट हुँदा धनुषा जिल्लाको गणेशमान चारनाथ नगरपालिकाको वडा नम्बर ९ मा वडा सदस्यका रूपमा कार्यरत एक दलित महिला श्रीमानसँगै थिइन् । उनीसँग कुराकानी गर्दा घरीघरी उनका श्रीमानले नै उत्तर दिएको देखियो । तैपनि वडा सदस्यका रूपमा आफ्नो जिम्मेवारीहरू छलफल गर्दा उनको आत्मविश्वास बलियो थियो । उनले आर्थिक आत्मनिर्भरताका लागि अन्य दलित महिलालाई सशक्तीकरण गर्नुपर्ने विचार उल्लेख गरिन् । वडा कार्यालयको बैठकमा उनले दलित महिलाका लागि सिपमूलक तालिमका लागि बजेट विनियोजन गर्न निरन्तर वकालत गरिरहेकी छन् । आफ्नो प्रयासबाट उनले धेरै दलित महिलालाई नगरपालिकाले आयोजना गरेको सिलाइकटाइ तालिममा भाग लिने बनाउन सफल भइन् ।

यी कथाले मानव अधिकारको वकालतमा महिलाहरूले निर्वाह गर्ने निर्णायक भूमिकालाई पनि जोड दिन्छन् । तिनीहरूको आवाज, अनुभव र दृष्टिकोणले कुनै पनि छलफललाई सूक्ष्मरूपमा गहिराइमा पुऱ्याउँछ र अस्पष्ट रहनबाट जोगाउँछ ।

### ५.१.२ मानव अधिकार पैरवीमा महिलाको भूमिकामा जोड

महिला अधिकारको वकालतले उनीहरूले सामना गर्ने अन्याय र असमानताहरू सम्बोधन गर्ने ठोस कार्यहरूको रूपरेखा प्रस्तुत गर्छ । लैङ्गिक हिंसा अन्त्यको माग गर्ने तल्लो तहका आन्दोलनदेखि लिएर स्थानीय तहमा वार्षिक योजना र नीति निर्माणमा सहभागिताको वकालत गर्ने अभियानहरूसम्ममा महिलाहरू वास्तविक परिवर्तनका लागि अग्रपङ्क्तिमा छन् । रौतहटको परिवर्तन नामक किशोरी समूहका अध्यक्ष पविताकुमारी पासवानसँगको अन्तर्वार्तामा उनले भवानीपुरबाट प्रशिक्षक ल्याएर युवतीहरूलाई प्रजनन स्वास्थ्यसम्बन्धी तालिम व्यवस्था गर्न सकेको बताएकी छन् । दलित समुदायका महिला सानै उमेरमा विवाहित हुने भएकाले प्रजनन स्वास्थ्यसम्बन्धी तालिम आवश्यक हुने उनले बताइन् ।

बालिकाको शिक्षा र २० वर्ष पुगेपछि मात्र विवाह गर्नका लागि अभिभावकलाई चेतना जगाउने काममा आफू र समूहका सदस्यहरूले काम गरिरहेको उनी बताउँछिन् । आफ्ना छोरीहरूले १६ वर्ष उमेर पुगेपछि नागरिकता पाउने कुरा सुनिश्चित गर्न अभिभावकहरूबीच चेतना जगाउने कार्यमा पनि उनी जोड दिन्छिन् । यसले उनीहरूलाई दुर्व्यवहारबाट जोगाउने मात्र होइन, देशको नागरिकका रूपमा उनीहरूको अधिकार सुनिश्चित पनि गर्छ । उनीहरूको यात्राले भेदभावलाई भाग्यका रूपमा स्वीकार गर्ने स्थितिको वैधानिकतालाई चुनौती दिने परिवर्तनको झल्को दिन्छ । यो सशक्तीकरण शिक्षाको महत्त्व छ भन्ने बढ्दो मान्यतामा आधारित छ र यसले रूपान्तरणकारी मानसिकताको चित्रण गरेको छ । राज्यका सबै निकायमा महिलाको ३३ प्रतिशत प्रतिनिधित्व सुनिश्चित गर्ने र स्थानीय तहमा उनीहरूको भरपर्दो प्रतिनिधित्व सुनिश्चित गर्ने जस्ता उपायले महिला सशक्तीकरणका लागि मुख्य भूमिका निर्वाह गरेका छन् ।

यी पहलले महिलालाई निर्णय गर्ने स्थानमा बसाएका मात्र छैनन्, उनीहरूको आवाज र सरोकारलाई पनि बाहिर ल्याएको छ।[41] यी पदमा बसेर, महिलाले नीतिहरूमा प्रभाव पार्ने र उनीहरूको अधिकारबारे वकालत गर्ने क्षमता महसुस गर्दैछन्, जसले गर्दा थप समावेशी र प्रतिनिधिमूलक शासन संरचनामा योगदान पुऱ्याइरहेका छन्।

अन्तमा, मधेसमा मानव अधिकार, मौलिक स्वतन्त्रता र नागरिक स्थलको प्रवर्द्धन गर्ने बाटो महिला सशक्तीकरणसँग अन्तर्निहित छ। विभिन्न अवरोध पार गरेर नेतृत्वमा पुगेका महिलाको कथा सशक्तीकरणको परिवर्तनकारी शक्तिको प्रमाण बनेको छ। मानव अधिकारका लागि उनीहरूको वकालतले वास्तविक परिवर्तनको गहिराइ मापन गर्छ, प्रामाणिकता थप्छ र मूर्त परिवर्तनका लागि बाटो देखाउँछ। लैङ्गिक-उत्तरदायी नीति र कार्यक्रमहरूको सफलताका कथाहरूले महिला सशक्तीकरणका लागि ठोस प्रयासहरू गर्दा रूपान्तरणका सम्भवनाहरूको मार्गदर्शन बन्छ भन्ने सूचित गरेको छ। महिला सशक्तीकरणतर्फको विकास क्रमिक र स्थिर छ। स्थानीय तहमा निर्वाचित महिला जनप्रतिनिधिहरूले महिलाको आवश्यकता र अधिकारका लागि आवाज उठाइरहेका छन् ।

सुरुङ्गा वडा ४ का महिलाहरू वार्षिक वडास्तरीय योजना र नीतिहरूको चयन प्रक्रियामा सक्रियरूपमा सहभागी हुन्छन्। उनीहरू योजना र नीतिहरूमा आफ्ना लागि सिपमूलक तालिम कार्यक्रमहरू समावेश गर्न र सशक्तीकरणका लागि वकालत गर्छन्। यी कथा आत्मसात गरेर मधेसले यस्तो भविष्य बनाउन सक्छ जहाँ महिला अधिकारको रक्षा गरिन्छ, जहाँ उनीहरूको नेतृत्वलाई पर्वका रूपमा मनाइन्छ र जहाँ उनीहरूको योगदानलाई समाज विकासको केन्द्रविन्दुका रूपमा ग्रहण गरिन्छ। नेपाल पत्रकार महासङ्घ धनुषाकी अध्यक्ष मनिका झा सञ्चार माध्यममा सान्दर्भिक मुद्दाहरू उठाउने र आफ्नो नेतृत्वबाट सीमान्तकृत समुदायलाई सशक्तीकरण गर्ने कार्यमा योगदान पुऱ्याएबापत स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय संस्थाबाट पुरस्कृत भएकी छन्।[42]

## ५. २ युवा

### ५.२.१ भविष्य सशक्तीकरण : मानव अधिकारका लागि युवा नेतृत्वको पहल

मधेसको गतिशील परिदृश्यमा मानव अधिकार, सामाजिक न्याय र सकारात्मक परिवर्तनमा यस क्षेत्रलाई दरिलो भविष्यतर्फ डोऱ्याउन यहाँको युवा शक्ति सक्षम छ। यो खण्डले युवा नेतृत्वमार्फत भएका रूपान्तरणकारी पहल, सामाजिक न्यायका लागि उनीहरूले गरेका अभियानको प्रभाव र मानव अधिकार संस्कृतिको विकासमा अन्तरपुस्ता संवादको महत्त्व बुझाउँछ।

मधेसी युवाहरू ऊर्जा, नवप्रवर्तन र दृढ सङ्कल्पका मुहान हुन्। परम्परागत सीमाहरू भत्काउने, असङ्ख्य सामाजिक पहलमार्फत परिवर्तन ल्याउन सक्ने उनीहरूको क्षमता उदाहरणीय छ। मधेसी युवाले स्थानीयस्तरमा संस्थाहरू र सामुदायिक परियोजनाहरू स्थापना तथा सञ्चालन गरेर मानव अधिकार र दिगो विकास अगाडि बढाउने आफ्नो पहल प्रदर्शन गरिरहेका छन्।

धनुषाको मिथिला नगरपालिकाका युवाहरूले बाल तथा युवा समूह बनाएर बालबालिका र युवाहरूको सङ्गठनबारे छलफल गरेका छन् । दर्ता भएका युवा समूहहरूले बालबालिका र युवाहरूको बहुआयामिक विकास गर्नका लागि खुला/सडक नाटक, कविता, हाजिरीजवाफ प्रतियोगिता र अन्य गतिविधिमा सहभागिता सुनिश्चित गराएर बालबालिका र युवाहरूलाई सशक्त बनाएका छन्। युवा समूहकी एकजना सदस्यले आफू पहिले बाल समूहको सदस्य भएको र त्यसपछि युवा समूहमा लागेपछि जस्तोसुकै ठूलो भीडको सामना गर्न र बोल्न सक्ने आत्मविश्वास बढाएको बताइन्। अहिले कुनै पनि दर्शकको अगाडि बोल्न डर नलाग्ने उनी बताउँछिन्। युवा समूहमा आफ्नो सहभागितामार्फत उनले धेरै साथी बनाइन् र त्यसमार्फत आफ्नो सञ्जालसमेत विस्तार गरिन् जसले उनलाई आफ्नो पढाइ पनि सँगसँगै लैजान उत्प्रेरित गऱ्यो। युवाहरूले वातावरण संरक्षण, लैङ्गिक समानता र शिक्षामा पहुँच जस्ता सवालमा स्थानीय अभियानहरू सुरु गरेर परिवर्तन स्थानीय स्तरबाटै सुरु हुन्छ भन्ने सन्देश दिइरहेका छन्।

### ५.२.२ सामाजिक न्याय र सकारात्मक परिवर्तनका लागि युवा-सञ्चालित अभियानहरू प्रदर्शन

अनुसन्धानमा सहभागी युवाहरूले वातावरण संरक्षण र वृक्षरोपण अभियानमा आफ्नो सहभागिता रहेको बताए। उनीहरूले धनुषा जिल्लाको मिथिला नगरपालिकाका दिलीप महतोलाई नदीजन्य पदार्थको अवैध उत्खननको विरोध गर्दा टिपरले किचेर मारेको दुःखद घटना पनि सुनाए। मिथिला नगरपालिकाका युवाहरू अहिले दिलीप महतोको मुद्दामा न्यायको वकालत गरिरहेका छन्। उनीहरूको प्रयास र ठोस नतिजाहरूले मानव अधिकारको मूल्य/मान्यता प्रवर्द्धन र समर्थन गर्ने समाज निर्माणमा युवाहरूको निर्णायक भूमिकामाथि जोड दिएको छ। मधेसमा युवा-सञ्चालित अभियानहरू उनीहरूको आवाज र मुद्दाहरूलाई व्यापक बनाउन सहायक बनेका छन्। दिलीप महतोको घटनाले नदीजन्य पदार्थको अवैध उत्खननप्रति सञ्चार माध्यम र सरकारको ध्यानाकर्षण गराएको छ जसले कुनै पनि आवाज र समस्या सबैसामु ल्याउन युवाहरूले निर्वाह गर्ने भूमिका उजागर गरेको छ।

हरिपुर-२ का दलित युवाहरूसँग भएको समूहकेन्द्रित छलफलका क्रममा जातीय भेदभावविरुद्ध परिवारका ज्येष्ठ सदस्यहरूमा यसबारे चेतना जगाउने उनीहरूको प्रयासबारे बताए। उनीहरूले जातीय भेदभावलाई प्रश्रय दिने सामाजिक कार्यक्रम बहिष्कार गर्ने पनि बताए। यी अभियानले सामाजिक न्याय, समानता र मानव अधिकारका विषयलाई समर्थन गर्छन्। सामाजिक सञ्जाल, रचनात्मक कला र सामुदायिक संलग्नताको नवीनतम प्रयोगमार्फत मधेसी युवाले समुदाय परिचालन गरी महत्त्वपूर्ण चुनौतीहरूबारे चेतना जगाउन सक्षम भएका छन्। चाहे लैङ्गिक समानताको वकालत गर्ने होस्, भेदभावविरुद्ध लड्ने होस् वा वातावरणीय सरोकारका मुद्दा सम्बोधन गर्ने होस्, उनीहरूका अभियानले स्थानीय समुदायको ध्यान तानेका छन्, आवाज प्रतिध्वनित भएका छन् र परिवर्तनका लागि प्रेरणादायी रचनात्मक वार्तालाप सुरु गरेका छन्। यी पहल युवाहरूको जोश र प्रतिबद्धताले कसरी अर्थपूर्ण रूपान्तरण गर्न सक्छन् भन्ने सशक्त उदाहरण हुन्।

---

[41] MOWCSC Nepal, 'A Progressive Journey to Gender Equality and Women's Empowerment', Accessed September 19, 2023, https://shorturl.at/fmWZ2
[42] PEI Centre, 'Manika Jha', Accessed September 19, 2023, https://pei.center/manika-jha

### ५.२.३ मानव अधिकार संस्कृतिलाई बढावा दिन अन्तरपुस्ता संवादलाई प्रोत्साहन

युवा नेतृत्व पहल र उनीहरूको जोश जसरी निर्विवाद छ, उसैगरी अन्तरपुस्ता संवादको महत्त्वलाई पनि कम आँक्न सकिँदैन । पुस्ताहरूबीचको खाडल कम गर्नाले मानव अधिकारको समग्र बुझाइलाई बढाउँछ र अनुभव, बुद्धि र दृष्टिकोणहरू साटासाट गर्नलाई मञ्च पनि प्रदान गर्छ । मधेसी युवाहरूले पुरानो पुस्तासँग भएको ज्ञानको निष्क्रिय प्राप्तकर्ताका रूपमा नभई मानव अधिकारको संस्कृति निर्माणमा सक्रिय साझेदारका रूपमा संलग्न हुनुको महत्त्व स्वीकार गरेका छन् । ४ वटै जिल्लाका युवा समूहसँगको समूहकेन्द्रित छलफलले जातीय भेदभाव, मानव अधिकार, राजनीतिक सक्रियता र अन्य विविध विषयमा अन्तरपुस्ता संवादको महत्त्व उल्लेख गरेका छन् । त्यस्ता संवादले विविध दृष्टिकोण आदान-प्रदानलाई सहज बनाउँछन्, सामूहिक विकासका लागि नवीनतम् समाधान विकास गर्छन् र मानव अधिकारको लडाइँ अन्तरपुस्ताको साझा प्रयास हो भनी सुनिश्चित गर्छन् ।

अन्त्यमा, मानव अधिकारका सवालमा फसेको समाजलाई बाहिर निकाल्न मधेसी युवाको सम्भावना निर्विकल्प छ । उनीहरूका पहल, अभियान र अन्तरपुस्ता संवादहरू परिवर्तनका लागि उनीहरूको चाहना, दृढता र क्षमताका प्रमाण हुन् । युवाहरूको नेतृत्वमा भएका गतिविधि र गतिशीलतालाई सदुपयोग गरेर, सामाजिक न्यायका लागि उनीहरूका अभियानहरूको प्रभाव पछ्याउँदै र अन्तरपुस्ता संवादलाई बढाएर मधेसले मानव अधिकारको मूल्य/मान्यतालाई समर्थन गर्ने संस्कृति विकास गर्न सक्छ । यो थप समतामूलक र अधिकार-सम्मान गर्ने समाजतर्फको यात्रामा अर्को एक सहयोगी प्रयास हो । जहाँ युवाहरूको उत्साह र नवीनतासँग पुरानो पुस्ताको बुद्धि र अनुभवको संयोजन भइ दिगो परिवर्तनका लागि मार्ग प्रशस्त हुन्छ ।

## ५.३ सीमान्तकृत समुदाय

### ५.३.१ अधिकार दाबी गर्दै भविष्यलाई आकार दिने कार्यमा सीमान्तकृत समुदायहरू

मधेसका सीमान्तकृत समुदायहरूले लामो समयदेखि भेदभाव र बहिष्कार सामना गर्दै आएका छन् तर उनीहरूको लचकता र आफ्नो अधिकारका लागि दृढ सङ्कल्पले प्रेरणादायी परिवर्तनका उदाहरणहरू प्रस्तुत गरेको छ । प्रतिवदेनको यस खण्डमा सीमान्तकृत समूहहरूले कसरी आफ्नो अधिकारमा जोड दिएका छन्, यी समुदाय र नागरिक समाज सङ्गठनबीचको सामूहिक प्रयास र उनीहरूको सांस्कृतिक सम्पदाको संरक्षण र पहिचानको महत्त्व चित्रण गर्ने कथा समावेश छन् ।

### ५.३.२ सीमान्तकृत समुदायले आफ्नो अधिकार दाबी गर्ने उदाहरणहरू

सीमान्तकृत समुदाय अन्यायविरुद्ध उठेर आफ्नो अधिकार माग गर्दै आएका कथा बाहिर आउन थालेका छन् । पोखरीबाट माछा चोरेको झुटो आरोपमा तल्लो जातका एक पुरुषलाई प्रहरी हिरासतमा लगिएको घटना शहीदनगर नगरपालिकाकी दलित समुदायकी एक महिलाले बताइन् । उनले थप कुरा गर्दै आफू प्रहरी चौकीमा गएको, इन्स्पेक्टरसँग प्रत्यक्ष कुरा गरेको र निर्दोष व्यक्तिलाई रिहा गर्न माग गरेको बताइन् । उनले प्रहरीलाई आफ्नो सुरक्षाका लागि आवश्यक परे आफ्नो छाता पनि प्रयोग गर्न सक्ने चेतावनी दिइन् । उनी सही र गलतबारे प्रष्ट बोल्ने भएकाले स्थानीय जनप्रतिनिधिसमेत उनीसँग बोल्न डराउने गरेको पनि बताइन् ।

यी कथाले दलित, आदिवासी र अन्य सीमान्तकृत पृष्ठभूमिका व्यक्ति र समूहहरूले संरचनागत असमानताहरू सामना गरेका उदाहरण देखाउँछन् । भूमि अधिकार र शिक्षामा पहुँचको वकालत र स्थानीय शासनमा प्रतिनिधित्व माग गरेर यी समुदायले गहिरोरूपमा विद्यमान पूर्वाग्रहहरूलाई चुनौती दिएका छन् र समाजमा आफ्नो उचित स्थान पाउन लडिरहेका छन् । धनुषाको हरुवा/चरुवा समूहका अध्यक्ष तथा शहीदनगर नगरपालिकाका राजदेव बिनले हरुवा/चरुवा समुदायको चासो सरकारले सम्बोधन नगरे तराईका आठै जिल्लाका भूमिहीनलाई आन्दोलनमा उतार्ने आशय व्यक्त गरे । यी कथाले भेदभावको बन्धनबाट मुक्त हुने र सशक्तीकरणका मार्ग कोर्न अगाडि बढेका सीमान्तकृत व्यक्तिहरूको दृढता चित्रण गर्छ ।

### ५.३.३ सीमान्तकृत समूह र नागरिक समाज सङ्गठनबीचको सहकार्यमा जोड

सीमान्तकृत समुदाय र नागरिक समाज सङ्गठनबीचको सहकार्यले सीमान्तकृतहरूको आवाज व्यापक बनाउन र महत्त्वपूर्ण परिवर्तन ल्याउन प्रभावकारी भूमिका निर्वाह गरेको छ । यी समुदायको नेतृत्वमा स्थानीय स्तरमा भएका आन्दोलनले सामाजिक न्यायका लागि आफ्नो दृष्टिकोण राख्ने संस्थाहरूबाट समर्थन र वकालतमा साथ पाएका छन् । रणनीतिक साझेदारी, क्षमता विकास र सचेतना अभियानहरूमार्फत नागरिक समाज सङ्गठनहरूले सीमान्तकृत समूहहरूलाई अधिकार र समानताका लागि उनीहरूका माग विस्तार गर्न अवसर र मञ्च प्रदान गरेका छन् ।

राष्ट्रिय मानव अधिकार आयोग मधेस प्रदेशकी मञ्जु खड्का सीमान्तकृत समुदाय र महिलाको हक अधिकारका लागि सहयोग, मार्गदर्शन दिन र उनीहरूको लडाइँमा साथ दिने नागरिक समाजका संस्थाहरूले निर्वाह गरेको भूमिकाको प्रशंसा गर्छिन् । विवाहेत्तर सम्बन्ध जस्ता विभिन्न गलत आरोप लगाइ र हिंसा गरेपछि श्रीमानको घरबाट निस्कन बाध्य पीडित महिला र सीमान्तकृत समुदायका अन्य महिलालाई गैरसरकारी संस्थाले सहयोग गर्ने गरेका छन् । महिला पुनर्स्थापना केन्द्र (ओरेक) जस्ता संस्थाले घरेलु हिंसा वा लैङ्गिक हिंसाका पीडितलाई सुरक्षित बास उपलब्ध गराउँदै आएका छन् । यी सहकार्यले उत्पीडनको चुनौतीपूर्ण प्रणालीहरूविरुद्ध सामूहिक कार्य र वकालतको शक्तिमा जोड दिन्छ ।

### ५.३.४ सांस्कृतिक संरक्षण र मान्यताको महत्त्वलाई जोड दिँदै

सीमान्तकृत समुदायहरूका लागि उनीहरूको सांस्कृतिक संरक्षण र मान्यता, पहिचान र अधिकारलाई रक्षा गर्ने अभिन्न पक्ष हुन् । यी समूहको समृद्ध सांस्कृतिक सम्पदा प्रायः प्रभावशाली भाष्यहरूमा समेटिने र मेटिने गर्छन् । भाषाविज्ञ पुनम मैथिली भाषाको दृष्टिकोणबाट सशक्तीकरणको पक्षमा केन्द्रित छन् । उनले मैथिली भाषा दलित, गरिब र

सीमान्तकृतको भाषा भएको उल्लेख गरिन् । उनले धनुषामा भएको जानकारहरूसँगको अन्तर्वार्तामा सहभागी भएर जनताको स्थानीय भाषा प्रदेशको कामकाजको भाषा हुनुपर्नेमा जोड दिइन् ।

स्थानीय भाषालाई कामकाजको भाषाका रूपमा प्रयोग गर्दा गरिब, कमजोर र सीमान्तकृत समुदायमा आत्मसम्मान र मर्यादाको भावना बढ्नेछ । सांस्कृतिक संरक्षणको महत्त्व बुझेर यी समुदाय आफ्नो सम्पदा, भाषा र परम्परालाई पुन: प्राप्ति गर्ने प्रयासमा सक्रिय छन् । यो सांस्कृतिक पुनरुत्थानले सीमान्तकृत नागरिकहरूलाई उनीहरूको पहिचानको भावना सुदृढ गर्न मात्र सशक्त बनाउँदैन, सांस्कृतिक अतिक्रमणद्वारा कायम गरिएको सीमान्तीकरणलाई पनि चुनौती दिन्छ ।

अन्त्यमा, मधेसका सीमान्तकृत समुदायका कथाहरू, असहजता स्वीकार्न सक्ने लचकता, सहकार्य र सांस्कृतिक पुनरुत्थानको चित्रण गर्ने शक्तिशाली उदाहरण हुन् । आफ्नो अधिकारदाबी गर्दै, नागरिक समाज संस्थाहरुसँग संलग्न भएर र आफ्नो सांस्कृतिक सम्पदाको संरक्षण गर्दै यी समुदाय सीमान्तीकरणको कथा पुन: लेखिरहेका छन् । सशक्तीकरण र परिवर्तनतर्फ उनीहरूको यात्रा सामूहिक कार्यको प्रभाव हो र मौन हुन अस्वीकार गर्नेहरूको अदम्य साहसको प्रमाण हो । यी उदाहरण प्रकाश पारेर, सामूहिक प्रयासहरूलाई जोड दिएर र सांस्कृतिक सम्पदाको महत्त्वलाई मान्यता दिएर मधेसले सबै नागरिकको अधिकार रक्षा गर्ने बलियो समावेशी र न्यायपूर्ण समाजका लागि मार्ग प्रशस्त गर्न सक्छ ।

# अध्याय ६ : नागरिक स्थल र सहभागितामूलक सुशासन

## ६.१ नागरिक स्थल र सुशासन

नागरिक स्थल भनेको त्यस्तो वातावरण हो जहाँ नागरिक एकल वा समूह बनाएर वा 'नागरिक स्थल अभियन्ता' का रूपमा समाजको राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक जीवनमा अर्थपूर्णरूपमा भाग लिन्छन् । खुला, सभ्य र सुरक्षित वातावरणमा सशक्त नागरिक स्थल फस्टाउँछ जहाँ अनलाइन वा अफलाइन जस्ता कुनै प्रकारका धम्की, उत्पीडन र प्रतिशोधका कार्य हुँदैनन् *(सिभिक स्पेसको संरक्षण र प्रवर्द्धनमा संयुक्त राष्ट्र निर्देशन) ।* नागरिक स्थलले अभिव्यक्ति र विचारको स्वतन्त्रताका साथै शान्तिपूर्ण भेला र संस्थाहरु खोल्न पाउने स्वतन्त्रतालाई बलियो बनाउने र प्रजातन्त्र तथा सहभागितामूलक शासनका लागि आधार बनाउँछ । यसले नागरिक समाज र नागरिक अभियन्ताको फराकिलो दायरामा लोकतन्त्र, समावेशी सहभागिता, सुशासन र मानव अधिकार प्रत्याभूतिका लागि स्वायत्तरूपमा काम गर्न सक्षम बनाउँछ । त्यसैगरी उनीहरूलाई असर गर्ने, लाभ बाँडफाँटमा आवाज उठाउने, निर्णय गर्ने नागरिक अधिकारमा सहभागितामूलक सुशासन आधारित हुन्छ । नागरिकलाई एकताबद्ध गर्ने, नागरिक स्थलमा सुधार गर्ने, मानव अधिकार र मौलिक स्वतन्त्रताको संरक्षण र प्रवर्द्धन गर्ने, समावेशी समाज निर्माण गर्ने, विविधतालाई स्वीकार्ने र निर्णयमा अर्थपूर्ण सहभागिताका लागि सहभागितामूलक सुशासन लागु गरिएको हो ।

दक्षिण एसियाले नागरिक स्थल बन्द भएको अनुभव गरिरहेका बेला नेपालमा भने यो अस्तित्वमा छ ।[43] तथापि सिभिकस मनिटरले नागरिक स्थलमा अवरोध भएको उल्लेख गरेको छ ।[44] गोथेनबर्ग विश्वविद्यालयको भि-डिइएम (प्रजातान्त्रमा विविधता) संस्थानले आफ्नो लोकतन्त्र प्रतिवेदन २०२३[45] मा पत्ता लगाएको छ कि लोकतन्त्रमा विश्वव्यापी गिरावटको रूप एशिया-प्रशान्त क्षेत्रमा सबै भन्दा स्पष्टसँग देखिएको थियो जुन पछिल्लो पटक १९७८ मा रेकर्ड गरिएको स्तरमा फर्किएको छ । तर नेपालले २०१२ को 'निर्वाचक निरङ्कुशता' को स्थितिबाट २०२२ मा 'चुनावी लोकतन्त्र' मा प्रगति गरेको र पछिल्लो दशकका शीर्ष १० प्रजातन्त्रवादी देशहरूमा स्थान ओगटेको छ । सन् २०२३ को प्रतिवेदनले लिबरल डेमोक्रेसी इन्डेक्समा नेपाललाई १७९ देशमध्ये ६२औँ[46] स्थानमा राखेको छ । तर नेपालमा फराकिलो नागरिक स्थललाई खतरामा पार्ने ठूला घटनाह भएका छन् । स्वतन्त्र सञ्चार माध्यममा प्रतिबन्ध लगाउने, अख्तियारको धम्की, शक्तिको दुरुपयोग, अभिव्यक्ति स्वतन्त्रताको प्रयोग गर्नेमाथि कारबाही, शान्तिपूर्ण भेला हुन अवरोध र संस्थाहरु खोल्न अहसजता,[47,48] मौलिक हक र स्वतन्त्रताको संरक्षण र प्रवर्द्धनका लागि धेरै खतरा हुन् ।

तथ्य-खोजी मिसनले अनुसन्धान गरेका क्षेत्रहरूमा सञ्चार जगत् पक्षपाती र विभेदकारी भएको आरोप लगाइएको छ । नेपाल पत्रकार महासङ्घ सर्लाहीका अध्यक्षले पत्रकारिताले अहिले सीमान्तकृत र बहिष्कृत समूहको हितको प्रतिनिधित्व गर्न वा आवाजविहीनहरूको आवाजका रूपमा काम गर्न नसकेको बताए । उनले केही स्थानीय पत्रपत्रिका केही राजनीतिक दल वा व्यक्तिको मुखपत्र भएको आरोप लगाए । स्थानीय तहमा मेयर वा राजनीतिक दलको प्रचारप्रसार गर्ने धेरै पत्रपत्रिका छन्, त्यसैले उनीहरूको रिपोर्टिङ पक्षपाती हुन्छ । त्यसैगरी स्थानीय तहका अधिकारीहरू पनि विपक्षी आवाज वा प्रश्नहरूप्रति अनुदार रहने गरेको पनि उनले बताए ।

नेपाल पत्रकार महासङ्घ रौतहटका अध्यक्षले पनि सोही कुरामा सहमति जनाएका छन् । केही राजनीतिक दलसँग पत्रकारको आबद्धताका कारण सञ्चार माध्यममा सेल्फ सेन्सरसिप (स्व-नियन्त्रण) भएको उनको भनाइ छ । यसबाहेक धेरैजसो सञ्चार माध्यमका कर्मचारी राजनीतिकरूपमा सङ्गठित छन् र तिनीहरूको व्यक्तिगत राजनीतिक उद्देश्य छ जसले गर्दा स्व-नियन्त्रण फस्टाइरहेको छ । सञ्चार माध्यमले प्रायः किसानको आवाजलाई पर्याप्तरूपमा प्रतिनिधित्व गर्दैन र पत्रकारहरूले समाजप्रतिको आफ्नो जिम्मेवारी पूर्णरूपमा बुझ्न सकेका छैनन् । फलस्वरूप, आमजनताले सञ्चार माध्यमबारे नकारात्मक धारणा राख्छन् । त्यसैगरी दलित, बाढीबाट प्रभावित सीमान्तकृत समुदाय, भूमिहीन व्यक्ति र हरुवा/चरुवाले पनि आफ्नो अभिव्यक्ति स्वतन्त्रतामा अवरोध भोग्नुपरेको उल्लेख गरेका छन् ।

## ६.२ अधिकार प्रवर्द्धन र संरक्षणमा नागरिक समाज संस्थाहरूको भूमिका

औपचारिक सङ्गठनहरू र व्यक्तिहरूको अनौपचारिक समूहहरू १९औँ शताब्दीदेखि प्रमुख सामाजिक आन्दोलनहरूका लागि महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आएका छन् । हालैका वर्षमा उनीहरूलाई नागरिक समाज संस्थाहरु (सिएसओज्) भनिन्छ र गैरराज्य अभियन्ताहरूका रूपमा चित्रण गरिन्छ जसको उद्देश्य न नाफा कमाउनु हो न त शासन शक्तिमा भाग खोज्नु नै हो । साझा लक्ष्य र सरोकारहरू अगाडि बढाउन नागरिक समाज संस्थाहरुले नागरिकलाई एकताबद्ध गर्छन् । अन्तर्राष्ट्रिय र स्थानीय स्तरहरूमा, नागरिक समाज संस्थाहरु नागरिकको दैनिक जीवन र विकासलाई प्रत्यक्षरूपमा असर गर्ने गतिविधि, निर्णय प्रक्रिया र सुशासनका लागि काम गर्छन् । विशेषगरी एसिया र प्रशान्त क्षेत्रमा, अधिकांश सरकारले आआफ्नो देशको विकास प्रक्रियामा नागरिक समाजको भूमिकालाई मान्यता दिएका छन् । यद्यपि देशको शासनशैलीअनुसार नागरिक संस्थाहरुको वास्तविक संलग्नता र भूमिका फरक-फरक हुन्छ ।[49]

नागरिक समाज संस्थाहरुले नागरिक स्थल संरक्षणका लागि वकालत गर्न विभिन्न रणनीति प्रयोग गर्छन् । तिनीहरू धेरैजसो मोर्चामा आबद्ध भएर काम गर्छन् । शक्तिका आधारमा विभिन्न औपचारिक संस्थाहरु र अनौपचारिक मञ्चहरू, जस्तै- गठबन्धनहरू, सञ्जालहरू, अभियानहरू र आन्दोलनहरूको उपयोग गर्छन् । उनीहरूले

[43] Das, Ajay., O'Donnell, Carolyn., Ma, Stephanie., 'Nepal Gains Ground in Civic Space Efforts', September 22, 2023 https://asiafoundation.org/2023/06/28/nepal-gains-ground-in-civic-space-efforts/
[44] My Republica, CIVICUS rates Nepal's civil space as 'obstructed', Accessed September 19, 2023, https://myrepublica.nagariknetwork.com/news/civicus-ratesnepal-s-civil-space-as-obstructed/
[45] V-Dem Institute, 'Democracy 2023 Report', Accessed September 19, 2023, https://shorturl.at/fgAV6
[46] Das, Ajay., O'Donnell, Carolyn., Ma, Stephanie., 'Nepal Gains Ground in Civic Space Efforts', June 28, 2023, https://asiafoundation.org/2023/06/28/nepal-gains-ground-in-civic-space-efforts/
[47] Amnesty International, "Nepal 2022", Accessed September 5, 2023, https://shorturl.at/eBCS2
[48] Khatiwada, Nishan., 'Nepali State's Commitment To Free Speech In Doubt', The Kathmandu Post, March 24, 2023, https://shorturl.at/iqBQ1
[49] Successful Engagement with Civil Society Organizations, Accessed September 23,2023, https://www.adb.org/sites/default/files/evaluation-document/35836/files/ll-cso.pdf

सरकारलाई विभिन्न विकास परियोजनामा सहभागितामूलक दृष्टिकोणहरू लागु गर्न र कार्यान्वयन गर्न पनि सहयोग गर्छन् ।[50] लोकतन्त्रको रक्षा गर्न नागरिक समाजको महत्त्वपूर्ण भूमिका हुन्छ ।[51] नागरिक समाज संस्थाहरुले सरकारलाई तल्तो तहका नागरिकका आवश्यकता पहिचान गर्न, समस्याहरू बुझ्न र समाधानमुखी सिफारिस गर्न महत्त्वपूर्ण अनुसन्धान पनि गर्छ । उनीहरूले नागरिकलाई आफ्ना आवाज सुनिने र सबैको अधिकारको सम्मान हुने वातावरण सुनिश्चित गर्न कानुनी सहयोगसमेत उपलब्ध गराउँछन् ।

उनीहरूले समुदायका सदस्यलाई वातावरणको संरक्षण, भ्रष्टाचार रोक्न र मानव अधिकारको संरक्षण गर्ने उद्देश्यले बनाएका कानुन र कानुनी प्रावधानहरूको जानकारी दिएर सशक्त बनाउन सक्छन् । नागरिक समाजका अभियन्ताहरूले कानुनी शासनको अधिनमा रही मानव अधिकारको प्रवर्द्धन गर्न, दिगो विकास सुनिश्चित गर्न, महिला र युवाहरूलाई सशक्तीकरण गर्न, गरिबी उन्मूलन गर्न, शान्ति र सुरक्षा कायम गर्न ज्ञान फैलाउन र नयाँ सिप तथा तरिकाहरू पनि सिकाउँछन् ।[52]

विश्वका अन्य भाग जस्तै नेपालमा पनि नागरिक समाज संस्थाहरुले सन् १९९० को दशकदेखि विकासमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन् । विभिन्न चुनौती भोग्दै पनि स्वास्थ्य, शिक्षा, पूर्वाधारमा सुधारका लागि योगदान गर्नुका अलावा, नागरिक समाज संस्थाहरुले लोकतन्त्र, नागरिक स्थल र मानव अधिकारको स्थितिमा सुधार गर्न मद्दत गरेको छ । आफू खतरामा परेर पनि नागरिक समाज संस्थाहरुले प्रजातन्त्र, समावेशिता र मौलिक अधिकार संरक्षणमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन् ।[53] अनुसन्धानका क्रममा सर्लाहीकी रम्भा झा जस्ता मानव अधिकार रक्षकहरूले अन्यायमा परेका अरू महिलाको अधिकारका लागि काम गर्दा कहिलेकाहीँ आफ्नै शारीरिक सुरक्षा र मानसिक स्वास्थ्यमा खतरा हुने उल्लेख गरेका छन् । यद्यपि, एक मानव अधिकार  रक्षकका रूपमा उनी नेपाल प्रहरीलाई साथ लिएर हत्या, आत्महत्या वा महिलाको मानव अधिकार उल्लङ्घनका घटनाहरूको अनुसन्धान गर्छिन् । त्यसैगरी मधेस प्रदेशमा महिला तथा सीमान्तकृत समुदायको मौलिक हक संरक्षणका लागि धेरै काम गर्न बाँकी भए पनि विभेदकारी व्यवहारविरुद्धको अभ्यास, महिला र सीमान्तकृत समुदायका अधिकारसम्बन्धी सचेतनामा सामान्य सुधार भएको सहभागी महिलाले बताएका छन् ।

### ६.३ सफल नागरिक संलग्नता, अग्रणी महिला, युवा र सीमान्तकृत समूहहरू

सामान्यतया नागरिक स्थलले सामाजिक तथा कानुनी रूपान्तरणको दायरा फराकिलो बनाएको छ । जसमा सबै भन्दा प्रमुख उदाहरण हो- नागरिकता विधेयक संशोधन र 'मिटर ब्याज' को मामला । महिला, व्यक्ति र औपचारिक तथा अनौपचारिक संस्थाहरूले नागरिकता संशोधन विधेयक अनुमोदन गर्न सरकारलाई दबाब दिन सकेका थिए जसले गर्दा बालबालिकाले आमामार्फत नागरिकता पाउने हक समेटिएको थियो । त्यसैगरी मिटर ब्याज अभ्यास, जसलाई 'चक्रवृद्धि ब्याज' पनि भनिन्छ, यसले ऋण र वित्तीय कारोबारहरूमा अत्यधिक वा शोषणात्मक ब्याज दरहरू लागु गर्ने अभ्यासलाई बुझाउँछ ।

यो हिंस्रक र ब्याजखोर प्रथा मधेसमा, विशेषगरी अति गरिब र जोखिममा परेका समुदायहरूमा व्यापकरूपमा प्रचलित छ । साहूहरूको असहज दबाबका बाबजुद पीडितहरू नागरिक समाज संस्थाहरुको सहयोगमा शान्तिपूर्ण र कानुनी माध्यमबाट उनीहरूविरुद्ध लडिरहेका छन् ।

यस अनुसन्धान क्षेत्रमा सामुदायिक आत्मनिर्भर सेवा केन्द्र (सिएसआरसी) ले हरुवा/चरुवालाई आफ्नो अधिकार बुझाउन महत्त्वपूर्ण भूमिका निर्वाह गरेको शहीदनगर नगरपालिकाका राजदेव बिन बताउँछन् । वडास्तरीय योजना छनोट प्रक्रिया जस्ता लोकतान्त्रिक अभ्यासहरू पालना भएका, महिला तथा अपाङ्गता भएका व्यक्तिहरूको संस्थाहरु र गैरसरकारी संस्थाहरू सक्रिय रहेका क्षेत्रमा दुर्गम क्षेत्रमा भन्दा महिलाहरू बढी नै मुखरित रहेका देखियो । शहीदनगर नगरपालिका र धनौजी नगरपालिकामा यो भिन्नता देखिएको छ ।

तथापि धेरै स्थानीय र अनुसन्धान क्षेत्रका सूचनादाताहरू मधेसको नागरिक स्थलबाट सन्तुष्ट छैनन् । प्रायः नागरिक समाज संस्थाहरुलाई पक्षपाती र भ्रष्ट भएको आरोप लाग्नाले पनि जनताले नागरिक स्थलप्रतिको विश्वास गुमाउँदैछन् । केही व्यक्तिले बताएअनुसार मधेसमा सयौँ नागरिक समाज संस्थाहरुको उपस्थिति र तिनीहरूको संलग्नता भए पनि महिला, युवा र सीमान्तकृत समुदायको स्थितिमा सुधार वा रूपान्तरण भनेजस्तो गरी भएको छैन । महिला र सीमान्तकृत समुदायहरूले अझै पनि आफ्नो मानव अधिकार  र मौलिक स्वतन्त्रतामा प्रतिबन्ध लगाउने परम्परागत बन्धनहरू फुकाल्न सकेका छैनन् । निजी र सार्वजनिक स्थानहरूमा युवाहरूको संलग्नता नगण्य छ । सन् १९९० देखि नागरिक समाज संस्थाहरुको व्यापक उपस्थितिका बाबजुद पनि यस्तो अवस्था छ ।

[50] Islam, Rabiul, 'Collaboration Between Government and Civil Society: Evidence from the Implementation of Land Reform Program in Bangladesh', Journal Of Humanities And Social Science, Accessed September 5, 2023,  https://shorturl.at/fuDZ3

[51] Supriadi, Ichal., 'The Will of Civil Society to Promote and Defend Democracy in Asia', CIVICUS, Accessed September 5, 2023, https://shorturl.at/hxMST

[52] UNODC, 'Act 4 Rule of Law', Accessed September 5, 2023, https://shorturl.at/qHKMV

[53] Civil Society in a Federal Nepal: A Landscape Study, Accessed September 23,2023, https://www.britishcouncil.org.np/sites/default/files/nepal_cso_landsape_study_final_report.pdf

# अध्याय ७ : सुझाव तथा सिफारिस

## ७.१ नीतिगत सिफारिसहरू

नगरपालिका र बस्ती स्तरमा महिला, युवा र सीमान्तकृत समुदायहरूको मौलिक अधिकारबारे चेतना फैलाउन निरन्तर प्रयास गर्नुहोस्।

- महिला, युवा र सीमान्तकृत समूहहरूको अधिकार सुनिश्चित गर्न प्रादेशिक र स्थानीय तहमा उपयुक्त संयन्त्रहरू स्थापना गरी विद्यमान संयन्त्रहरूलाई अगाडि बढाएर विद्यमान कानुन र नीतिहरूको प्रभावकारी कार्यान्वयनमा जोड दिनुहोस्।
- आम सञ्चार माध्यम, नागरिक समाज र निजी क्षेत्रसँग साझेदारी गरी विद्यमान कानुन, नीतिहरू र प्रावधानसम्बन्धी जानकारी र सचेतनामूलक सामाजिक सञ्जाल अभियान सुरु गर्नुहोस् ताकि महिला, युवा र सीमान्तकृत समुदायहरूले यी प्रावधानमा पहुँच गर्न सक्नेछन् र त्यस्तो बेलामा आफूले कसलाई भेट्ने भन्ने थाहा पाउनेछन्।
- लिङ्ग, जाति र अन्य पहिचानमा आधारित भेदभावलाई स्पष्टरूपमा निषेध गर्ने र सबै नागरिकका लागि समान अधिकार र अवसरहरू सुनिश्चित गर्ने आवश्यक कानुनहरूलाई प्रभावकारीरूपमा लागु गर्नुहोस्।
- घरेलु हिंसा निषेध गर्ने वर्तमान कानुनहरूको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्नुहोस्।
- 'कानुनको शासन' मा कानुन सबैका लागि बुझ्ने र पहुँचयोग्य हुनुपर्छ। कानुनी शासनमा कुनै पनि व्यक्तिको जातीय पहिचान वा राजनीतिक आबद्धता गौण हुन्छ र सबैमा समानता हुनुपर्छ भन्ने कुरा सुनिश्चित गर्न जोड दिनुहोस्।
- लागु गरिएका कानुनको प्रभावकारिता र सीमान्तकृत समूहहरूमा तिनीहरूको प्रभाव मूल्याङ्कन गर्नका लागि नियमित छानबिन तथा पृष्ठपोषण संयन्त्र स्थापना गर्नुहोस्। यसका लागि पालिकास्तरीय न्यायिक समितिको निर्णय प्रक्रिया र पीडितलाई न्याय दिलाउने काम उदाहरणीय हुन सक्छ।
- सकारात्मक कार्य सिद्धान्तअनुसार महिला, युवा र सीमान्तकृत समुदायहरू, विशेषगरी एकल महिला, दलित, हरुवा/चरुवा र पीडितहरूको अर्थपूर्ण प्रतिनिधित्वलाई प्रादेशिक र स्थानीय सरकारका निर्णायक निकायहरूमा प्रवर्द्धन गर्नुहोस्।
- मौलिक स्वतन्त्राताहरू र उनीहरूको संलग्नतासम्बन्धी दृष्टिकोण र पृष्ठपोषण सङ्कलन गर्न सरकारी अधिकारीहरू र सीमान्तकृत समुदायका प्रतिनिधिहरूबीच नियमित संवादलाई सहजीकरण गराउनुहोस् ताकि उनीहरूका अद्वितीय चुनौतीहरूलाई सम्बोधन गर्न र सूचित नीति निर्माण गर्नमा योगदान पुग्न सकोस्।
- लैङ्गिक हिंसा, जातीय भेदभाव र अन्य मानव अधिकार उल्लङ्घनका मुद्दाहरूलाई छिटो र निष्पक्ष न्याय सुनिश्चित गर्न विशेष अदालत वा संयन्त्रहरू स्थापना गर्नुहोस्।
- न्यायिक हस्तक्षेपहरूको प्रभावकारिता मूल्याङ्कन गर्न र न्याय प्रदान गर्नमा भएका कुनै पनि कमी/कमजोरी पहिचान गर्नका लागि मूल्याङ्कन प्रक्रियाको थालनी गर्नुहोस्। यो अन्तरक्रियात्मक दृष्टिकोणले न्याय प्रणालीको जवाफदेहिता र उत्तरदायित्व बढाउँछ।
- अभिव्यक्ति स्वतन्त्रता, शान्तिपूर्ण भेला र संस्थाहरुको अधिकार रक्षा गरेर नागरिक स्थलको संरक्षण र प्रवर्द्धन गर्नुहोस्।
- नागरिक र अधिकारीहरूबीच खुला संवादलाई सहज बनाउने नीतिहरू विकास गर्नुहोस्।
- नागरिक संलग्नता बढाउन र महिला, युवा र सीमान्तकृत समुदायका सरोकारहरूलाई सम्बोधन गर्न त्यस्ता नीतिहरूको प्रभाव निर्धारण गर्न नीति र अनुगमन तथा मूल्याङ्कनका लागि एउटा संयन्त्र निर्माण गर्नुहोस्।
- सामाजिक सेवा कार्यक्रमहरूको प्रभावकारिता मूल्याङ्कन गर्न र आवश्यक समायोजन गर्नका लागि नियमित अनुगमन र मूल्याङ्कन आवश्यक हुन्छ।
- सामुदायिक सदस्यहरू र लाभार्थीहरूबाट प्रतिक्रिया सङ्कलन गर्नाले कार्यक्रमलाई मार्गदर्शन गर्न सक्छ र सेवाहरू सबै भन्दा बढी आवश्यक पर्नेहरूसम्म पुग्ने बाटो सुनिश्चित गर्न सक्छ।

## ७.२ महिला, युवा र सीमान्तकृत समुदायलाई सशक्त बनाउन स्थानीय सरकारका लागि सिफारिस रणनीति

- महिला, युवा र सीमान्तकृत समुदायहरूका लागि गुणस्तरीय शिक्षा सुनिश्चित गर्न लक्षित पहलहरू विकास गर्नुहोस्।
- सामाजिक र आर्थिक क्षेत्रमा सक्रियरूपमा सहभागी हुन सक्षम बनाउँदै उनीहरूको सिप र ज्ञान बढाउन छात्रवृत्ति कार्यक्रमहरू, व्यावसायिक तालिम, सल्लाह तथा मार्गदर्शन र अवसरहरू स्थापना गर्नुहोस्।
- परम्परागत सिप र शिल्प अभिवृद्धि गर्ने प्रविधिबारे जानकारी दिनुहोस् र तल्लो तहको उद्यमशीलतालाई प्रोत्साहन  गर्नुहोस्।

- जागरुकता अभियानहरू, कार्यशालाहरू र सिप-निर्माण सत्रहरूमार्फत सीमान्तकृत समूहहरूलाई सशक्त बनाउने समुदाय-नेतृत्व कार्यक्रमहरूलाई सहजीकरण गर्नुहोस्।
- सीमान्तकृत समूहहरूलाई स्थानीय सरकारका विभिन्न अन्तरक्रियात्मक कार्यहरूमा सक्रियरूपमा सहभागी हुन र सुसूचित र सङ्गठित अभियानहरूमार्फत उनीहरूको अधिकार वकालत गर्न सशक्त बनाउनुहोस्।
- डिजिटल साक्षरता प्रवर्द्धन गर्नुहोस् र विशेषगरी दुर्गम क्षेत्रमा महिला, युवा र सीमान्तकृत समुदायका लागि सूचनाको पहुँचलाई सहज बनाउनुहोस्।
- महिला, युवा र सीमान्तकृत समुदायलाई सूचित निर्णयहरू लिन, अनलाइन प्लेटफर्महरूमा संलग्न हुन र तिनीहरूका आवाज विस्तार गर्ने विधि र उपायहरूबाट सुसज्जित गर्नुहोस्।
- स्थानीय स्रोतहरूको योजना, अनुगमन र लाभ बाँडफाँटमा तल्लो तहमा रहेका महिला, युवा र सीमान्तकृत समूहहरूलाई स्थान उपलब्ध गराउनुहोस्।
- सीमान्तकृत समुदायहरूमाझ भूमिहीनतालाई सम्बोधन गर्न नीतिगत रूपरेखा विकास गर्नुहोस्।
- प्रकोप र बाढीपीडितहरूलाई सुरक्षित घर र आश्रयहरू सुनिश्चित गर्नुहोस्।
- युवाहरूलाई संलग्न गराउन निम्न दृष्टिकोणमा केन्द्रित हुनुहोस् :
  - सम्बन्ध/मेलमिलाप - तिनीहरूका लागि सुरक्षित र विश्वसनीय वातावरण बनाउने,
  - आत्मविश्वास - आफ्नै सिप र क्षमताहरूमा विश्वास गर्न सिकाउने,
  - दक्षता - प्रशिक्षण र अवसर दिने,
  -हेरचाह - उनीहरूलाई समाजप्रतिको आफ्नो प्रतिबद्धता महसुस गराउने,
  - चरित्र - उनीहरूको जिम्मेवारीको भावनाको विकास गराउने र
  - योगदान - नेता बन्नका लागि सहभागिता बढाउने ।

### ७.३ नागरिक समाज सङ्गठन, अन्तर्राष्ट्रिय निकाय र निजी क्षेत्रका लागि सिफारिस

- नागरिक समाज सङ्गठनहरूलाई महिला, युवा र सीमान्तकृत समूहहरूको अधिकारका लागि सामूहिकरूपमा वकालत गर्न सञ्जाल र गठबन्धनहरू बनाउन प्रोत्साहित गर्नुहोस्।
- महिला, युवा र सीमान्तकृत समुदायका विशेष मुद्दाहरूलाई सम्बोधन गर्ने र सीमान्तकृत आवाजहरू व्यापक बनाउन काम गर्ने परियोजनाहरूमा प्रान्तीय र स्थानीय सरकारसँग सहकार्य गर्नुहोस्।
- लैङ्गिक समानता, भेदभावरहित समाज, युवा सशक्तीकरण र सीमान्तकृत समूहहरूको मौलिक अधिकारहरूमा केन्द्रित पहलहरूलाई समर्थन र आर्थिक सहयोग गर्न र कोष बनाउन अन्तर्राष्ट्रिय निकायहरूलाई संलग्न गराउनुहोस्।
- स्थानीय समस्या तथा चुनौतीहरूलाई सम्बोधन गर्न अन्तर्राष्ट्रिय विज्ञता तथा साधन/स्रोतहरू ल्याउन साझेदारी पहल गर्नुहोस्।
- संयुक्त सामाजिक उत्तरदायित्वका सिद्धान्तहरूसँग मिल्नेगरी महिला, युवा र सीमान्तकृत समूहहरूमा केन्द्रित सामाजिक पहलहरूमा लगानी गर्न निजी क्षेत्रका संस्थाहरूलाई आग्रह गर्नुहोस्।
- वित्तीय र व्यावसायिक संस्थाहरूमार्फत महिला, युवा र सीमान्तकृत समूहहरूसँग साझेदारी प्रवर्द्धन गर्नुहोस् जसले सिप विकास, उद्यमशीलता, रोजगारीका अवसरहरू सिर्जना गर्छ र सीमान्तकृत व्यक्तिहरूका लागि सरसल्लाह र मार्गदर्शन गर्छ।
- वित्तीय संस्था र आर्थिक तथा व्यापारिक क्षेत्रहरूमा गरिब समर्थक नीति विकास गर्न पहल गर्नुहोस् जसमार्फत तल्लो तहका महिला, युवा र सीमान्तकृत समुदायको ज्ञान र विशेषज्ञता प्रयोग गर्न सकिन्छ।

# अध्याय ८ : निष्कर्ष

मधेसको सन्दर्भमा मानव अधिकार, मौलिक स्वतन्त्रता र नागरिक स्थलको जटिल यात्राले महिला, युवा र सीमान्तकृत समूहहरूले सामना गर्नुपरेका गहिरो चुनौतीहरूलाई प्रकाश पारेको छ। गुणात्मक र व्यापक अनुसन्धानबाट यो अध्ययनले समावेशी र न्यायपूर्ण समाज निर्माणमा यी तत्त्वले निर्वाह गर्ने महत्त्वपूर्ण भूमिका बुझाउन मद्दत गर्छ। अनुसन्धानका मुख्य निष्कर्षहरूलाई दोहोऱ्याएर, तिनको महत्त्व बुझाउने र काम कारबाहीका लागि तत्काल कार्य सम्पादन गरी सामूहिक प्रयास, नीतिगत सुधार र मानव अधिकारप्रतिको साझा प्रतिबद्धताले सामाजिक प्रगतिको बाटो प्रशस्त भएको प्रष्ट हुन्छ।

यस अध्ययनमा भएका अनुभवजन्य दृष्टिकोण र संवादहरूबाट निस्किएका कथाहरूले मधेसको सामाजिक-सांस्कृतिक परिदृश्यमा महिला, युवा र सीमान्तकृत समूहहरूको निर्णायक भूमिकालाई जोड दिन्छ। व्यापक असमानता, लैङ्गिक पूर्वाग्रह र सीमित अवसरहरूको वास्तविक यथार्थहरूलाई प्रकट गर्दै तिनीहरूका अनुभव, सङ्घर्ष र आकाङ्क्षाहरू खुला राखिएको छ। महिलाका कथाहरूले प्रणालीगत चुनौतीहरूले भरिएको लैङ्गिक समानतातर्फको कठिन यात्रालाई प्रतिविम्बित गर्छ। अर्कोतर्फ, युवाहरू सार्थक संलग्नता, गुणस्तरीय शिक्षा र उपयुक्त रोजगारीमार्फत आफ्ना सम्भावना बाहिर ल्याउने मञ्च चाहन्छन्। सीमान्तकृत समुदायले ऐतिहासिक भेदभावको भार बोकेर सीमान्तीकरणको साङ्लोबाट मुक्त हुन समावेशी नीति र सांस्कृतिक मान्यताको आवश्यकतामाथि जोड दिन्छन्। यी निष्कर्षले सामूहिकरूपमा मधेसमा मानव अधिकार, मौलिक स्वतन्त्रता र नागरिक आन्दोलनबीचको अन्तरसम्बन्धलाई नियमन गर्ने जटिल गतिशीलतामा जोड दिन्छ।

निष्कर्षहरूले समावेशी र न्यायपूर्ण समाज विकासमा मानव अधिकार, मौलिक स्वतन्त्रता र नागरिक स्थलले निर्वाह गर्ने अपरिहार्य भूमिकाहरूलाई अत्यन्त स्पष्टताका साथ प्रष्ट्याएको छ। यी केवल सैद्धान्तिक कल्पना मात्र होइनन्, समतामूलक समाज निर्माणका आधार हुन्। महिला सशक्तीकरण, युवाहरूको सक्रिय सहभागिता र सीमान्तकृत समुदायका अधिकारको मान्यता ऐच्छिक प्रयासहरू होइनन्, तिनीहरू समृद्ध समाजका आधारभूत सिद्धान्त हुन्। यी तत्त्वले परिवर्तनका आकाङ्क्षाहरूमा प्राण भर्छ, अवरोधहरू हटाउँछ र व्यक्ति-व्यक्तिबीचको विविधता फस्टाउनका लागि अनुकूल वातावरण स्थापना गर्छ।

मधेसको सामाजिक संरचनाका जटिलताहरूलाई कमजोर बनाउन निष्क्रिय अवलोकन भन्दा बढी सक्रिय हस्तक्षेप आवश्यक छ। विचार र चिन्तनमा बढी समय लगाउनुको सट्टा वर्तमान अवस्थामा यस प्रतिवेदनले उल्लेख गरेका सिफारिसलाई मूर्त र यथार्थरूपमा रूपान्तरण गर्ने दृढ कार्यहरू गर्नु आवश्यक छ।

अधिकार संरक्षण र न्याय सुनिश्चित गर्न सरकारले कानुनी संरचना बलियो बनाउनुपर्छ। नागरिक समाज संस्थाहरूले सम्बन्धित अधिकारीहरूलाई जवाफदेही बनाउन सशक्त पैरवीमार्फत आफ्ना प्रयास केन्द्रित गर्नुपर्छ। अन्तर्राष्ट्रिय निकायहरूसँग स्रोत र विशेषज्ञताको सदुपयोग गर्दै सहयोग प्रदान गर्ने क्षमता छ। निजी क्षेत्रले सबै भन्दा सीमान्तकृतहरूलाई माथि उठाउने पहलहरूमा लगानी गरेर आफ्नो सामाजिक उत्तरदायित्व पूरा गर्ने क्षमता राख्छ। नागरिकहरूले व्यक्तिगतरूपमा परिवर्तनका लागि उत्प्रेरक बन्नुपर्छ, अर्थपूर्ण संवादमा संलग्न हुनुपर्छ, प्रगतिको वकालत गर्नुपर्छ र समावेशी संस्कृतिको विकास गर्नुपर्छ।

